रिष्यसि ॥ ततः स्वधर्मं कीर्तिं च
हित्वा पापमवाप्स्यसि ॥ ३३ ॥ अ
कीर्तिंचापि भूतानि कथयिष्यन्ति
तेऽव्ययाम् ॥ संभावितस्यचाकीर्ति
र्मरणादतिरिच्यते ॥ ३४ ॥ मया

यस्तो युद्ध पुण्य आत्मा क्षत्रिहरूपाउँछन ॥३२॥
जो कदाचित् यो धर्मरूप लडाञिलाई गर्दैनौ
भने न गर्नाले स्वधर्म कीर्तिलाई पनो छोडी
पापमात्र पाउला ॥ ३३ ॥ औ मनुष्य तिम्रो
अव्यय अकीर्ति पनि भन्छन् त्यो अकीर्ति
संभावित पुरुष लाई मर्नुभन्दा अधिक छ
॥ ३४ ॥ श्रीकृष्णजीले अर्जुनको अभिप्राय

द्रणाद्धुरपरतं मन्यन्ते त्वां महार थाः ॥ येषां च त्वं बहुमतोभूत्वायायास्यसि लाघवम् ॥ ३५ ॥ अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवा-

---

जानेकि जो म दाज्यु भाईको प्रेमले दयाले लडीन भन्या अकीर्ति कसोरी होला तेस्मा भन्छन् न युद्ध गर्नाले निन्दागर्नामा योग्य हलुका होला ॥ ३५ ॥ तिनै महावरथी शत्रु तिमिलाई डरले लडाञि गरेरनन् भन्न्या यस्ता भन्नन् बिनी तिम्रा शत्रु तिम्रोसामर्थको निन्दा गर्न्यामयाका धेरै दुर्वाच्य बोल्नन् अर्थात् का तर रहेछन् शोभाका निमित्त ढाल तलवार बाद्धा रहेछन् जस्तो स्त्रीहरू गहनामा सर्व श्रृंगार कुधिया को देखेर प्यारो मानी लगाउँछन् औ

❋ टी– अवाच्यवादानित जारयपुत्र हुन् जारपुत्तले लडाञिमा कहिले लड्न सकथे यो पनी भन्ने छन् मिथ्याको साँचो झैं हुँनेछ यस्कारणले अपकीर्ति नाश गर ॥

हिताः ॥ निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नुकिम् ॥ ३६ ॥ हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ॥ तस्मादुत्तिष्ठ कौन्तेय युद्धायकृतनिश्चयः ॥ ३७ ॥ सुख दुःखे समे कृत्वा लाभालाभौजया

प्रत्यक्ष सिंह सर्पलाई देखी भाग लो भागछन् तस्तैगरि भागे भन्ने जब येस्तोनिन्दा गर्नान् तव त्यो भन्दा ठुलो दुःख कुन्छ सो भन ॥३६॥ तेस्निन्दालाइ सुन्नु भन्दा संग्राममा मर्नु मार्ननै श्रेष्ठछ हे कुन्तीपत्र ! लडाईमा शत्रुले मास्यो भन्या पनी स्वर्ग पाउला जित्योभन्या पृथिवीको भोगगरौला तेस्कारणले युद्धकानिमित्त निश्चय गरेर उठ ॥ ३७ ॥ सुख दुःखलाई बराबर जानेर तस्तै लाभहानि जित्नु अर्कालेजित्नु बराबर फेरी युद्धका निमित्त तयारहौ यस्को

जयौ ॥ ततो युद्धाय युज्यस्वनै
व पापमवाप्स्यासि ॥ ३८ ॥ एषातेऽ
भिहिता सांख्ये बुद्धिर्योगे त्विमां
शृणु ॥ बुद्ध्या युक्तोयया पार्थ क-
र्मबन्धं प्रहास्यासि ॥ ३९ ॥ नेहाभि
क्रमना शोस्ति प्रत्यवायोन विद्य

पाप पाउनै भगवान श्रीकृष्णले यस्तो आत्मा स्वरूप देखायेर अब आत्मरूप ज्ञानपूर्वक मोक्ष साधन भयेको कर्मयोग भन्छन सो यसो कि हे पृथा पुत्र ! यो बुद्धि तिमिसित मैले सांख्य जो आत्मदेहको विवेक तेशमा भन्या औ येसलाई कर्म योगमा सुन ज्ञुनयोग बुद्धिले युक्त कर्मबंध जो संसार दुःख तेस्लाई छाडौला ॥ ३९ ॥ जो अवज्ञानयुक्त कर्म योग भन्न्याछ तेस्को महात्म्य भन्छन् योज्ञान युक्तकर्म योगमा अर्थात् निस्कामकर्मयोगमा प्रारम्भ कर्म को पनी नाश

ते । स्वल्पमप्यस्य धर्मस्य त्रायतेम हतो भयात् ॥ ४० ॥ व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ॥ बहुशाखाह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥ ४१ ॥ यामिमां पुष्पितां वा

छैन अर्थात प्रारम्भ गरियेको कर्म समाप्ति न भयापनी नाशहुँदैन निस्काम कर्म जन्ममरण रूप दुःखदेखि रक्षागर्छ ॥ ४० ॥ हे कुरुनन्दन् । व्यसाय नामा जो विष्णु तिन्मा छ मन जस्का यस्ता पुरुष को बुद्धि निष्कामकर्मैमा एक हुन्छ अर्थात मोक्ष साधन कै निमित्तछ जो अव्यवसाइ निमितछ जो अव्यवसाइ परमात्मा बिना अनेक पदार्थ पशु पुत्रादि मात्र चाहिनेछ तेस्कोबुद्धि घेरैछ अर्थात अनेककामनै मा लागछ तेस्मा पनी घेरै शाखा अर्थात एका एक गरि अनेक प्रकारको फलभोग् छन जस्तोपत्रार्थ यज्ञ साधन

चं प्रवदंत्यविपश्चितः ॥ वेदवादर
ताः पार्थ नान्यदस्तीति वादिनः ॥
॥ ४२ ॥ कामात्मानः स्वर्गपरा ज-
न्मकर्मफलप्रदाम् ॥ क्रियाविशेष
बहुलां भोगैश्वर्यगतिं प्रति ॥ ४३ ॥
भोगैश्वर्य प्रसक्तानां तयाऽपहृतचेत

धान्य आयुष्य आरोग्य माङ्नु तस्तै ॥ ४१ ॥
हे पृथापुत्र ! जो अज्ञानी मनुष्य वेदोक्त कर्म
ले स्वर्गादिफलहुन्छ स्वर्गसुखभन्दा अर्को सुख
छैन भन्न्याहरु का मनमा चितदिने हरुस्वर्गै
लाई श्रेष्ठ मान्छन ॥ ४२ ॥ जो मन्त्रालाई
मात्र र स्रो जन्म कर्म रूप फल दिने जस्मा
भोगऐश्वर्य का निमित्त धेरै कर्म साधनछन
॥ ४३ ॥ मनी जुन वेदवाणीलाई भन्छन् तेसै
वाणीले हरण भयाकोछ चित्त जस्का यसैकारण
ती भोगऐश्वर्यमा आसक्त रहन्छन तिन्का मन

साम् ॥ व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥ ४४ ॥ त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ॥ निर्द्वन्द्वो नित्यसत्वस्थो नियोग क्षेम आत्मवान् ॥ ४५ ॥ या

मा परमार्थ विषयबुद्धि हुदैन ॥ ४४ ॥ हे अर्जुन ! वेद त्रिगुण विषयमाछन् अर्थात् तीनगुण का कर्मैलाई कहन्छन् तिमी निर्द्वन्द्व अर्थात् सुख वा दुःख जय विजय प्राप्ति अप्राप्ति ई द्वन्द्वहुन् इन्देखी अलग् हो अर्थात् निर्द्वन्ददेखि जन्मका हर्ष सुखदेखि अलगहो मित्यसत्वस्थहो अर्थात् सात्विक कर्मगरी नियोगक्षेम अर्थात् कौने कुराको अभिलाषा औ पाया को यत्न ईश्वराधीनजान आत्मवान् अर्थात् परमात्मामा चित्तराख यस्तोभयेर निस्त्रैगुण्य हो अर्थात् कर्म फलको इच्छानगर ॥ ४५ ॥ जो भने कि वेद

वानर्थउदपाने सर्वतः संप्लुतोदके ॥
तावान्सर्वेषुवेदेषु ब्राह्मणस्यविजान-
तः ॥ ४६ ॥ कर्मण्येवाधिकारस्ते
मा फलेषुकदाचन ॥ मा कर्मफल
हेतुर्भूर्माते संगोऽस्त्वकर्मणि ॥ ४७ ॥

लेव तायाको कर्ममा तिमी सात्विककर्म गर तेसै लाई खुला गरेर भन्छन् जस्तो सर्बत्र थोरै जल ले भरियाको तलाऊ कुवा (कूप) मा मनुष्य लाई जति प्रयोजन रहन्छ ततिलिन्छन् तस्तै वेदजान्या हरुलाई सबवेदमा सामर्थवान् अर्थात् सात्विक कर्म गर्नु योग्य छ ॥ ४६ ॥ तिमिलाई कर्म गर्नैमा अधिकारछ फलमा छैन कर्मफलको कारण तिमिमा कोई समयमा पनी मति नहवस् तिमिलाई अकर्म मा अर्थात् स्वधर्म योग्य लडा ञिगर्नु पन्यो कर्ममा नगरु भन्न्या मति नहवस् ॥ ४७ ॥ हे अर्जुन ! सिद्धि असिद्धि ई दूवैमा

योगस्थः कुरुः कर्माणि संङ्गत्य क्त्वा धनंजय ॥ सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥ ४८ ॥ दूरेणह्यवरं कर्म बुद्धियोगा द्धनंजय ॥ बुद्धौ शरणमन्विच्छ

बराबर बुद्धि भयेर कर्मफलको सँग छोडर योग मा रह्याका कर्म गरेर सिद्धि असिद्धिमा जो बरोबर छ तसैलाई योग भनेकोछ अर्थात् चित्त स्थिर हुनेहुँनाले चित्तस्थिरहुने योग भनी कह्या को छ तेस्को तात्पर्य यो हो कि चित्तलाई साव धान गरेर युद्ध रूप जो आफ्नू धर्मरूप कर्म सो गरेर ॥ ४८ ॥ हे अर्जुन ! जो बुद्धियोगभन्दा अरु जेसुकै काम्यकर्म छ त्यो निश्चितगरेर अत्य-न्ततुच्छ छ तेस्कारणले बुद्धियोग जो निस्काम कर्म तेस्मा ईश्वरप्राप्ति र फलको इच्छा गर्न्या हरु कृपण हुन् किनभने अक्षरस्वरूप ब्रह्मकन

कृपणाः फलहेतवः ॥ ४९ ॥ बुद्धियु
क्तो जहातीह उभे सुकृतेदुष्कृते ॥
तस्माद्योगाय युज्यस्व योगः कर्म
सु कौशलम् ॥ ५० ॥ कर्मजं बुद्धि
युक्ताहि फलं त्यक्त्वा मनीषिणः ॥
जन्मबंधबिनिर्मुक्ताः पदं गच्छन्त्य
नामयम् ॥ ५१ ॥ यदा ते मोह

नजानेर स्वर्गमा जानाको इच्छा गर्छन् ॥४९॥
बुद्धि ले युक्त जो निस्काम कर्म गर्छ त्यो एसै
लोकमा सुकृति जो पुण्य दुष्कृति जो पापकर्म
ती दुबै लाई त्याग गर्छ येस्कारणले बुद्धि योग
जो निस्कामकर्म तेस्का निमित्त तयार हौ यो
जोग सबकर्मलाई कुशल कारक छ ॥ ५० ॥
जो बुद्धि युक्तछन् ती ज्ञानी कर्मदेखि जन्मेका
फल को त्यागगरेर जन्म बन्ध देखि मुक्त भया
को छँदा निश्चयगरेर मोक्षपदमा जान्छन्

कलिलं बुद्धिर्व्यतितरिष्यति ॥ तदा गंतासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥ ५२ ॥ श्रुतिविप्रतिपन्नाते यदास्थास्यति निश्चला ॥ समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥ ५३ ॥ अर्जुन उवाच ॥ स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केश

॥ ५१ ॥ जब तिम्रो बुद्धि मोहरूप दुःखलाई नाघला तब जो फलादि सुन्नमा योग्य छन औ जो सुनेकाछौ उस्मा वैराग्य प्राप्त होला ॥ ५२ ॥ जब तिम्रा बुद्धि श्रुतिमा गडबड भयाको छाडेर मैले दियाका उपदेशमा अधिक आसक्त निश्चयस्मा ठहर्ला तब योग पाउला ॥ ५३ ॥ यस्तो सुनेर अर्जुन भन्छन कि हे केशव । अर्थात सबका अन्तःकारणमा रहन्या भयाका हे ईश्वर!

व ॥ स्थितधीः किंप्रभाषेत किमा सीत व्रजेतकिम् ॥ ५४ ॥ श्रीभगवानुवाच ॥ प्रजहाति यदा कामान् सर्वान्पार्थ मनोगतान् ॥ आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥ ५५ ॥ दुःखेष्वनुद्विग्नमनाः

स्थिर बुद्धिभया का समाधिमा =यहाकाप्राणिका बचन कुनहो स्थिर बुद्धि कसोरी हुन्छ कसरी वस्छन् कसरी हिंड्छन् ? ॥ ५४ ॥ अब श्री कृष्ण भगवान् स्थिर बुद्धि हरूको स्वरूप भन्छन् तेसमा यस्तो न्याय छ कि इनि रीतले पनी स्वरूप निश्चय हुन्छ यस्कारणलेरइनि रीति भन्छन् हे अर्जुन! जब त्यो रहनि रीति जब आफ्ना मनले गरेरे आफैमा सन्तुष्टभयाको मनमा रह्या का जो सब मनोरथ बिषय सँधैत्यागगर्छ त्यो स्थिर बुद्धि कहिन्छ ॥ ५५ ॥ दुःखपरेमा

सुखेषु विगतस्पृहः ॥ वीतरागभय
क्रोधः स्थितधीर्मुनि रुच्यते ॥ ५६ ॥
यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शु-
भाशुभम् ॥ नाभिनन्दति न द्वेष्टि
यस्य प्रज्ञा प्रतिष्ठिता ॥ ५७ ॥
यदा संहरते चायं कुर्मोऽङ्गानीव
सर्वशः ॥ इन्द्रियाणीन्द्रियार्थेभ्य

जस्को मन ब्याकुल हुँदैन सुख हुन्दा न हर्ष
हुन्छ पुत्रादि प्रेम भय क्रोध जसलाई छैन त्यो
पनी स्थिर बुद्धि भनी कहिन्छ ॥ ५६ ॥
जस्लाई सबैलाइ स्नेह छन तत् तत् शुभ अ
शुभलाई पायेर पनी न शुभले आनंद हुन्छ न
अशुभले दुःखी हुन्छ तब त्यो स्थिर बुद्धि हो
भनिन्छ॥ ५७ ॥ जब यो कछुवा जस्तै आफना
सबै अंगलाई सँगेटिलिन्छ तस्तै इन्द्रियको
विषय देखि आफना इन्द्रियलाई खिचि लिन्छन्

स्तस्य प्रज्ञा प्रतिष्ठिता ॥ ५८ ॥ विषया
विनिवर्तन्ते निराहारस्य देहिनः ॥
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्त
ते ॥ ५९ ॥ यततो ह्यपि कौन्तेय
पुरुषस्य विपश्चितः ॥ इन्द्रियाणि
प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

जब तक तेस्को बुद्धि स्थिर हुन्छ ॥ ५८ ॥
आहार रहित पुरुषको विषय देखि अरू इन्द्रिय
हट्तछ रसनेन्द्रिय हट्तैन सो पनो आत्मास्वरूप
मा आसक्त भयेर निश्चय निवृत्ति हुन्छ॥५९॥
हे कुन्ती पुत्र ! आत्मादर्शन न हुन्ज्याल् विषय
ले छोड़दैनन् औ विषय विवृत्ति बिना जो ज्ञानी
पुरुष त्यो बुद्धि स्थिरता गर्नाका निमित्त यत्न
गर्छंतापनी बलवान् भयाका इन्द्रियहरू जबर्द-
स्ती मन लाई हरण गर्छन् ॥ ६० ॥ यस्कार
णले योग युक्त भयाको छँदा ती इन्द्रियहरूला

तानि सर्वाणिसंयम्य युक्त आसी
त मत्परः ॥ वशेहि यस्येन्द्रियाणि
तस्य प्रज्ञा प्रतिष्ठिता ॥ ६१ ॥ ध्या-
यतो विषयान्पुंसःसंगस्तेषूपजायते ॥
संगात्संजायते कामः कामात्क्रोधो
ऽभिजायते ॥ ६२ ॥ क्रोधाद्भवति

ई विचेर मेरा आधारमा रहोस् जस्को इन्द्रिय वश छन् तिन्का निश्चय गरेर बुद्धि स्थिर हुन्छ ॥ ६१ ॥ बाह्य इन्द्रियलाई वश न गर्नाले जो दोष हुन्छ सो कहियो अब मन संबन्धी भन्छन् जो पुरुष मनलाई वश न गरेर इन्द्रिय जित्न खोज्छ सो हुँदैन जस्तो कि जुन पुरुष सो मन विषयमा लागेको छ तेस पुरुषले विषय लाई कस्तै खिचोस् तापनी आसक्त हुन्छ त्यो आसक्तभया पछि अभिलाषा हुन्छ अभिलाषा भयापछी क्रोधले मति भ्रष्ट हुन्छ ॥ ६२ ॥

संमोहः संमोहात् स्मृतिविभ्रमः ॥
स्मृतिभ्रंशाद्बुद्धिनाशो बुद्धिनाशात्
प्रणश्यति ॥ ६३ ॥ रागद्वेषवियुक्तै
स्तु विषयानिन्द्रियैश्चरन् ॥ आत्मव
श्यैर्विधेयात्माप्रसादमधिगच्छति ॥
॥ ६४ ॥ प्रसादेसर्वदुःखानांहानिर-
स्योपजायते ॥ प्रसन्न चेतसोह्याशुबु-

क्रोधले मतिभ्रम भया पछि स्मरण रूप शक्ति भ्रम हुन्छ स्मरण रूपी शक्ति भ्रम भयापछि ज्ञान नाश हुन्छ ज्ञान नाशभयापछि संसार हुन्छ ६३॥ वशमा छ मन जस्का यस्ता पुरुष रोग द्वषले अलग् आफना बश भयाका इन्द्रियले विषयको सेवन् गर्दो छंदो निर्मलान्तःकरण भया को हुन्छ ॥ ६४ ॥ तब निर्मलचित हुँनाले तेस्का सब दुःखनाश हुंन्छन् तेस्तो निर्मलान्तःकरण

द्धिः पर्यवतिष्ठते ॥ ६५ ॥ नास्ति बुद्धिर युक्तस्य नचायुक्तस्य भावना ॥ न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥ ६६ ॥ इन्द्रियाणां हि चरतां यन्मनोनुविधीयते ॥ तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥ ॥ ६७ ॥ तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ॥ इन्द्रियाणी

भयाको बुद्धि थिर हुन्छ ॥ ६५ ॥ भावना न भया को जो बुद्धि पनी हुँदेन औ जस्को भावना छैन तेस्लाई शान्ति न भया पछी सुख कसरी होला ॥ ६६ ॥ यस्कारणले कि जौन मन विषयमा लागेर इन्द्रियको पछि रहन्छ त्यो मनभयाका पुरुषको बुद्धिवायुले जलमा जस्तो नाउलाई नचाँऊछ तेस्तै गरी इन्द्रिय का पछी नाच्छ ॥ ६७ ॥ तेस् कारणले हे महाबाहो!

न्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता
॥ ६८ ॥ या निशा सर्व भूतानांतस्यां
जागर्ति संयमी ॥ यस्यां जाग्रति भु-
तानि सा निशा पश्यतो मुनेः ॥६९॥
आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः
प्रविशन्ति यद्वत् ॥ तद्वत्कामाय

जस्ले ई सर्व इन्द्रिय, इन्द्रियका विषयलाई वश राखीयेको छ तेस्को बुद्धि प्रतिष्ठित छ ॥६८॥ सर्व प्राणी हरूको रात्रि अर्थात् सब सुती रहन्छ तेस्मा जो परमात्मा विषयमा बुद्धि लाउँने इन्द्रियसंयमी जो हो जागा रहन्छ अर्थात् आत्मस्वरूपलाई देख्त छ जस्मा शब्द स्पर्शादि विषयरूप सहित सर्व प्राणी जागा रहन्छन् सो रात्रि ज्ञानी जनको हो ॥ ६९ ॥ जस्तै आफैं आफ सदा परिपूर्ण भरियेका समुद्रमा बाहिरबाट जल भरिन्छ तेस्तै जस्को सर्वकामना प्राप्त भया को छ

प्रविशन्ति सर्वे स शान्तिमाप्नोति
न कामकामी ॥ ७० ॥ विहाय
कामान्यः सर्वान्पुमांश्चरति निस्पृ
हः ॥ निर्ममो निरहंकारः स शान्ति
मधिगच्छति ॥ ७१ ॥ एषा ब्राह्मी
स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।

त्यो शान्ति पाउँछ जो कामनाको इच्छा गर्न्या
छ त्यो शान्ति पाउँदैन ॥ ७० ॥ जुन पुरुष
सब अभिलाषाकन छोड़ेर इच्छा देखी अलग
भयेर फिर्छ त्यो ममता, अहंकार देखी अलग
भयाको छँदा शांति सुखकन पाउँछ ॥ ७१ ॥
हे पृथापुत्र ! हे अर्जुन । यो निस्कामकर्म मैंले
कहें सो ब्रह्मप्राप्ती हुँने स्थित हो यस् स्थिति
लाई पाँउने मोह हुंदैन यस्कारणले अतकालमा
पनी यस् स्थितिमा ब्रह्म सदृश मुक्ति पाउँछ

स्थित्वाऽस्यामन्तकालेऽपि ब्रह्म नि-
र्वाणमृच्छति ॥ ७२ ॥

❀ अथ तृतीयोऽध्यायः ❀

अर्जुन उवाच ॥ ज्यायसी चेत्कर्म
णस्तेमता बुद्धिर्जनार्दन ॥ तत्किं कर्म

अर्थात् सर्वकालमा रहेर पनी मुक्त रहन्छ भने
तेश्लाई मुक्तिमा क्या संदेह ॥ ७२ ॥

इति श्री गीताभाषा द्वितीयोऽध्यायः ॥ २ ॥

यश्ता श्रीकृष्णका वाक्य सुनेर अर्जुनले
बिचार गरे कि भगवान्ले पैल्हे मलाई "अशो-
च्यानन्वशोचस्त्वं" इत्यादि श्लोकले ध्यान योग
उपदेश गर्नुभो फेरी "बुद्धिर्योगेत्विमां शृणु"
इत्यादि श्लोकले कर्म योग उपदेश गर्नुभो तेस्मा
पनी "श्रुतिविप्रतिपन्नाते" इत्यादि श्लोकले

णि घोरे मां नियोजयसि केशव ॥ १ ॥
व्यामि श्रेणेन वाक्येन बुद्धिं मोहयसी
व मे ॥ तदेकं वद निश्चित्य येन श्रेयोऽ
हमाप्नुयाम् ॥ २ ॥ श्रीभगवानुवाच ॥
लोकेस्मिन् द्विविधा निष्ठा पुरा प्रो-

निष्काम कर्मले आत्मज्ञानको प्राप्ति कहियो । यस्कारणे निश्चय हुन्छ कि कर्म योग भन्दा पछि जो आत्मज्ञान हो सोही श्रेष्ठ छ भने यस्तो विचार गरेर अर्जुन्, भगवान् सँग भन्ने लागे हे जनार्दन ! जो कि कर्मयोग भन्दा ज्ञानयोग हजुरले श्रेष्ठ भनेको छ भने केशव । घोर कर्म मा मलाई किन लाई वक्सिन्छ ॥ १ ॥ यस्तो जो मिश्रित कर्म योग भन्ने वाक्यले मेरो बुद्धि लाई मोह गरे झैं गर्छौं जुन वाक्य ले मलाई कल्याण हुन्छ यो एक निश्चय गरेर आज्ञा गर्नु होस् ॥ २ ॥ यस्ता अर्जुनका वाक्य सुनेर श्री

कामयाऽनघ ॥ ज्ञान योगेन सांख्या
नां कर्म योगेन योगिनाम् ॥ ३ ॥
कर्मणा मनारंभान्नैष्कर्म्यं पुरुषोऽश्नु
ते ॥ न च संन्यस नादेव सिद्धिं सम
धिगच्छति ॥ ४ ॥ नहि कश्चित् क्षण
म पिजातु तिष्टत्यकर्मकृत ॥ कार्यते

कृष्ण भगवान् आज्ञा गर्दा भये ! हे निष्पाप
अर्जुन ! यस् लोकमा अघि मैले दुइ प्रकार का
निष्ठा कहेको थिआ सो सांख्ययोग, कर्मयोग
ई दुई निष्ठाले ॥ ३ ॥ शास्त्रोक्त कर्म गर्नाले
पुरुष निष्कर्म सर्वेन्द्रियविषय-निवृत्ति पूर्वक जो
ज्ञाननिष्ठा तेस्कन पाउँदैन औ कर्म न गर्नाले
पनी सिद्धपाउँदैन ॥ ४ ॥ कोही कालमा क्षण
भरपनी कर्मगरेर बिना कोही पुरुष निश्चय गरेर
रहदैन किनभने सत्वादि प्रकृति का जो गुण

ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥ ५ ॥
कर्मेन्द्रियाणि संयम्य य आस्ते मन
सा स्मरन् ॥ इन्द्रियार्थान् विमूढात्मा
मिथ्याचारः सउच्यते ॥ ६ ॥ यस्ति
त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जु-
नं ॥ कर्मेन्द्रियः कर्मयोगमसक्तः स वि
शिष्यते ॥ ७ ॥ नियतं कुरु कर्म त्वं क

छन् तिन्ले परवश भै कर्म गर्नु पर्छ ॥५॥ जो ज्ञान-योगमा लाग्नाका निमित्त कर्मेन्द्रियहरूलाई जबर जस्ति खिचिराखेर इन्द्रियको विषयलाई मनले समझि समझि रहन्छ तेस्तो मूढ़मति वृथा योगी भनी कहिन्छ ॥ ६ ॥ औ जो इन्द्रिय हरूलाई मनले खिचि राखेर विषय मा आसक्त भयाका कर्मेन्द्रिय हरूले कर्म योग गर्छ हे अर्जुन । त्यो श्रेष्ठ छ ॥७॥ यस् निमित्त तिमी क्षत्रियधर्म उचित कर्मगर किन भने कर्म

र्म ज्यायो ह्य कर्मणः ॥ शरीरयात्रापि
च ते न प्रसिद्ध्ये दकर्मणः ॥८॥ य-
ज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्म
बन्धनः ॥ तदर्थं कर्म कौन्तेय मुक्तसं
गः समाचर ॥ ९ ॥ सहयज्ञाः प्रजाःसृ
ष्ट्वा पुरोवाच प्रजापतिः ॥ अने

न गर्नु भन्दा कर्मगर्नुश्रेष्ठछ औ कर्म गरेनौ भ
तिमिलाई ज्ञानयोग गर्नाका निमित्त शरी
निर्वाह पनी सिद्धछैन ॥ ८ ॥ जो कर्मले बंध
मनेका छ सो यस्तो कि यज्ञ भनेका जो विष
तिन्का निमित्त गरिने कर्म भन्दा भिन्न अ
कर्म गर्नाले त्यो मनुष्य कर्म बंधनमा प्राप्त हु
हे कुंतीपुत्र । तिमी पनी फलको इच्छा छो
यज्ञैका निमित कर्म गर ॥ ९ ॥ प्रजापति
परमात्मा तिन्ले अघि सृष्टि-कालमा यज्ञ सहि
प्रजा सृष्टि गरेर भने कि यस्यज्ञले तिमि

प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक्
॥ १० ॥ देवान्भावयतानेन ते देवा
भावयन्तु वः ॥ परस्परं भावयन्तः श्रे
यः परमावाप्स्यथ ॥ ११ ॥ इष्टान्भो
गान्हि वो देवा दास्यन्ते यज्ञ भावि
ताः ॥ तैर्दत्तानप्रदायैभ्यो यो भुंक्ते

बृद्धि हौ (बढ़) यो यज्ञ तिमिहरूले इच्छा
गरेको कामना पूरा गर्ने होस् ॥ १० ॥ यस
यज्ञले तिमी देवताहरू पूजा गरेर देवता हरूलाई
बढ़ाऊ, ती देवताहरू तिम्रो मनोरथ पूरा गरेर
बढ़ा उनन् यसरी परस्पर बढ़ाउँदा तिमी औ
देवता दुवै श्रेष्ठ कल्याण पाउला ॥ ११ ॥
जुन यज्ञ गरौला तेस यज्ञले बड़ेका देवता
तिमिलाई इच्छा पूर्णगरि दिनन् उनी हरूले
दियाको उन्लाई न दी जो भोग गर्छ त्यो चोर

स्तेन एव सः ॥ १२ ॥ यज्ञ शिष्टा
शिनःसंतो मुच्यन्ते सर्वकि ल्बिषैः ॥
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्म
कारणात् ॥ १३ ॥ अन्नाद्भवन्तिभू
तानि पर्जन्यादन्न संभव ॥ यज्ञाद्भव
तिपर्जन्योयज्ञः कर्मसमुद्भवः ॥१४॥

तुल्य दण्डपाउला ॥ १२ ॥ देवतादिलाई पुजा गरी उब्रेका सेष अन्नादि भोग गर्ने हरु सब पाप देखि छुटछन् औ जो आफ्नू नाउँमा अन्न पाक गर्ने पापी मनुष्य पाप जसरी हुन्छ तस्तै गरी खान्छ ॥ १३ ॥ अन्नदेखाउँछन् कि लोकदृष्टि भन्दा सबको मूल यज्ञ हो सो यस्तो कि सर्वभूत प्राणी अन्नरस देखि हुन्छन् अन्न को उत्पति जलदेखि हुन्छ जल-वृष्टि यज्ञदेखि हुन्छ यो शास्त्रमा प्रसिद्ध छ सो भन्छन् "अग्नौ प्रास्ताहुतिःसम्यगादित्यमुपयिष्ठति ॥ आदित्या

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् । तस्मा त्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥ १५ ॥ एवं प्रवर्तित चक्रं

जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजा ॥" यज्ञको उत्पत्ति यज्ञकर्तालि गरेको हुन्छ ॥ १४ ॥ सो कर्म ब्रह्म देखि हुन्छ यस्तो जान ब्रह्म नै प्रकृति को रूप शरीर ब्रह्म जान्नु तेस्मा प्रथम श्रुति "यदेतत् ब्रह्म नाम रूपमन्ये च जायते" तस्तै जहाँ पनी भनेकोछ, "मम योनिर्महद् ब्रह्म तस्मिन्गर्भं दधाम्यहम्" इत्यादि वाक्यले जहाँ यै अर्थ हो कि प्रकृतिलाई ब्रह्म भन्छन् तेसैको परिणाम यो शरीरले कर्म हुन्छ यो शरीर अक्षर जो जीवतेस्ले सहित उत्पन्न अर्थात् सो जीव शरीर सब कर्म को कर्ता हो शरीर कर्म-रूप हो यस निमित्त सब अधिकारमा योग्य शरीर यज्ञमा नित्य प्रतिष्ठित छ अर्थात् यज्ञको मूल कारण हो ॥ १५ ॥ यस्तो यो ईश्वरले

नानुवर्तयतीहयः ॥ अघायुरिन्द्रिया
रामो मोघं पार्थ स जीवति ॥ १६ ॥
यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मा
नवः ॥ आत्मन्येव च सन्तुष्टस्त
स्य कार्यं न विद्यते ॥ १७ ॥ नैव

गर्दा प्रवर्त मान यो चक्रकन जो कर्मको अधि-
कारी छैन अर्थात् यज्ञविना आफु मात्र पोसिछ
न्यो इन्द्रियाराम भया को पापी आयुर्दायुक्त
व्यर्थ जिउँछ । चक्र भनेको यो हो कि अन्न
देखि शरीर, जल देखी अन्न, यज्ञदेखि जल,
कर्मदेखि यज्ञ यस्तो प्रवृत्ति हुन्छ ॥ १६ ॥ कर्म
न गर्नाले कस्लाई दुःख छैन सो भन्छन् कि
जो मनुष्य आत्मस्वरूपले तृप्त छ अन्नादि संग
प्रयोजन छैन औ आत्मैमा संतुष्ट छ तेस्लाई
गर्नु पर्न्या केही छैन, तेस्लाई कर्म गर्नाले, दान
गर्नाले केही प्रयोजन छैन, ॥ १७ ॥ तेस्लाई

तस्य कृतेनार्थो नाकृतेनेहकश्चन ॥
न चास्य सर्वभूतेषुकश्चिदर्थव्यपाश्र-
यः ॥ १८ ॥ तस्मादसक्तः सततं कार्यं
कर्म समाचर ॥ असक्तोह्याचरन् कर्म
परमाप्नोतिपुरुषः ॥ १९ ॥ कर्मणैव
हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसंग्रहमेवापि संपश्यन् कर्तुमर्ह

सब चराचरमा कसैसँग प्रयोजन छैन, कोहीमनुष्य
कर्म गरून् ता पनी चिंता छैन ॥१८॥यस्तालाई
दोष छेन। तिमी ता द्रव्य कुटुम्बादिमा रतः छौ
यस्कारण ले गर्नामा योग्य स्ववर्ण धर्मोचित कर्म-
लाई सँधै गर किन भने फल को इच्छा छोड़ेर
कर्मगर्नाले प्राणी परमात्मा लाई पाँउछ ॥१९॥
अब यो देखाउँछन् कि ज्ञानी लाई पनी कर्म गर्नु
श्रेष्ट छ सो भन्छन् कि त्यस्कारणले जनकादि
ज्ञानी पनी कर्म गरेर मोक्ष पाये तस्तै, लोक संग्रह

सि ॥ २० ॥ यद्यदाचरति श्रेष्ठस्तत्त
देवेतरोजनः ॥ सयत्प्रमाणं कुरुते
लोकस्तदनुवर्तते ॥ २१ ॥ न मे पा-
र्थास्ति कर्त्तव्यं त्रिषु लोकेषु किञ्चन ॥
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्म
णि ॥ २२ ॥ यदिह्यहं न वर्त्तेयं जातु
कर्मण्यतन्द्रितः ॥ मम वर्त्मानुवर्त्तन्ते

लाई पनी देखेर कर्म गर्न योग्य छौ ॥२०॥ य-
स्माकारणथो छ कि श्रेष्ठपुरुषले जोजो आचरण
गर्छन् अरू प्राणी पनी यस्तै आचार गर्छन श्रेष्ठ
पुरुषजी प्रमाण मान्छन् सब प्राणी पनी त्यो
प्रमाण गर्न लाग्छन ॥२१॥ हे पृथापुत्र! अर्जुन!
तीनलोकमा पनी मलाई हेर गर्नु पर्ने कर्म केही
छैन ता पनी कर्म गर्दै रहन्छु औ मलाई त्रिभु
वनमा न पाउन केही वस्तु पनी छैन ॥२२॥ मैले
कर्मन गरीदिये लोक त्रेपनी गर्दैनन् लोकका हा-

मनुष्याः पार्थ सर्वशः ॥२३॥ उत्सी
देयुरिमे लोकान कुर्यां कर्म चेदहम् ।
संकरस्य च कर्त्ता स्यामुपहन्यामि
माः प्रजाः ॥२४॥ सक्ताः कर्मण्यवि
द्वांसो यथा कुर्वन्ति भारत ॥ कुर्या-
द्विद्वास्तथाऽसक्तश्चिकीर्षुर्लोक संग्रह-

नि हुँनेछ। सोही भन्छन् कि जो कर्म गनु पर्नै छैनन् ॥२३॥ मैले कर्म न गर्नाले धर्म लोप हुँनेछ धर्म लोपले प्रजा नष्टहोलान् विमर्यादा भयेर शनातन धर्म नष्ट भयेपछि दुराचाले वर्णसंकर पनी हुन्छन् आफना प्रजा आफैंले नष्टगरेको ठाननें छु ॥२४॥ यस्कारणले आत्मज्ञानीले पनी कर्म गर्नु उचित छ लोकको शिक्षा निमित्त सोही भन्छन कि हे अर्जुन ! कर्ममा आसक्त भयेर जस्तो अज्ञानीहरू कर्म गर्छन तस्तै लोकशिक्षा निमित्त ज्ञानीले पनी कर्म गर्नु र धर्म को वाटो पनी रहन्छ

म् ॥ २५ ॥ न बुद्धिभेदं जनयेदज्ञानां
कर्मसंगिनाम् ॥ जोषयेत्सर्वकर्माणि
विद्वान्युक्तः समाचरन् ॥ २६ ॥
प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि
सर्वशः ॥ अहंकारविमूढात्माकर्ताऽह
मिति मन्यते ॥ २७ ॥ तत्त्ववित्तु म

॥२५॥ तेसो भये सब लाई तत्व उपदेशगनु
भनौ लासो हुदैन जो कर्ममा आसक्तछ उनलाई
तत्व उपदेशले बुद्धिभेद न गरी आफु समेत
सावधानमैं कर्म गरोस कर्ममा पनी श्रद्धा हव्यो
भने ज्ञानमा पनी हटछ र दुवैतीर विग्रन्छ अज्ञानी
कर्ममा पनी भयेन तत्व मा पनी हुँदैन ॥२६॥
ज्ञानीले पनी कर्म गर्नु पर्‍यो भने ज्ञानी, अज्ञानी
को के फरक ? सो भन्छन् कि प्रकृति जो माया
यस्को सत्वादिगुणले गरियाको कर्म अहंकारले
युक्त मूढ त्यो मैले गरें भन्ने यस्तो ठान्छ ॥२७॥

हाबाहो गुणकर्मविभागयोः ॥ गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥ २८ ॥ प्रकृतेर्गुण संमूढाः सज्जन्ते गुण कर्मसु ॥ तानकृत्स्नविदो मन्दा न् कृत्स्नविन्न विचालयेत् ॥ २९ ॥

ज्ञानी जो सत्वादिगुण आफ्नु २ कार्यमा प्रवर्तमान छन् भन्ने यस्तो जानेर आसक्त हुदैनन् ॥ २८ ॥ प्रकृति का सत्वादि गुणका कार्यले भुले का जो पुरुष ती सत्वादिगुण कर्मफलमा आसक्त हुन्छन् ता जान्ने मन्दबुद्धि भयेकालाई सर्वज्ञ पुरुषले तेस्ता कर्ममार्गमा लागेका लाई न चलाउँनू ॥ १९ ॥ हे अर्जुन ! अध्मात्म जो स्वभान सो स्वभाव को (अध्यात्म उच्यते) यस्प्रमाणले क्षत्रियको जो शूरत्वादि स्वभावछ तेस्मा चित्तलागेको तिमी ले सर्व कर्म ममा अर्पण गरेर फलको आशा छोड़ेरमैले गरें भन्ने ममत्व

मयिसर्वाणिकर्माणि सन्यस्याध्यात्म
चेतसा ॥ निराशीर्निर्ममोभूत्वा युध्य
स्वविगतज्वरः ॥ ३० ॥ ये मे मत-
मिदं नित्यमनुतिष्ठन्ति मानवाः ॥
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेपि
कर्मभिः ॥ ३१ ॥ ये त्वेतदभ्यसूयन्तो
नानुतिष्ठन्तिमेममतम् ॥ सर्वज्ञानवि
मूढास्तान् विद्धि नष्टा न चेतसः ॥

छोड़ेर कर्मबन्धन रूप जराले छोड़ियेका छँदा
युद्ध गर ॥ ३० ॥ जो मनुष्य यो मेरो मतलाई
नित्य धारण गर्छ जो नित्य तेस्मा श्रद्धा राख्छ
औ जो यस्को निन्दा गर्दैनन् ती पनी कर्म ब-
न्धन देखि छुटछन् ॥३१॥ और जो मेरो मत
को निन्दा गर्दा छँदा यस्लाई ग्रहण गर्दैनन्
ती सब ज्ञान विषयमा मूढ तिन्लाई नष्ट जान

॥ ३२ ॥ सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ॥ प्रकृतिं यान्ति भूतानि निग्रहः किंकरिष्यंति ॥ ३३ ॥ इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ॥ तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥ ३४ ॥ श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ॥

॥३२॥ जोज्ञानी सो पनो आफ्नु जाति स्वभाव तुल्य चेष्टा गर्छ अज्ञानी ले गरे भन्ने ता शकै छैन, प्राणी आफ्नु जाति स्वभाव ले कर्मगर्छन् येस्मा निग्रह के गर्छ ॥ ३३ ॥ जब कर्म स्वभावले हुँछ भने तेस्को निग्रह कसरी सो भन्छन् कि कर्मेन्द्रिय, ज्ञानेन्द्रिय इन्को निमित्त रागद्वेष छ तिन्को वश न हुँनु किन भने यस्का शत्रुहुन् अर्थात् जीव को बन्धन गर्ने छन् ॥३४॥ रागद्वेष का वश हुनाले स्वधर्म त्याग परधर्मनिष्ठा हुन्छ

स्वधर्मे निधनं श्रेयः परधर्मो भया
वहः ॥ ३५ ॥ अर्जुन उवाच ॥ अथ
केन प्रयुक्तोऽयं पापं चरति पुरुषः ॥

तेस्को निवारणं गर्दाछँदा श्रीकृष्ण भन्छन्
नेत्र आदि इन्द्रियको प्रीतिले अर्जुनले स्वधर्म
त्याग गर्नु ई स्वजनलाई देखी मलाई दयालाग्छ
यस्कारणले न लड़ी भीख मागी खाँला भन्ने
सो निवारण गर्छन् जस्तो कि श्रेष्ठ कर्म छ ता
पनी-अर्का को धर्म भन्दा आफ्नु धर्म कमती
छ तपनि कल्याणदायकछ, अर्काको धर्म गर्नु भ-
न्दा पनी अति कठिन छ ॥३५॥ अर्जुन भगवान्
संग सोद्धछन् कि वृष्णिवंशोत्पन्न ! हे श्रीकृष्ण !
हजुरले भन्नु भो स्वधर्म श्रेष्ठछ अरू धर्म भय
दायक छ यस्तो जो जान्दछ ता पनी स्वधर्म
पूर्वक ज्ञानयोग मां लागेर विषय पनी त्यागेको
छ त्यो पुरुष विषय को इच्छा गर्दैन ता पनी

अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥ ३६ ॥ श्रीभगवानुवाच ॥ काम एष क्रोध एष रजोगुणसमुद्भवः ॥ महाशनो महापाप्मा विद्ध्येनामिह वैरिणम् ॥ ३७ ॥ धूमेनाव्रियते वन्हिर्यथाऽऽदर्शो मलेन च ॥ यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृ

जबर्जस्ति बिषय मा युक्तछँदो कस्लै लगाउने पाप गर्छ ॥ ३६ ॥ अर्जुन को प्रश्न सुनेर श्री कृष्ण भगवान् भन्छन् कि जो यो गुण देखि जन्मेको कामना सो बड़ा पापी अति विषय सेवनरूप बड़ो खाने यै क्रोध रूपी हुन्छ येस्लाई यो ज्ञान विषयमा बैरी जान ॥३७॥ जस्तै आगो धूँवाले ढाकिन्छ, मैलाले ऐना ढाकिन्छ, जस्तो गर्भमा बालक शाल ले बेरि

तम् ॥ ३८ ॥ आवृतं ज्ञानमेतेनज्ञा
निनो नित्यवैरिणा ॥ कामरूपेणकौ
न्तेय दुष्पूरेणानलेन च ॥ ३९ ॥ इ-
न्द्रियाणिमनो बुद्धिरस्याधिष्ठान मु
च्यते । एतैर्विमोहयत्येषज्ञानमावृत्य
देहिनम् ॥ ४० ॥ तस्मात्त्वमिन्द्रिया

या को छ तेस्तै यो ज्ञान कामनाले ढाकियेको
छ ॥ ३८ ॥ हे कुन्तीपुत्र ! यो ज्ञानी को
नित्य बैरी छ तेस्कारण अपरिपूर्ण इच्छा चा-
हिन्छे कामनाले ज्ञान ढाकिये को छ ॥ ३९ ॥
जब शत्रुलाई जित्नु छ भने पैल्हे कामनास्थान
आफ्नु अधीन गर्नू कामनाको स्थान भन्छन्
सर्व इन्द्रिय मन बुद्धि ई कामनाको स्थान हुन्
इन्ले ज्ञान ढाकेर जीवलाई मोह गर्छन् ॥४०॥
हे भरत बंशमा श्रेष्ठ ! तेस्कारण तिमि पैल्हे

ण्यादौ नियम्य भरतवर्षभ। पाप्मानं
॥ ४१ ॥ इन्द्रियाणि पराण्याहुरि-
न्द्रियेभ्यः परं मनः । मनसस्तु परा
बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥ ४२ ॥
एवंबुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मान

इन्द्रिय हरूलाई खिंचेर स्वरूप ज्ञान विज्ञान भक्ति यस्लाई नाश गर्ने यो कामना पापीलाई मार ॥ ४१ ॥ यो ज्ञानको विरोधी छ तेस्कन विद्वान् हरू प्रबल भन्छन् इन्द्रिय भन्दा मन प्रबल छ मन भन्दा बुद्धि बलियो छ जो बुद्धि भन्दा बलियो छ सो कामना भनी कहिन्छ ॥४२॥ हे महाभुज ! हे अर्जुन ! यस्तो बुद्धि भन्दा बलियो कार्य गर्नें सहन न सक्ने कामना रूप शत्रुकन जानेर फेरी मनले बुद्धिलाई रोकेर

मात्मना ॥ जहि शत्रुं महाबाहो का मरूपं दुरासदम् ॥ ४३ ॥

॥ अथ चतुर्थोऽध्यायः ॥

श्रीभगवानुवाच । इमं विवस्वते योग प्रोक्तवानहमव्ययम् ॥ विवस्वा

कामना शत्रुलाई मार ॥ ४३ ॥

❀ इति श्रीगीताभाषा तृतीयोऽध्यायः ❀

विषयमा संसर्गी झट्ट ज्ञान योगमा अधिकारी हुंन सक्तैन, येस्कारणले तेस्रो अध्यायमा तेस्तालाई कर्मयोग उपदेश गरे। तेस्तै ज्ञान योगी लाई पनी म कर्ता हूँ भन्ने त्याग गरेर कर्म गर्नुनै उत्तम छ भने जनसंग्रह का निमित्त पनी कर्मगर्नै श्रेष्ठ भने अब जगत् उद्धारका निमित्त मन्वन्तरका अगाड़ो यै कर्मयोग को उपदेश गरेथे तेसैलाई यो चौथा अध्यायमा हदगर्दछन् कि ज्ञान योग पनी यै कर्मका मित्र

न्मनवे प्राहमनुरिक्ष्वाकवेऽब्रवीत ॥१॥ एवं परम्पराप्राप्तमिमं राजर्षयो वि-दुः ॥ स कालेनेह महता योगो नष्टः

अंतर्भाव छ यस्कारणले यो कर्म योगज्ञान योगा कार देखायेर कर्म योगको रूप औ भेंद तस्तै तेस्का ज्ञानांशको प्रधानतका प्रसंगले भगवान्को अवतार निश्चय गर्येर भन्छन् श्रीकृष्णभगवान् अर्जुन सँग भन्छन् कि जो जो कुरा मैले तिमी सँग भने केवलयुद्ध मा उत्साह बढाउँनालाई मात्र तिमिलाई भनेको हो। जो योग कल्पका आदिमा पनी भनेको थिञा सो सुन, पैल्है मैले ता अव्यय कर्मयोगलाई सूर्य सँग भने, सूर्यले छोरा वैवस्वत मनु सँग भने वैवस्वत ले राजा इक्ष्वाकु सँग भने ॥ १ ॥ यै रीतिले परम्परा देखी चली आयेको यो कर्मयोगकन राजर्षि हरू जान्दछन् सो यो योग आजकल धेरै काल

परंतप ॥ २ ॥ स एवा यं मया तेऽ
अद्य योगः प्रोक्तः पुरातनः ॥ भक्तो-
सि मे सखा चेति रहस्यह्येतदुत्तम-
म् ॥ ३ ॥ अर्जुन उवाच ॥ अपरं
भवतो जन्म परं जन्म विवस्वतः ॥
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवा
निति ॥ ४ ॥ श्रीभगवान वाच ॥
वहूनि मे व्यतीतानि जन्मानि तव

भयेको हुँनाले नष्ट भयेको थियो ॥ २ ॥ सोही
यो पुरातन योग मैले तिमि संग आज कह्यां
किन भने तिमी मेरा भक्त सँगा छौ यो उत्तम
रहस्य हो ॥ ३ ॥ यस्तो सुनेर अर्जुन भन्छन्
कि हजुरको जन्म ऐल्हे भो सूर्यको जन्म पैल्हे
भो हजुरले अघि कहँनु भयो यो कुरा म कसरी
जानु ॥४॥ अर्जुनको प्रश्न सुनी श्रीकृष्ण भग-
वान् उत्तर दिन्छन् कि येसैमा आफ्नु अवतारको

चार्जुन ॥ तान्यहं वेदं सर्वाणि न त्वं वेत्थ परंतप ॥ ५ ॥ अजोपि सन्न ऽव्ययात्मा भूतानामीश्वरोपि सन् ॥ प्रकृतिं स्वामाधिष्ठाय संभवाम्यात्म मायया ॥ ६ ॥ यदा यदाहि धर्मस्य ग्लानिर्भवति भारत ॥ अभ्युत्थानम धर्मस्य तदाऽत्मानं सृजाम्यहम् ॥ ॥ ७ ॥ परित्राणाय साधूनां विना-

---

प्रयोजन भन्छन् कि हे परंतप ! शत्रुलाई संताप गर्ने हे अर्जुन । मेरा र तिम्रा धेरै धेरै जन्म बिति सक्याको छ ती सब जन्म म जान्दछू, तिमी जान्दैनौ ॥५॥ यस्ता कारण ले वास्तव मा हानि न भयेको अव्ययात्मा आफ्ना मायाले म अवतार लिन्छु ॥६॥ हे भारत ! जैले धर्मको हानि अधर्मको वृद्धि हुन्छ उहिले म रूप धारण गर्छू ॥७॥ साधु, सज्जनहरूलाई रक्षा गर्ना का

शाय च दुष्कृताम् ।। धर्म संस्थाप
नार्थाय संभवामि युगेयुगे ।। ८ ।।
जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति
तत्वतः ।। त्यक्त्वा देहं पुनर्जन्म
नैति मामेति सोऽर्जुन ।। ९ ।।
वीतरागभयक्रोधा मन्मया मामु
पाश्रिताः ।। बहवो ज्ञानतपसा पूता

निमित्त कुकर्मी पापी हरुका नाशगर्नाका
निमित्त सनातन जो धर्म-सेतु सो स्थापन गर्ना
निमित्त युग युग मा म अवतार लिन्छु ।। ८ ।।
मेरो यस्तो दिव्य जन्म कर्म लीलाकन तत्वपू-
र्वक जो जान्दछ सो प्राणिले देहलाई छोड़ेर
फेरी जन्मनु पर्दैन हे अर्जुन ! त्यो प्राणी ममा
प्राप्त हुन्छ ।।९।। गयाको छ राग द्वेष भय क्रोध
जस्को ममा लागेका आश्रय गर्ने हरू धेर ज्ञान
तपस्याले पवित्र भयाका छँदा मेरा सायुज्य

मद्भावमागताः ॥ १० ॥ ये यथामां प्रपद्यन्ते तांस्तथैवभजाम्यहम् ॥ मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥ ११ ॥ कांक्षन्तः कर्मणां सिद्धिं यजन्ते इह देवताः ॥ क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥ ॥ १२ ॥ चातुर्वर्ण्यं मया सृष्टं गुण कर्मविभागशः ॥ तस्य कर्तार मपि

मुक्ति पाउँदा ॥१०॥ जस्ले इन्द्र वरुण कुबेरादि देवताकन जुन कामनाले भजन गर्छन ता पनी सोकाम कर्म निष्काम कर्म मेरै मार्गहुँन् जस्ले जस्तो भजन गरेको छ उस्तै गरी म पनी भज्दछु ॥ ११ ॥ फेरी कर्म सिद्धिको ईच्छा गरिकन यस्लोकमा मनुष्यहरू देवताहरू को पूजा गर्छन ता पनी जस्तो कर्म गरेको छ उस्तै सिद्धि हुन्छ ॥ १२ ॥ चार वर्णमैले सृष्टिगर्याँ

मां विद्ध्यकर्त्तारमव्ययम् ॥ १३ ॥
न मां कर्माणि लिम्पन्ति न मे कर्म
फले स्पृहा ॥ इति मां योऽभिजाना
ति कर्मभिर्न स बध्यते ॥ १४ ॥ एवं

तस्मा ब्राह्मणलाई सत्वगुण र शमादि षट्कार्य मा लगाञा, क्षत्रियलाई सत्वगुण रजोगुण मि· श्रीत गुण शूरत्व गौ·ब्राह्मणको रक्षण संग्राम गर्नु ई कार्य दिञा, वैश्यलाई रजोगुण तमोगुण मिश्रीत गुण र खेती गाई पालनु बेपारगर्नू ई कार्य्य खटाञा शूद्रलाई तमोगुण ब्राह्मण क्षत्रिय वैश्य ई तीन वर्णको टहलगर्नु मन्ने मैले खटाया को हो तर इन्को कर्ता पनो मलाई जान, अकर्ता पनी मलाई नै जान ॥ १३ ॥ मलाई कर्म लोप हुंन सक्तैन, मलाई कर्म फलको इच्छा पनी छैन यस्तो मकन जो जान्द छ त्यो मनुष्य कर्मादि ले बंधन हुंन सक्तैन ॥ १४ ॥ अधिक

ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ॥ कुरु कर्मैव तस्मात्वं पूर्वैः पूर्वतरं कृतम् ॥ १५ ॥ किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ॥ तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥ १६ ॥ कर्मणोह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ॥ अकर्मणश्च

समयमा मनु इत्यादि मुमुक्षु जन हरूले पनी यस्तो जानेर कर्म गरेका छन् यस कारण ले तिमी अधिका मुमुक्षु हरूले गरेको कर्मलाई गर ॥ १५ ॥ कर्म क्या हो अकर्म क्या हो यस विषयमा कविहरू पनी मोह हुँदा भये सो कर्म तिमिलाई कहन्छु जुन लाई जानेर संसार देखि मुक्त होउला ॥ १६ ॥ जुन कारणले कि गर्नी मा योग्य जुन कर्म तेसको रूप पनी जान्नु पर्दछ विकर्म अर्थात् जुन कर्म अनेक प्रकार को

बोद्धव्यं गहना कर्मणोगतिः ॥१७॥
कर्मण्यकर्मयः पश्येदकर्मणि च कर्म

छ तेस्को रूप पनी जान्नु चाहिन्छ औ कर्म जो निश्चयात्मक बुद्धिले केवल ईश्वर आराधना का निमित्त जो निस्काम कर्म तेस्को रूप पनी जान्न कठिन छ॥ १७॥ अब कर्म, अकर्मको स्वरूप जान्नु भन्छन् जो प्रारम्भिक कर्ममा अकर्म अर्थात आत्मज्ञान देख्छ अकर्म जो आत्मज्ञान तेस्का यो कर्मले भयाको कर्म हो यस्तो देख्छ सो मनुष्य मनुष्यमा बुद्धिमान् हो त्यो योगी हो, सोही सब कर्म गर्ने हो जो भने कि कर्मगति जान्नु कठिन छ कि फेर भने कि कर्म-अकर्म निषिद्ध कर्म को तत्व जानी कर्म गरोस् त्यै कर्म गति को कठिनता देखाऊँदा छँदा तत्व भन्छन् जस्को यथार्थ ज्ञानमा पण्डितहरु पनी मोह हुन्छन् औ जुन ज्ञानले संसार देखि

यः ॥ स बुद्धिमान्मनुष्येषु स युक्तः

छुटि जान्छन् त्यो ज्ञान म भन्छु तिमि सुन भन्ने यो प्रतिज्ञा गरेथे सो अब भन्छन् कि भगवान को आराधना रुप कर्म कौने प्रकारको ज्ञान लाई बाधा गर्दैन भने त्यो कुन् कर्म हो तेस्लाई अकर्म अर्थात् कर्मसंन्यास देख्दछन् सोही भनि यो कि अकर्म यः पश्येत् औ शास्त्रविहित कर्म न गर्नाले दोष हुन्छफेरी त्यो न गर्नु ज्ञानको प्रतिबंध हुन्छ सो न गर्नु जो अकर्म फल रहीत कर्म देख्दछ सोही कर्मी पुरुष हरूका मध्यमा बुद्धिमान् हो भनी भगवान् तेस्को प्रसंशा गर्नु हुन्छ ! यस्तो कर्म गर्न्या पुरुष ज्ञान योगी हो औ तिन्लाई भगवत् आराधना रुप कर्म को मित्र सब कर्म छन् तसर्थ सकल कर्म कर्ता ठहर्छ न् तसर्थ तेस्ले कर्मगर्नु र निष्काम हुन्छ कर्म न गर्नू निष्काम हुदैन, 'न कर्मणामनारंभाएनै ष्कर्म्यं पुरुषोऽश्नुते ॥, सर्वदा नहुनाले फेरी

कृत्स्न कर्मकृत् ॥ १८ ॥ यस्य सर्वे समारंभाः कामसंकल्पवर्जिताः ॥

कर्मको आवश्यकता छैन सोही तीन अध्याय का १७ श्लोक असल गरी कहियो औ कर्मेन्द्रियाणि सयम्य ३ अध्याय का श्लोकले भने इन्द्रिय भन्दा आत्मा भिन्न हो, गर्न्या कोही छैन तेस्तो मनुष्य दृढ समाधिमा समझी रहन्छ त्यो कति कष्ट न पायेको अन्नादि भोजन गर्छ ता पनी त्यो सबै कर्म गरोस् ता पनी जोगी हो तिन्लाई निषिद्ध कर्म मृगमांसादि भोजनको आग्रह पनी छैन किन भने तिन्लाई इत्यादि वस्तुको आग्रह पनी छैन, परन्तु आग्रहि लाई आग्रह पनी छ रुचि पनी छ येस्कारण मृगमांस मा अज्ञानी लाई दोष येस निमित्त निषिद्ध कर्मको तत्व जानेर सब कर्ममा प्रवृत्ति हुन्मैले भनेको तिमि ठीक जान ॥ १८ ॥ जो कर्म प्रत्यक्ष गरी रहन्छन् तिन्को ज्ञान कर्ता

ज्ञानाग्निदग्धकर्माणंतमाहुः पण्डितं बुधाः ॥ १९ ॥ त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ॥ कर्मण्यभि प्रवृत्तोपि नैव किञ्चित करोति सः ॥ २० ॥ निराशीर्यंतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ॥ शरीरं केवलं कर्म

कसरी होला सो भन्छन् कि जस्को सब लौकिक वैदिककर्ममा कामना छैन ज्ञानरूप अग्निले डढ्े का छन् बन्धन रूप कर्म जस्का तेस्लाई विद्वान् हरु पण्डित भन्छन् ॥ जो कर्म फलका सम्बन्ध लाई छाड़ेर निरन्तर आत्मैमा तृप्त हुने संसार का आधार रहित कर्ममा प्रवृत्त छन् ता पनी सो केही गर्दैनन् ॥ २० ॥ जो कर्मफल आशा लाई छोड़ेर चित्त औ मन जस्को खिचियेको छ जस्ले परमात्मा प्रीति बिना सब उपासना त्यागेको छ सो केवल शरीर सम्बन्धी कर्म लाई

कुर्वन्नाप्नोति किल्बिषम् ॥ २१ ॥
यदृच्छालाभसंतुष्टो द्वंद्वातीतो वि-
मत्सरः ॥ समः सिद्धावसिद्धौ च कृ-
त्वापि न निबध्यते ॥ २२ ॥ गतसंग
स्य मुक्तस्य ज्ञानावस्थितचेतसः ॥
यज्ञायाचरतः कर्म समग्रं प्रविलीय

गर्दोछँदो कर्म बंधन रूप पीड़ा कन पाउँदैन ॥ २१ ॥ जो आफ्से आफ् जति मिल्यो तेति ले तुष्ट रहन्छ जो सुख दुःखादि द्वन्द देखि रहित छ मत्सर जो अर्काका सुख सहन न सक्नु तेस्ले रहित छ कार्य सिद्धि र असिद्धिमा पनी समबुद्धि छ त्यो बन्धन पर्दैन ॥ २२ ॥ निवृत्त भयेको छ आत्मानन्द संग बिना अरु सङ्ग जस्को सन्सारका विषय देखि मुक्त आत्मा ज्ञानमा लागेको छ चित्त जस्का यस्ताले यज्ञ निमित्त कर्म गर्‍यो भने तेस्को बंधकारक सब

ते ॥ २३ ॥ ब्रह्मार्पणंब्रह्महविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ॥ ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥ २४ ॥ दैवमेवापरे यज्ञंयोगिनः पर्युपासते ॥ ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति

पुराना कर्म नाश हुन्छन ॥ २३ ॥ निष्काम कर्मले ज्ञान हुन्छ यस्भेदले कर्मको ज्ञानकर्ता भनियो अब परमात्माको अनुसंधान ले सो निष्काम कर्मको ज्ञानकर्ता भन्छन् सो यस्तो कि जेले हवि अर्पण गरिन्छ सो स्रुवा आदिक वस्तु ब्रह्मकार्य हो घृतादि हवि पनी ब्रह्मरूप हो अग्निमा जो ब्रह्मरूप होताले होम गर्छ सो पनी ब्रह्मरूप हो त्यो ब्रह्मकर्म नियम गरेर ब्रह्मैमा प्राप्त हुनामा योग्य हुन्छ ॥ २४ ॥ यस्तो कर्मयोग को ज्ञान कर्ता भनेर अब कर्मयोग को भेद भन्छन् कि "अपरे अकारो वै विष्णुः" यो श्रुति

॥ २५ ॥ श्रोत्रादीनीन्द्रियाण्यन्ये सं यमाग्निषुजुह्वति ॥ शब्दादीन्विषया नन्य इन्द्रियाग्निषु जुह्वति ॥ २६ ॥ सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि

प्रमाणले जो विष्णुमा तत्पर छन् ती योगी दैव यज्ञ अर्थात् प्रतिमा पूजन रूप यज्ञ गर्छन् अन्दा अरू पनी यस्तै योगी ब्रह्मात्मक अग्निमा यज्ञ साधन सामग्री गरेर हवनात्मक अज्ञमा हवन गर्छन् ॥ २५ ॥ अरू कति योगीहरू कर्णादि इन्द्रिय हरुकन संयमरूप अग्निमा होमगर्छन् अर्थात् श्रोत्रादि इन्द्रियलाई हरिकीर्त्तन सुन्नैमा लाउछन् अरू कति योगी हरू शब्द, स्पर्श, रूप, गन्ध इनिहरुकन श्रोत्र, त्वक्, चक्षु, जिह्वा नासिका रूप इन्द्रियमा होमछन् अर्थात् हरि कीर्तन बिना अरू सुन्दैनन् ॥ २६ ॥ अरू कति योगी हरू सब इन्द्रियादिका कर्म र औ

चापरे ॥ आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥ द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ॥ स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥ ॥२८॥ अपाने जुह्वति प्राणं प्राणेऽ

प्राणादिक, कर्मलाई ज्ञानले प्रज्वलित मन संयम रूप अग्निमा होम छन् अर्थात् मनले इन्द्रिय प्राण कर्म वृत्ति लाई संसार विषय देखि निवारण गरेर आत्मज्ञानमा लाउँ छन् ॥ २७ ॥ अरु कति योगी द्रव्यले यज्ञ गर्छन् अर्थात् दानादि गर्छन् कोही उपवासादि रूप यज्ञ गर्छन् तस्तै अरु पुण्यक्षेत्रमा बास रूप यज्ञ गर्छन् औ कति दृढ़व्रतीहरू वेद पाठ वेदार्थ विचार रूप यज्ञ गर्छन् ॥ २८ ॥ अरु कति कर्मयोगी प्रमाणले आहार गर्नें हरु जस्तो आधापेट अन्नले भरोस् चौथाई जलले चौथाई वायु खेलन

पानं तथाऽपरे ॥ प्राणापानगती रु-
द्ध्वा प्राणायाम परायणाः ॥ २९ ॥
अपरे नियताहाराः प्राणान्प्राणेषुजु
ह्वति ॥ सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपि
तकल्मषा ॥ ३० ॥ यज्ञशिष्टामृतभु
जोयान्ति ब्रह्म सनातनम् ॥ नायं
लोकोऽस्त्य यज्ञस्य कुतोन्यः कुरुस

निमित्त खाली राखेर प्राणायाममा तत्पर छन्
तेस्ता योगी अपानवायुमा प्राणवायु लाइ होम
छन् अर्थात् पूरक गर्छन् । यस्तै कति योगी
हरू प्राण वायुमा अपानवायु होम गर्छन् अर्थात्
रेचक गर्छन यस्तै अरू प्राण, अपान दुवै वायु
का गतिलाई रोकी प्राणायाममा तत्पर हुन्छन्
॥२९॥ कोही प्राणादि वायुकन प्राणौ मा होम
गर्छन अर्थात् कुम्भक गर्छन् येति सबै यज्ञ जा-
न्नेहरू यज्ञ गर्दा पापरहित भयाका हुन्छन् ॥३०॥

त्तम ॥ ३१ ॥ एवं वहुविधा यज्ञा
वितता ब्रह्मणो मुखे ॥ कर्मजान्वि-
द्धितान् सर्वानेवंज्ञात्वा विमोक्ष्यसे ॥
॥ ३२ ॥ श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञान
यज्ञः परंतपः सर्वंकर्माखिल पार्थज्ञाने

यज्ञको शेष अमृत रुप अन्न खाने हरु सनातन ब्रह्ममा प्राप्त हुन्छन् हे कुरुवंशमा श्रेष्ठ अर्जुन! जो यज्ञ गर्दैन तेस् लाई यो लोक पनी छैन भने परलोक ता कसरी होला ॥ ३१ ॥ यस्तै धेर प्रकारका बेदमा विस्तार गरेर कहेका छन् ती सबलाई कर्म देखिन् जन्मने जान अर्थात् ती सब कर्मले हुँने जान यस्तो जान्नाले मुक्त हुनेछौ ॥ ३२ ॥ यज्ञ भन्दा ज्ञानयज्ञ श्रेष्ठ छ कारण यो कि द्रव्य दानरूप यज्ञको पनी फल ज्ञान हो हे पार्थ! फलसहित सब कर्म ज्ञानमा

परिसमाप्यते ॥ ३३ ॥ तद्विद्धि प्र-
णिपातेन परिप्रश्नेन सेवया ॥ उपदे
क्ष्यान्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शि-
नः ॥ ३४ ॥ यज्ज्ञात्वा न पुनर्मोह

समाप्त हुन्छ अर्थात ज्ञान का निमित्त यज्ञ गर्छन् ॥ ३३ ॥ सो ज्ञान तत्व दर्शित ज्ञानी जन तिमिलाई उपदेश दिनन् तिमो उनी हरूको सेवा गर सत्कार पूर्वक नमस्कार गर तिन साँग प्रश्न गरेर जान यस्मा श्रीकृष्ण भगवान् ले केवल ज्ञानिजन को प्रशंसा निमित्त ई वाक्य भनेकाहुंन् औ (अविनाशि तुनद्धिद्धि) यो श्लोक दोखन् (एषानेमिहितासांख्ये) आहाँ संम ज्ञान उपदेश गरिसक्छन ॥ ३४ ॥ हे पांडु पुत्र। जुन ज्ञान लाई जानेर यस्तो मोहयोग पाउनौ जौन ज्ञानले गर्दा सबप्राणी आफू जस्तो देखौ जा जस्तो कि प्रकृति भन्दा भिन्नमयापछिज्ञान कति

मेव यास्यासि पाण्डव ॥ येन भूता
न्यशेषेण द्रक्ष्यास्यात्मन्यथो मयि ॥
॥ ३५ ॥ अपि चेदसि पापेभ्यः सर्वे
भ्यः पापकृत्तमः ॥ सर्वं ज्ञानप्लवेनैव

ले सब समान छ आफू जस्तो देखे पछि फेरी म
समान देखौला अर्थात् ज्ञान प्राप्त भयेपछि जीव
मैं तुल्य हुन्छन सोपनो अगाड़ो भन्नेछन् 'इदं
ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः' यस्ता ब्रह्म
सूत्रको पनो प्रमाण छ श्रुति पनी प्रमाण छ
'भोगमात्रं साम्यलिंगाच्च तथा विद्वान पुण्यपाप
विधूय निरंजनः परमं शांतिमुपैति' इत्यादि प्रमाण
ले नामरूप रहित अर्थात् सूक्ष्मावस्थामा आत्मा
परमात्मा को स्वरूप समस्त निश्चय हुन्छ ॥३५॥
जो कि सब पापिहरू भन्दा पनी तिमी बड़ा
पापीका हौजा ता पनी ज्ञान रुपलाई नाउ गरेर
सब दुःखमय संसार रूप समुद्रदेखि तरौजा ॥

वृजिनं संतरिष्यसि ॥३६॥ यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ॥ ज्ञानाग्निः सर्वकर्माणिभस्मसात्कुरुते तथा ॥ ३७ ॥ न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ॥ तत्स्वयं योग संसिद्धः कालेनात्मनि विन्दति ॥ ३८ ॥ श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ॥ ज्ञानं लब्ध्वा

॥ ३६ ॥ हे अर्जुन । जस्तै बलेको अग्निले दाउरा लाइ भस्म गर्छ तेस्तै विज्ञान रूप अग्निले सब कर्मबंधन लाई भस्म गर्छ ।।३७॥ य-श्लोकमा निश्चय गरेर ज्ञान बराबर पवित्र अर्को छैन तेस्ज्ञानलाई केहि दिन कर्मगर्दा गर्दा कर्मयोगले सिद्धि भयाको छन्दा आफैमा प्राप्त हुन्छ ॥ ३८ ॥ ज्ञान प्राप्तिमा लागेका इन्द्रिय हरु कन खिचेका श्रद्धावान् पुरुष ज्ञानलाई पाउँछन्

परां शान्तिमचिरेणाधिगच्छति॥३९॥
अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विन-
श्यति॥ नायं लोकोऽस्ति न परो न
सुखं संशयात्मनः॥४०॥ योग सन्य
स्तकर्माणं ज्ञानसंछिन्नसंशयम्॥ आ
त्मवन्तं न कर्माणि निबध्नन्ति धनं

तेस् ज्ञान कन पायेर थोर दिनमा परमशान्त हुन्छन् ॥३९॥ जो अज्ञानि छ औ ज्ञान प्राप्ति माश्रद्धा को पनी धारण गर्दैन मनमा संशय राख्छ सो नष्ठ भ्रष्ठ संसारमा घुम्दै रहन्छ, जस्का मनमा संशय छ तेस्लाई इहलाकमा सुखछैन पर लोकमा ता क्या सुखहोला यस्तालाई काँही पनी सुखछैन ॥४०॥ हे अर्जुन परमेश्वर आ राधन रूप निष्काम कर्मयोग तेस्कर्मयोगकन पर- मात्मा अर्पण गरेको छ जस्ले ज्ञानले काटिये को छ सन्देह जस्का तेस्ता थिर चित्त ज्ञानी लाई

जय ॥४१॥ तस्माद ज्ञान संभूतं हृ
त्स्थं ज्ञानासिनात्मनः ॥ छित्त्वैन सं-
शयं योगमातिष्ठात्तिष्ठ भारत ॥४२॥

अथ पञ्चमोऽध्यायः ।

अर्जुन उवाच ॥ सन्यास कर्मणा
कृष्ण पुनर्योग च शससि ॥ यच्छ्रेय

कर्मले बन्धन गर्दैन ॥४१॥ हे भरतवंशोत्पन्न
अर्जुन ! तेस्निमित्त जो अज्ञानले उत्पन्न तिम्रा
हृदयमा रहेको यस्तो यो संशय लाई ज्ञानरूप
खड्गले काटेर उठ औ कर्मयोगमा प्रवृत्त हौ
अर्थात् क्षत्रियको कर्म युद्ध गर ॥४२॥

औं तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योग
शास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानयोगोनाम चतुर्थोऽध्यायः ॥४॥

श्रीकृष्णलाई अर्जुन सोद्धछन् कि कर्मको
संन्यास जो ज्ञान तेस्लाई औ फेर कर्मयोगलाई
भन्नु हुन्छ है २ मा जो निश्चय श्रेष्ठ गरियाको

एतयोरेकं तन्मेब्रूहिसुनिश्चितम् ॥१॥
श्रीभगवानुवाच ॥ संन्यासः कर्मयोग
श्च निः श्रेयसकराबुभौ । तयोस्तु कर्म
संन्यासात्कर्मयोगो विशिष्यते ॥२॥
ज्ञेयःसनित्यसंन्यासी यो न द्वेष्टि न
कांक्षति ॥ निर्द्वंद्वोहिमहाबाहो सुखं ब

छ सोही भन्नु होस् जस्तै दूसरा अध्यायमा
कहियो कि मुमुक्षुले पैले कर्म गरेर अन्तस्करण
शुद्ध भये पछी ज्ञान योग गरेरआत्मदर्शनको
उपाय गरोस् तेश्रो चौथा अध्याय मा ज्ञानीलाई
पनी कर्म गर्नु श्रेष्ठ भन्नु हुन्छ दुदैमा श्रेष्ठ जो
छ सो भन्नु होस् ॥ १ ॥ जब अर्जुनले प्रार्थना
गरे तब श्रीकृष्ण भगवान् भन्नु हुन्छ कि सन्यास
जो कर्मका त्याग और धर्मयाग दुवै कल्याण
गर्नें छन् यस्मापनी धर्मसंन्यास योग भन्दा कर्म
योग श्रेष्ठ छ ॥ २ ॥ हे महाबाहो ! जो कोही

न्धात् प्रमुच्यते ॥ ३ ॥ सांख्ययोगौ
पृथग्बालाः प्रवदन्ति न पंडिताः ।
एकमप्यस्थितः सम्यगुभयोर्विन्दते
फलम् ॥४॥ यत्सांख्यैः प्राप्यते स्थानं
तद्योगैरपि गम्यते ॥ एकं सांख्यं च
योगं च यः पश्यति सपश्यति ॥५॥

वस्तु को द्वेष गर्दैन, चाहापनी गर्दैन सो मनुष्य
सुखदुःखादि शीत उष्णादिरहित नित्य सन्यासी
जान्नु त्यो मनुष्य सुखपुर्वक निश्चय बंधन देखि
मुक्त हुन्छ ॥३॥ जो मूर्ख छन् तो सांख्य योग
अर्थात ज्ञानकर्मलाई भिन्न भिन्न भन्छन् पण्डित
हरु भन्दैनन् ई २ का मध्यमा एकमा पनी बढ़िया
तवलें रह्याको छ भने दुवैको फललाई पाउँछ
॥४॥ जुन स्थान ज्ञानले प्राप्त हुन्छ येस्कारण
ज्ञान और कर्मकन एक जान्दछ सो अर्थात्
विद्वान् हो ॥ ५ ॥ हे महाबाहो ! यो संन्यास

सन्यासस्तु महाबाहो दुःखमाप्तुम
योगतः ॥ योगयुक्तो मुनिर्ब्रह्म न चि
रेणाऽधिगच्छति ॥ ६ ॥ योगयुक्तो वि
शुद्धात्मा विजितात्मा जितेन्द्रियः ॥
सर्वभूतात्म भूतात्मा कुर्वन्नपि न लि
प्यते ॥७॥ नैवाकिंचित्करोमिति युक्तो
मन्येत तत्ववित् ॥ पश्यन्शृणवन्स्पृ

कर्म बिना प्राप्त हुनू कठिन छ जो कर्मयोगयुक्त
अर्थात आत्मज्ञानमा मन लगायेको छन् सो थोरै
दिनमा ब्रह्ममा प्राप्त हुन्छन् ॥६॥ जो कर्मयोग
युक्त अर्थात् निष्काम कर्म गर्छन् जस्को वाणि
ले हरिकीर्त्तन गर्छ मनले हरिस्मरण गर्छ इन्द्रिय
विषयलाइ श्रेष्ठजान्दैनन् औ सर्बभूत प्राणीको
अन्तर्यात्मा पनी छ आत्मा जस्को सो पुरुष कर्म
गर्छता पनी लेपन हुंदैन ॥७॥ इन्द्रिय हरुको
विषयमा र इन्द्रियमा वर्तमान रहन्छन् मने यस्ता

शृण्वन्स्पृशन्जिघ्रन्नश्नन्गच्छन्स्वपन्श्वसन्॥८॥
प्रलपन् विसृजन्गृह्णन्नुन्मिषन्निमिष
न्नपि ॥ इन्द्रियाणीन्द्रियार्थेषुवर्तन्त
इति धारयन् ॥९॥ ब्रह्मण्याधाय क
र्माणि संङ्गं त्यक्त्वा करोति यः।
लिप्यतेन स पापेन पद्मपत्रमिवाम्भ
सा ॥१०॥ कायेन मनसा बुद्ध्या केव

बुद्धि धारण गर्ने भनेका तत्वज्ञानी कर्मयोगी हरू देख्दा, सुन्दा, स्पर्श गर्दा, सुँघदा, खाँदा सुत्ता, हिड्दा स्वास लिंदा ॥ ८ ॥ बाल्दा, छोड्दा, समाउंदा, नेत्र हेरदा, चिम्लँदामा पनी म केही पनी गर्दिन भन्ने यस्तो मान्दछन् ॥९॥ जो शरीरमा अर्थात् शरीरस्थ इन्द्रिय मा रहेका कर्मलाई धारण गरेर अर्थात् कर्म गर्न्या हरू इन्द्रिय हुन् यस्तो जानेर कर्म फलको लालच त्याग गरेर कर्म गर्छ त्यो कर्मज्ञे लिप्त हुँदैन॥

लैरिन्द्रियैरपि। योगिनः कर्म कुर्वन्ति संङ्गं त्यक्त्वात्मशुद्धये ॥ ११ ॥ युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ॥ अयुक्तः कामकारेण फले सक्तो निबद्धयते ॥ १२ ॥ सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ॥ नव द्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥

॥१०॥ जो योगी छ त्यो फलको संगकन छोड़ेर आत्मसुद्धि कानिमित्त अर्थात् आत्मगत प्राचीन कर्मबंधन छुटाउंनाका निमित्त शरीरले मनले, बुद्धिले केवल इन्द्रियहरूले पनी कर्म गर्छन् ॥११॥ आत्मयोग युक्त पुरुष कर्मफल कन छोड़ेर ईश्वररूप शान्ति प्राप्ति गर्छ जो आत्मज्ञानले रहित छ सो मनुष्त इच्छापूर्वक फल मा आसक्त भयेको छँदो बद्ध हुन्छ॥१२॥जस्का चित्त वश भयेको छ यस्तो देहधारी जीवनद्वार

॥ १३ ॥ न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ॥ न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥ नादत्ते कस्यचित्पापं न चैवसुकृतं विभुः ॥ अज्ञानेनावृतंज्ञानंतेनमुह्यन्तिजन्तवः ॥ ॥ १५ ॥ ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ॥ तेषामादित्य वज्ज्ञा

ले युक्त भयेको जो पुरु तेस्मा मनले कर्मादि लाई राखेर न गर्दो न गराउदो भयेको सुख जसरी हुन्छ तसैगरी रहन्छ ॥१३॥ अविनाशी आत्मा जो छ सो लोक को न कर्तृत्व, न कर्म न कर्म फलको संयोगकन सृष्टि गर्छ किन भने यो स्वभाव अर्थात् अनादि काल प्रकृति स्वभाव र वासनाप्रवृत्ति हुन्छ ॥१४॥ जस्तै कि कर्तृत्वले कर्मलाई उत्पन्न गर्नसक्तैन, यसैकारणले यो जीवात्मा कौने शरीर सम्बन्धी पापकन पनी

नं प्रकाशकयति तत्परम् ॥ १६ ॥ त
द्बुद्धस्तदात्मानस्तन्निष्ठास्तत्पराय-
णाः॥ गच्छन्त्य पुनरावृत्तिंज्ञाननिर्धूत
कल्मषाः॥१७॥विद्याविनयसम्पन्नेब्रा

ग्रहण गर्न सक्तैन औ पुण्य पनो ग्रहणगर्न सक्तैन
किनभने जस्को ज्ञान अज्ञानले ढाकियेको छ
तेस्ले ती जीवन मोह हुन्छन् अर्थात् अज्ञाले देह
का ऊपर आसक्तिभै तेस्ले दुःखी हुँन्छ ॥१५॥
जस्को आत्मा सम्बन्धी ज्ञानले त्या अज्ञान नष्ट
भये को छ त्यो श्रेष्ट ज्ञान सूर्य तुल्यप्रकाश गर्छ
अर्थात् संसार·दुःखरहीत भयेको छँदो मुक्त हुन्छ
॥१६॥ त्यो आत्मज्ञानमा बुद्धि छ जस्का तेस्मा
छ मन जस्को उसैमा छ निष्ठाजस्को त्यै आ
त्मामा छ श्रेष्ठ वासस्थान जुन् मनुष्यको यस्प्र
कार का ज्ञानले नष्ट भयेको छ मनको विकार
जुन पुरुष को ती पुरुष मुक्ति पाउँछन् ॥१७॥

ह्मणेगविहस्तिनि । शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥ इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ॥ निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ॥१९॥ न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम्॥ स्थिरबुद्धिरसंमूढो ब्रह्मविद् ब्रह्मणि

विद्या र नम्रताले युक्त भयेकोब्राह्मणमा, गाईमा, हात्तीमा, कुत्तामा औ चांडालैमा पनी पंडितहरु समदर्शि हुन्छन् अर्थात् आत्मालाई आफु जस्तो जान्दछन् ॥१८॥ जस्को मनमा यस्तो समता रहेको छ तिनलेयसै लोकमा संसार जिते काछन् तेस्कारणले ती निर्दोषि ब्रह्म सर्वत्र समान् छन् तेस्कारणले ती ब्रह्मप्राप्ति निमित्तर हेका छन्॥१९॥प्रिय वस्तुलाई पायेर हर्ष न हुंनु अप्रिय वस्तुलाई पायेर व्याकुल न हुँनु यस्तो

स्थितः ॥२०॥ बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ॥ स ब्रह्म योगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥ ये हि संस्पर्शजा भोगा दुःख योनय एव ते ॥ आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥ शक्नोतीहैव यः सोढुं प्राक्शरीर विमोक्षणात् ॥

स्थिर बुद्धि बिचारशील ब्रह्म जान्ने ब्रह्मप्राप्ति हुनाका निमित्त स्थिर रहेकाछन् ॥२०॥ शब्दा दिका विषयमा आशक्त न भयेको ब्रह्मप्राप्ति का निमित्त चित्त दिन्या, पुरुष अक्षय सुख पाउँछ अर्थात् मुक्ति पाउँछ ॥२१॥ हे कुन्तीपुत्र ! जो शब्द, स्पर्शादि भोगछन् ती दुःख विषयका का रण आद्यन्तवन्त अर्थात् जन्म स्थिर मरण हुन्छन् अर्थात् अल्पसुख छ यस्तो निश्चय गरेर तेस्ता पण्डित जन रमण गर्दैन ॥ २२ ॥ जो

कामक्रोधोद्भवं वेगं सयुक्तः ससुखीन
रः ॥२३॥ योऽन्तः सुखोन्तरारामस्त
थान्तर्ज्योतिरेव यः ॥ स योगी ब्रह्म
निर्वाणब्रह्मभूतोऽधिगच्छति ॥ २४ ॥
लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्म
षाः ॥ छिन्नद्वैधायतात्मानः सर्वभूतहि

मनुष्य काम, क्रोधको वेगकन सहन सक्छ त्यो योगी हो त्यो मनुष्य यसै लोकमा पनी सुखी हो॥२३॥जो आत्मैमा सुखी आत्मैमा विश्राम छ जस्को तेस्तै जो अन्तर्ज्योति अर्थात् आत्मै ज्ञानले प्रकाशित छ तहाँ योगी ब्रह्म भयेको छँदा मुक्ति पाउँछ॥२४॥जस्को लाभ, अलाभ, सुख दुःख ई दुबै उपद्रव नष्ट भयेको छ जस्को मन ईश्वरमा लागेको छ जो सब प्राणिको हितमा लागेको छ यस्कारणले तिन्को पाप क्षीण भये

तेरताः ॥२५॥ कामक्रोधवियुक्तानां य
तीनांयत चेतसाम् ॥ अभितो ब्रह्मनि
र्वाणं वर्तते विदितात्मनाम् ॥ २६ ॥
स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवा
न्तरे भ्रुवोः ॥ प्राणापानौ समौ कृत्वा
नासाभ्यन्त र चारिणौ ॥२७॥ यतेन्द्रि

को छ यस्ता ऋषिजन ब्रह्मतुल्य मुक्तिपाउँछन ॥२५॥ जो काम, क्रोध, रहित छन् ईश्वरप्राप्ति निमित्त यत्न गर्छन् चित्त जस्को वशमा छ यस्ता आत्माज्ञानि हरूको सब प्रकारले ब्रह्म सुख प्राप्ति भै रहन्छ ॥ २६ ॥ बाह्य इन्द्रियका विषयस्पर्शादिकन त्याग गरेर फेर २ भुकुटिका बीचमा दृष्टि गरेर नासीका को भित्र संचारगर्ने प्राण, अपानकन सम गरेर ॥२७॥ जो मनन शिल मुनिपुरुष इन्द्रिय, मन, बुद्धि बशगरेर मोक्ष आशक्त इच्छा भय क्रोधले रहित छ

यमनोबुद्धिमुनिर्मोक्षपरायणः ॥ वि
गतेच्छाभयक्रोधो यः सदा मुक्त एव
सः ॥२८॥ भोक्तारं यज्ञतपसां सर्व लो-
कमहेश्वरम् ॥ सुहृद सर्व भूतानां
ज्ञात्वा मां शान्तिमृच्छति ॥ २९ ॥

❀ अथ षष्ठोऽध्यायः ❀

श्रीभगवानुवाच ॥ अनाश्रितःक

त्यो सदा मुक्त छ। अब अति सुगम मात्र उपाय
मन्छन् कि तपस्याको भोग गर्ने जो सब
लोकको अर्थात् लोकेश्वर का पनी महेश्वर मुक्ति
प्राणिका मित्र यस्ता मकन जानेर पनी मुक्ति
प्राप्त हुन्छ ॥ २९ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे संन्यासयोगो
नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

कर्मयोग भनेर अब ज्ञानकर्म साध्य आत्म

र्मफलं कार्यं कर्म करोति यः ॥ ससं
न्यासी च योगी च न निरग्निर्न चाक्रि

दर्शन रूप योगाभ्यास भन्छन् त्याँहा कर्मयोग
को अपेक्षारहित योग-साधन हुदागर्नाका निमित्त
ज्ञानकारक कर्मयोग लाई योगशिरोगणि भन्छन
त्यो यस्तो कि जो कर्मफलको चाहगर्दैन आफ्नू
जति गर्नामा योग छ उति कर्मकन गर्छ सो
सन्यासी हो औ योगी हो जस्तो अग्निकर्म कन
त्याग गरेको छ सो सन्यासी योगी होइ नजस्तो
कि यो कर्म त्यागेको छ सो पनी सन्यासी योगी
होइ न यस्मा श्रीकृष्णको अभिमान देखाऊँ छन्
कि कलियुगमा सन्यासी को निर्वाह होवैन किन
भने मनुष्यको बुद्धि चञ्चल होला सो देखनामा
पनी आऊँछ कि जो घर छोड्दछन् तो संन्यासी
भयेर मठ बाँधेर व्यापार गर्छन् जस्तो स्त्री विवाह
गरेका छैन न् तो परस्त्रीगमन गर्छन्, छोराका

यः ॥ १ ॥ यंसन्यासमिति प्राहुर्योगंतं विद्धि पाण्डव ॥ न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन ॥ २ ॥

ठाउँमा शिष्य तुल्याउँछन् यस्तै तवलें सामान्य गृहस्थी भन्दा पनी अधिक हुन्छन् केवल प्रपंचमा रत हुन्छन् यस्कारणले श्रीकृष्ण ले निष्कामकर्म गर्नैलाई संन्यासयोग भनेका छन् औ अग्निकर्म तस्तै क्रिया त्यागगर्नाको निषेध गरेकाछन्॥ १॥ अब कहिये का कर्मयोगमा ज्ञानपनी देखाउँछन् हे पांडुपुत्र ! जुन्लाई संन्यास भन्छन् तेस्लाई भेदन गरेर योगै जानुन् जुन कारणले किकर्म फलको संकल्प न त्यागीकन कोहो पनी योगी कहिंदैनन् हुदैनन् अर्थात् कर्मफलकन ईश्वरार्पण विना योगी संन्यासी हुँदैनन् जो कर्मफल कन ईश्वरार्पण गर्छ सोही सन्यासी योगी हो ॥२॥ आत्मज्ञानको प्राप्ति चाहिन्या मनन

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ॥ योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥ ३ ॥ यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ॥ सर्वसंकल्प संन्यासी योगारूढस्तदोच्यते ॥४॥ उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ॥ आत्मवह्यात्मनो बंधुरात्मैव रिपु

शील हरूको ज्ञानप्राप्ति कारणकर्म भनेको छ त्यै ज्ञान प्राप्ति भयाका लाई मुक्तिको कारण संकल्प विकल्प त्यागपूर्वक कर्म भनेको छ ॥३॥ जउन् इन्द्रियका विषयमा कर्ममा आसक्त छैन उही सर्व संकल्पको त्यागी योगारूढ भनिन्छ यस् कारणले कर्मगर्नु अवस्य छ ॥ ४ ॥ यस्तो अफ्नु बशमा मन गरेर आफ्नु उद्धार गर्नु आफ्नु अबसादन अर्थात् घात नगर्नु मन आ

रात्मनः ॥५॥ बंधुरात्मात्मनस्तस्य ये
नात्मैवात्मनाजितः । अनात्मनस्तु
शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥ ६ ॥ जि-
तात्मनः प्रशान्तस्यपरमात्मा समा-
हितः ॥ शीतोष्णसुखदुःखेषु तथा
मानापमानयोः ॥ ७ ॥ ज्ञानविज्ञान
तृप्त त्मा कूटस्थो विजितेन्द्रियः ॥ यु
क्त इत्युच्यते योगी समलोष्टाश्मकां

फनु मित्र छ औ त्यो मन आफनु शत्रु छ ॥५॥
जस्ले बुद्धि द्वारा मनकन जितेको छ त्यो मन
आत्माको मित्र छ जस्ले मन जीतेको छैन ते
स्को मन शत्रु मा शत्रु जस्तो हुन्छ ॥ ६ ॥
शीत उष्ण, सुख औ दुःखमा तेस्तै मान, अप
मानमा जितेको छ मन जस्ले यस्तो शान्तको
बुद्धि अत्यन्त परिपूर्ण रहन्छ ॥ ७॥ ज्ञान जो
आत्म ज्ञान विज्ञान जो विशेष ज्ञान अर्थात् आ

चनः ॥ ८ ॥ सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबंधुषु ॥ साधुष्वपिच पापेषु समबुद्धिर्विशिष्यते ॥९॥ योगीयुंज्जीत

त्मविवेक इन्ले जस्का मन तृप्त छ कूटस्थ आर्थात् सकल शरीरमा आत्मा लाई बरोबर जानेर निर्विकार यस् कारणले जितेन्द्रिय यस् जितेन्द्रियत्वले जो खबटो, ढुंङ्गो सुवर्ण मणिकादि कन बरोबर जान्द छ यस्तो योगी मुक्त भनियेको छ ॥८॥ सुहृत् भन्नु त्यो कि आफुले उपकार न गरी आफनु उपकार गर्न्या, मित्र परस्पर उपकारी, जो प्रीति वैरमा रहित छ सो द्वेष्य, जो जो सर्वकालमा प्रेम वैर बरोबर सो द्वेष्य, जो सँधै ईर्ष्या गर्द छ, जो सर्व हितको इच्छा गर्छ सो बन्धु, जो सधर्म शील छ सो साधु हो औ जो पापशील छ सो पापी हो सबैमा पना जस्को बरोबर समता बुद्धि छ सो श्रेष्ठहो ॥९॥ एकलै रह

सततमात्मानं रहसि स्थितः ॥ एका
कीयतचित्तात्मानिराशीर परिग्रहः ॥
॥ १० ॥ शुचौ देशे प्रतिष्ठाप्य स्थि
रमासनमात्मनः ॥ नात्युच्छ्रितं नाति
नीचं चैलाजिनकुशोत्तरम् ॥ ११ ॥
तत्रैकाग्रंमनःकृत्वा यतचित्तेन्द्रियक्रि
यः । उपविश्यासन युंज्याद्योगमात्म

को आफ्ना वशमा मन चित्त भयेका संसारको आशा छोड़ेको आत्मा बाहेककेहि न लिन्या ये स्ता योगी एकान्तमा बसेकाछँदा मनकन सदा परमात्मा मा लगाउँदै रहन्छन् ॥१०॥ अब योगाभ्यासको आसन नियम भन्छन् जस्तै पवित्र स्थानमा न अति अग्लो न नीचो कुशासन. मृगासन, वस्त्रासन यस्तो स्थिर आफ्नु आसन बिछायेर ॥११॥ तेस् आसनमा बसेर मनलाई एकाग्रगरेर चित्त इन्द्रियहरूका कर्म आफ्ना

विशुद्धये ॥१२॥ समं कायशिरोग्री
वं धारयन्नचलं स्थिरः ॥ संप्रेक्ष्यना
सिकाग्रंस्वं दिशश्चानवलोकयन् ॥१३॥
प्रशान्तात्माविगतभीर्ब्रह्मचारिव्रतेस्थि
तः ॥ मनः संयम्य मच्चित्तो युक्त आ-
सीत मत्परः ॥१४॥ युञ्जन्नेवं सदात्मा
नं योगी नियतमानसः ॥ शान्ति नि-

बशमा गर्नाकन आफ्नु बन्धन छुटाउँनाका नि
मित्त योग गरोस् ॥१२॥ अब बस्न का नियम
भन्छन् कार्य जो मध्य शरीर शिर कुम् इन्लाई
अचल स्थिर बराबर राखे को छँदो आफ्ना ना
कका टुप्पालाई हेरेर अरू अरू न हेरेको छँदो
॥१३। प्रशान्नचित्त भयेको डर न भयेको ब्रह्म
चर्य ब्रतमा रहेको ममा चित लाउँन्या भये का
मनकन खिचेर आत्मामा निष्ठा भयेको पुरुषम
मा लीन भयाको छँदो वसीरहोस् ॥ १४ ॥

वाणपरमां मत्संस्थामाधिगच्छति ॥
॥१५॥ नात्यश्नतस्तु योगोस्ति न चै-
कान्तमनश्नतः ॥ न चाति स्वप्नशी
लस्य जाग्रतो नैव चार्जुन ॥ १६ ॥
युक्ताहार विहारस्य युक्त चेष्टस्य क

यस्तो नियममा छ मन जस्का यस्ता योगी यस्तै तवर्ले सब कालमा मनकन लगायेका छँदो उत्कृष्ट आनन्द छ जउन् पद मा त्यो पदतुल्य शान्तिकन पाउँछ॥१५॥ अबयोगी हरूका आहार को नियम भन्छन् जस्तै कि अर्जुन ! जो अति धेरै भोजन गर्छ तेस्का योग सिद्धि हुदैन औ जो क्यै पनी भोजन गर्दैन भने तेस्को पनी योग सिद्धि हुँदैन औ अतिसुतने हरूलाई पनी योग सिद्धि हुँदैन औ अति जागने हरूलाई पनी योग सिद्धि हुँदैन॥१६॥ आहार प्रमाण भन्छन् कि आधा पेट अन्नले भरोस् चौथाई जलले भरेर

र्मसु ॥ युक्तस्वप्नावबोधस्य योगो

चौथाई वायु चल्नाका निमित राखोस् स्त्रीसंग को प्रमाण भन्छन् कि अत्यन भोग को इच्छा छ भने स्त्री भोग गरोस जो कोही येस्कुरामा शंका गरुन् कि योगि हरूलाई ता ब्रह्मचर्य गर्नु भनी भन्ने भयेको छ जस्तै कि यसै अध्यायको चौधौं श्लोक मा भन्नु भयेको छ सो सत्य हो परन्तु "ऋतौ भार्या मुपेयात्" यो श्रुति प्रमाण ले ऋतु कालमा स्त्रीप्रसंग गर्नामा पनी एक ब्रह्मचर्य छ अरु पनी भयेको छ "इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् । कर्मेन्द्रियाणि मनसा नियम्य रम तेर्जुन" इत्यादि तेस्तै भनेका छन् कि अथवा योगिनामेव कुले भवति धीमता" जो योगी भन्छन् कि प्रसंग गरेन भने तेस्को कुलमा जन्म कसरी होला इत्यादि प्रमाणले योगी स्त्रीप्रसंग प्रमाणले गरोस् यो बिहार शब्द को अर्थ सिद्धभो यस्ते कर्ममा पनी चेष्टा प्रमाणले गरोस् अति परिश्रम

भवति दुःखहा ॥ १७ ॥ यदाविनियतं चित्तमात्मन्येवावतिष्ठते ॥ निस्पृहः सर्वकामेभ्योयुक्त इत्युच्यते तदा ॥१८॥ यथा दीपो निवातस्थो नेङ्गते-सोपमास्मृता ॥ योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥ यत्रोपर

न गनु यस्मा भागवत् प्रमाण दिन्छन् "सिद्धेऽयथार्थे नयते तत्र परिश्रमं तत्रसमीक्षमाणः" यस्तो द्वितीयस्कन्धकको दोश्रा अध्यायका तेश्रा श्लोकमा मनेको छ ॥१७॥ जब आत्मैमा अति स्थिर चित्त लागी रहन्छ तब सब कामना देखिन् इच्छा न भयेको त्यो पुरुषयुक्त योगी मनिन्छ ॥१८॥ जस्तै वायु न लाग्ने स्थानमा राखियाको दीप हल्लनु, डोलनु गर्दैन तस्तै वश भयेको छ चित्त जस्को यस्तो योगकन गर्न्या हरूका मनको उपमा कहेका हो ॥ १९ ॥ योग सेवन गर्नाले

मते चित्तं निरुद्धं योगसेवया ॥ यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥ २० ॥ सुखमात्यान्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ॥ वेत्ति यत्र न चैवायं स्थितश्चलतितत्त्वतः ॥२१॥ यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ॥ यस्मिन्स्थितो न दुःखेन गुरु

विषय भोगादि देखिन् जाहाँ बस्ने विश्रामकन पाउँछ औ जहां बुद्धिका द्वाराले आत्मस्वरूपको निश्चय गर्दो मनमा सन्तुष्ट होस ॥ २० ॥ जो इन्द्रिय हरूले जान्नामा आउँदैन बुद्धिले ग्रहण गर्नामा आउँछ यस्तो अत्यन्त सुख तेस्कन जुन योगमा रहेका जो पुरुष जान्दछ सो यस्तो निश्चयगरी आत्मस्वरूप देखिन् चलायमान हुँदैन अर्थात् चल्दैन ॥२१॥ जउन् आत्मस्वरूपकन पायेर फेरी त्यो आत्मस्वरूपमन्दा बढ़ता श्रेष्ठ

णापि विचाल्यते ॥२२॥ तं विद्याद्
दुःखसंयोगवियोगं योगसंज्ञितम् ॥ स
निश्चयेन योक्तव्यो योगो निर्विण्णचे
तसा ॥२३॥ संकल्पप्रभवान्कामांस्त्य
क्त्वा सर्वानशेषतःमनसैवेन्द्रियग्रामं
विनियम्य समन्ततः ॥ २४ ॥ शनैः
शनैरुपरमेद्बुद्ध्या धृतिगृहीतया ॥
आत्मसंस्थंमनः कृत्वा न किंचिदपि

अर्थोक लाभ मान्दैन, जुन स्वरूपमा प्रवृत्ति भये
का प्राणी दुःख पाउन् ता पनी घबराउँदै
नन् ॥२२॥ तेस्तो दुःख समूह संयोगको वियोग
योग नामकन जान्नु यो योग निर्विकल्प अर्थात्
एकचित्तले निश्चय गरेर गर्न योग्य छ ॥२३॥
स्पर्श देखि जन्मेका औ संकल्प देखि जन्मेका
ई दुई भेद देखिन् जन्मेका कामना दुई प्रकारका
छन् तिन्मा स्पर्शज भन्नु शीतऊष्णादि, संकल्प

चिन्तयेत् ॥२५॥ यस्तो यतो निश्चरति मनश्चञ्चलमास्थिरम् ॥ ततस्ततो नियम्येत दात्मन्येव वशंनयेत् ॥२६॥ प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ॥ उपैतिशान्त रजसंब्रह्मभूतम

मन्तु पुत्र ऐश्वर्यादि इन्मा स्पर्शंज को त्याग स्व रूप ले हुंन सक्तैन यस् कारणले संकल्प देखि भयेका कामना हरूकन मनैले त्याग गरेर सब इन्द्रिय हरूलाई सर्वत्र बाट खिचेर विवेक शब्द बुद्धि द्वारा सुस्त मन लाई आत्मस्वरूप स्थिरग रेर आत्मस्वरूप बाहेक क्यैमा पनी चिन्तना न गर्नु ॥ २५ ॥ यो मन चञ्चल छ यस कारणले आत्मस्वरूपमा स्थिर रहँदैन सोयो मनजहां जहां लाग्छ तहाँ तहां बाट फिरायेर आत्मस्परूपमा लगाउँनु ॥ २६॥ कारण भन्छन् कि जस्को मन आत्मस्वरूपमा स्थिर छ तेस्को रजोगुण पनी

कल्मषम् ॥ २७ ॥ युञ्जन्नेवं सदात्मा
नं योगी विगतकल्मषः ॥ सुखेनब्रह्म
संस्पर्शमत्यन्तंसुखमश्नुते ॥ २८ ॥ स
र्वभूतस्थमात्मानं सर्वभूतानि चात्म
नि ॥ ईक्षते योगयुक्तात्मा सर्वत्र स

नष्ट छ तेसैले त्यो निस्पाप छ, तेसैले त्यो आफ्ना स्वरूपमा स्थिर रहेका छ यस्तो योगिकन उत्तम अर्थात् आत्मअनुभव रूप सुख प्राप्ति हुन्छ ॥ ॥२७॥ यस्तै निस्पाप योगी येसै रीतले सँधै मन कन स्वरुप ज्ञानमा लाउँदा मा ब्रह्मअनुभव रूप अत्यन्त सुखकन पाउँछ ॥२८॥ सर्वत्र सर्व शत्रु, मित्रादिमा बरोबर दृष्टियाग जो "द्वासु पर्णासयुजौ सखायौ" यो श्रुति प्रमाणले सत्वरूप संयोगमा मन लायेको छ जस्ले त्यो आफ्नो रूप लाई आकाशादि सबप्राणिमा रह्याको औ ती नाकाशादि सब प्राणिलाई आफु मैं देख

मद्दर्शनः ॥ २९ ॥ यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ॥ तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥ सर्वभूतस्थितं यो मां भजत्ये कत्वमास्थितः ॥ सर्वथावर्तमानोऽपि

छ ॥२९॥ यस्तो जो मेरो सर्वत्र मालाका मणिमा धागो झैं देख्त छ औ सब जगत् धागामा उनियेको मणि झैं ममा देख्त छ म तेस्लाई न देखिने हुन्न औ त्यो ममा अदृश्य छैन ॥३०॥ जो एकत्व अर्थात् सबमा मित्रभाव एकत्वको अर्थ जो स्वरूपको एकता गर्छ भने मेरो भजन गरोस् यस्कारणले मित्र तेही हो वाल्मीकीय सुन्दरकाण्डमा पनी "रामसुग्रीवयोरैक्यं देवी वंशमजायत" यो हनुमानका वाक्यले पनीएकता अर्थ पनी मित्रता हो जो सब सँग मित्रतामा रहेका सब प्राणिमा व्यापक मकन भजन गर्छ

स योगी मयि वर्तते ॥३१॥ आत्मौप
म्येन सर्वत्र समं पश्यति योऽर्जुन ॥ सु
खं वा यदि दुःखं स योगी परमोमतः
॥ ३२ ॥ अर्जुन उवाच ॥ योऽयं यो
गस्त्वया प्रोक्तः साम्येन मधुसूदन ॥
एतस्याहं न पश्यामि चञ्चलत्वात्
स्थितिं स्थिराम् ॥ ३३ ॥ चञ्चलं हि

निश्चय त्यो योगी सब आचारकन गर्दो छँदो
मेरा हृदयमा बसिरहन्छ ॥३१॥ हे अर्जुन ! जो
सुख वा दुःख आफैंले सम गरेर सर्वत्र समान
देख्छ त्यो योगी उत्तम छ यो श्लोक उनन्तिसौं
श्लोकको खुलासा गर्दछ ॥३२॥ श्रीकृष्ण को
वाक्य सुनेर अर्जुनबोल्दा भये कि हे मधुसूदन !
जो योग समता गरेर हजूरले भन्नुभो सो मनको
चञ्चलताले म यस्को स्थिर स्थिति देख्दिन॥
॥३३॥ हे कृष्ण ! जुन् कारणले यो मन चञ्चल

मनः कृष्ण प्रमाथि बलवद्दृढम् ॥
तस्याहं निग्रहं मन्ये वायोरिव सुदु
ष्करम् ॥ ३४ ॥ श्री भगवानुवाच ॥
असंशयं महाबाहो मनोदुर्निग्रहं च
लम् ॥ अभ्यासेन तु कौन्तेय वैराग्येण
च गृह्यते ॥ ३५ ॥ असंयतात्मनो यो
गो दुष्प्राप इति मे मतिः ॥ वश्यात्म

इन्द्रियहरु कन जगाउने दृढ बलियो छ यस् मन
कन रोक्न सक्नु वायु रोक्नु जस्तो न सकिन्यां
मान्छु ॥३४॥ यस्तो वचन सुनेर श्रीकृष्ण भग-
वान् भन्छन् कि हे महाबाहो ! यो मन चञ्चल
छ, यसै कारणले रोक्नामा कठिन छ यसमा
संशय छैन तैपनी हे कुन्तिपुत्र ! अभ्यास गरेर
औ वैराग्य गरेर रोक्नामा आउँछ ॥३५॥ यो
योग जस्ले मन वश गरेको छैन तेस्लाई प्राप्त
हुँने छैन यस्तो मेरो मत छ औ जस्ले मन वश

ना तु यतताशक्योऽवाप्तुमुपायतः
॥ ३६ ॥ अर्जुन उवाच ॥ अयतिः श्र
द्धयोपेतो योगाच्चलितमानसः ॥ अ-
प्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण
गच्छति ॥ ३७ ॥ कच्चिन्नोभयविभ्रष्ट
श्छिन्नाभ्रमिव नश्यति ॥ अप्रतिष्ठो म

गर्या को छ तेस्लाई यत्न गर्दा गर्दा उपायले
प्राप्त हुँन सक्छ ॥ ३६ ॥ "नेहाभिक्रमनाशोऽस्ति
प्रत्यवायो न विद्यते" इत्यादि वाक्यले योगमहा
त्म्य सुनेथे ता पनी विशेषता जान्नका निमित्त
फेरि सोद्धछन् जस्तै कि हे कृष्ण! जो श्रद्धाले
युक्त यत्न गर्न न सक्ने यस्कारणले मन चलाय
मान भयेको योगसिद्धीकन न पायेको कौन गति
मा जान्छ॥ ३७ ॥ हे महाबाहो! वेद-मार्गमा भुलेको
पुरुषले स्वर्गप्राप्ति निमित्तको कर्म त्याग्यो निष्का
म रूप योगकन पनी प्राप्त भयेन यस्कारणले त्यो

ह्याबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥
एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्य
शेषतः ॥ त्वदन्यः संशयस्यास्य छे
त्तानह्युपपद्यते ॥ ३९ ॥ श्रीभगवानु
वाच ॥ पार्थ नैवेह नामुत्र विनाश
स्यस्य विद्यते ॥ नहि कल्याण कृ-

अप्रतिष्ठित उभयभ्रष्ट अर्थात् स्वर्गादि प्राप्ति गर्न्या
कर्म पनी छोडयौ औ योग पनी पायेन यसैले
कदाचित् छिन्नाभ्रंका भैं जस्तै ठुला बादल बाट
निस्केर मेघका टुक्रा अर्को मेघमा प्राप्त न भै
बीचै मा नष्ट हुन्छ तस्तै नष्ट हुंदैन ? ॥३८॥
हे कृष्ण ! यो मेरो संशयकन असल तवर्ले काट-
नाम योग्य छौ किन भने यो संदेह काटन्या
अर्को हजूर बिना कोही पाइने छैन ॥ ३९ ॥
अर्जुन का वाक्य सुनेर कृष्ण भन्छन् कि हे
पार्थ ! त्यो योगीको नाश नत्यो लोकमा छ
न परलोकमा छ शुभगर्नें क्वाँही पनी दुर्गति मा

त्कश्चिद्दुर्गतिंतात गच्छति ॥ ४० ॥
प्राप्य पुण्यकृतांल्लोकानुषित्वा शाश्व
तीः समाः ॥ शुचीनां श्रीमतां गेहे
योगभ्रष्टोऽभिजायते ॥ ४१ ॥ अथवा
योगिनामेव कुले भवति धीमताम् ॥
एतद्धि दुर्लभतरं लोकेजन्म यदीदृश
म् ॥ ४२ ॥ यत्र तं बुद्धिसंयोग लभते
पौर्वदैहिकम् ॥ यतते च ततो भूयः

प्राप्त हुँदैन ॥४०॥ जो योगमा पूरा न भै मर्यो
भने ता पनी त्यो योग भ्रष्ट पुण्यगर्ने हरूको
लोकमा प्राप्त भै तहाँ अनेक वर्ष रहो पवित्र,
धनवान हरूका घरमा प्राप्त भै जन्मन्छ ॥ ४१॥
अथवा बुद्धिमान् योगीहरू का कुल मैं जन्मन्छ
जो जस्तो यो जन्म सो यो लोकमापाउँन दुर्लभ
छ॥४२। हे कुरुनन्दन । वहाँ जन्म लियेर त्यै
पूर्व देह सम्बन्धी बुद्धि जाइ पायेर तहाँ पछि त्यो

संसिद्धौ कुरुनन्दनन ॥ ४३ ॥ पूर्वा भ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ॥ जिज्ञासुरपि योगस्य शब्द ब्रह्मातिवर्तते ॥४४॥ प्रयत्नाद्यतमा नस्तुयोगी संशुद्धकिल्विषः ॥ अनेकजन्म संसिद्धस्ततो याति परां गतिम् ॥४५॥ तपस्विभ्योऽधिकोयोगी ज्ञानिभ्योऽ

सिद्धिका निमित्त फेर यत्न गर्छ ॥४३॥ योग गर्नु चाहिदैन इन्द्रिय जीत हुँदैनतापनी त्यो पुरुष त्यो पूर्व अभ्यासले तेस्कन पाउँछ किन भने जो योगलाई जान्नको इच्छागर्छ तापनी शब्द ब्रह्म अर्थात् देवादि नाम शब्द भक्त जो प्रकृति तेस्कन नाघेर जान्छ अर्थात् भक्त हुन्छ ॥४४॥ यस्तो प्रयत्नले योग गर्दा निष्पाप भयेको छँदा योगी अनेक जन्मले सिद्ध भयेको अवर्णनीय मुक्ति पाउँछ ॥ ४५ ॥ हे अर्जुन ! जो योगी

पि मतोऽधिकः ॥ कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ॥ ४६ ॥ योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ॥ श्रद्धावान्भजते यो मां स मे युक्ततमोमतः ॥ ४७ ॥

निष्काम कर्म गर्छ सो सकामी तपस्वी भन्दा अधिक माने को छ ज्ञानी भन्दा पनी योगी अधिक छ औ सब कर्म गर्ने भन्दा पनी योगी अधिक हो तेस कारण ले तिमि योगी हौ अर्थात् निष्काम रूप क्षत्रियको धर्म युद्धगर ॥ ४६ ॥ जौं श्रद्धा वान् पुरुषको ममा लागि रहने जो चित्त छ यस्तो चित्तले मलाई भजन गर्छ सो सर्व योगी मा श्रेष्ठयोगी हो यस्तो मेरो अभिप्राय छ ॥ ४७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ध्यानयोगोनाम षष्ठोऽध्यायः ॥६॥

—:❀❀❀:—

॥ अथ सप्तमोऽध्यायः ॥

श्रीभगवानुवाच ॥ मय्यासक्तमना पार्थ योगं युञ्जन्मदाश्रयः ॥ असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥ १ ॥ ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्या

प्रथमषट्क समाप्त भयो ॥ द्वितीयषट्क प्रारंभ भयो ॥ प्रथम षट्क अर्थात् पैल्हा छ अध्यायम ईश्वर प्राप्तिको उपायरूप भक्ति योगको अंग आत्मस्वरुप ज्ञानको प्राप्ति ज्ञानयोग कर्मयोगले भनियो। अब मध्यम षट्क अर्थात् छ देखिन् १२ पर्यन्त छ अध्याय मा परमात्मा स्वरूपको यथार्थ ज्ञान तेस् ज्ञानको माहात्म्यपूर्वक भगवान् को उपासना अर्थात् भक्ति इनैको प्रतिपादन गर्छन यस्को खुलासा अठारौं अध्यायमा ६५ श्लोक पछी, यतः प्रवृत्तिः जहां देखि मद्भक्तिं लभ तेपराम। यो श्लोकपर्यन्त भन्नेछन् सातौ अध्याय

मयशेषतः ॥ यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥ २॥ मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ॥ यततामपि सिद्धानां कश्चिन्मांवेत्ति तत्त्वतः ॥ ३ ॥ भूमिरापोऽनलो वायुः

मा आफ्नु स्वरूप ऐश्वर्यवर्णन गर्न्या छन् ॥१॥ हे पृथापुत्र ! अर्जुन ? तिमि ममा चित्त लगायेर मेरा आश्रीत भयेर योगमा युक्त भयेका छंदा जस्तै संदेह रहीत सर्व ऐश्वर्यसहीत बलसहीत मकन जानौला सो सुन ॥ २ ॥ म तिमी लाई यो विज्ञान सहीत ज्ञानकन सम्पूर्ण गरेर भन्छु जुन ज्ञानकन जानेर फेरी येस् लोकमा अरू जान्नमा योग रहँदैन ! हज्जारौ मनुष्य आत्म ज्ञान सिद्धिका निमित्त कैत्र जतन् गर्छन्, यत्न गर्ने सिद्धहरूमा पनी कैत्रूमा कोहो निश्चय गरेर जान्दछन्, अर्थात् यस्तो जान्ने हरू दुर्लभ छन्

खं मनो बुद्धिरेव च ॥ अहंकार इ
तीयं मे भिन्ना प्रकृतिरष्टधा ॥ ४ ॥
अपरे यमितस्त्वन्यां प्रकृतिं विद्धि
मेपराम् ॥ जीवभूतां महाबाहो ययेदं
धार्यते जगत् ॥ ५ ॥ एतद्योनीनि
भूतानि सर्वाणीत्युपधारय ॥ अहं कृ-
त्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥

॥ ३ ॥ महाबाहो हे अर्जुन ! पृथ्वी, जल, अग्नि,
वायु, आकाश, मन औ अहंकार यस्तो प्रकार
ले भिन्न भया को यो जो मेरी प्रकृति स्वरूप
अपरा अर्थात् जड छ ॥ ४ ॥ औ यसभन्दा
आर्को अरू जीव रूपलाई मेरी अपरा अर्थात्
चेतना प्रकृति जान, जुन् प्रकृति ले यो जगत्
धारण भयाको छ ॥५॥ तव भूत चराचर प्राणि
इनै दुई देखिन् प्रकट हुन्छन् यस्तो जान, म बस
जगत्को उत्पत्ति र स्थिति प्रलयस्थान पनी हुन्छू

॥ ६ ॥ मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनंजय ॥ मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥ ७ ॥ रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ॥ प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥ ८ ॥ पुण्यो गंधः पृथिव्यां च तेज

॥ ६ ॥ धागामा मालाको मणि तुल्य ममा यो सब जगत् उनियाको छ यस्कारण हे धनंजय! म देखि अलग अरू केहि पनी छैन ॥७॥ सूत्रे मणिगणाइव येसैकन देखाउँछन् कि कुन्तिपुत्र! जलमा रस, चन्द्र सूर्यमा कान्ति सब वेदमा ओंकार, आकाशमा शब्द पुरुष हरूमा पुरुषार्थ मैं हूं अर्थात ई जलादिको सार जो रसादि तिन्को पनी शरीर मैं हूँ ती मेरा शरीर हुन् यस्तो अहं शब्दको अर्थ सब जग्गामा शरीर शरीरी संबन्धले जान ॥८॥ पृथ्विमा पवित्र गंध अग्नि

श्चास्मि विभावसौ ॥ जीवनं सर्वभूतेषु तपश्चास्मितपस्विषु ॥ ९ ॥ बीजंमां सर्वभूतानां विद्धिपार्थ सनातनम् ॥ बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्वि नामहम् ॥ १० ॥ बलंबलवतांचाहि कामरागविवर्जितम् ॥ धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥ ये

मा तेज मैं हूँ, सब चर, अचर सब प्राणिमा आयुस्य मैं हूँ औ सब तपस्विहरूको तप पनो मैं हूँ ॥ ९ ॥ हे पार्थ ! सब प्राणिहरूको सनातन उत्पत्ति कारण मलाई जान, म बुद्धिमान हरूमा बुद्धिमान, तेजस्विहरूमा तेजस्वी हूँ ॥ ॥ १० ॥ हे भरतर्षभ ! काम-रागले रहित बलो हरूको बल औ भूतप्राणिमा धर्मले विरोध न भयाको काम मैं हूँ ॥ ११ ॥ जो शमादिक सात्विक भाव औ द्वेषादिराजस्यभाव औ जो

चैव सात्विका भावा राजसास्तामसा
श्चये ॥ मत्त एवेति तान्विद्धि न त्वहं
तेषु ते मयि ॥१२॥ त्रिभिर्गुणमयैर्भावै
रेभिः सर्वमिदंजगत् ॥ मोहितं नाभि
जानाति मामेभ्यः परमव्ययम् ॥ १३ ॥
दैवी ह्येषा गुणमयी मम माया दुर
त्यया ॥ मामेव ये प्रपद्यन्ते माया म

मोहादि तामस भाव छन् ती मै देखिछन् यस्तो
तिन्कन जान, म तिन्मा छन अर्थात् तिन्को
अधीन छैन ती मेरा अधीन छन् ॥ १२ ॥
तीनगुण का भावले मोहित यो सब जगत ई
देखि पर अविनाशी मकन जान्दैन ॥ १३ ॥
जुन् कारणले कि इ गुणमयी मेरी माया जान्न
कठिन छ यसैकारणले जो मेरा शरण मा आउँ
छन् ती यो मेरी मायाकन अनायास पारगर्छन्

तां तरन्ति ते ॥ १४ ॥ न मांदुष्कृति
नो मूढाः प्रपद्यन्ते नराधमाः ॥ मा
ययापहृज्ञाना आसुरं भाव माश्रि
ताः ॥१५॥ चतुर्विधा भजन्ते मां ज
नाः सुकृतिनोऽर्जुन ॥ आर्तो जिज्ञा-
सुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥ १६ ॥
तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्वि
शिष्यते ॥ प्रियो हि ज्ञानिनोऽत्यर्थ

॥ १४ ॥ मायाले हरणभयेको छ ज्ञान जस्का यस्ता मनुष्य तो राक्षसपना प्राप्त भयेका निन्दित कर्म गर्नेहरू मनुष्य अधम मूर्ख मलाई भजदैनन् ॥ १५ ॥ हे अर्जुन ! एक संसार देखि दुख, दोश्रो जान्नाको इच्छा गर्नेहरू, तेश्रो धनादि चाहनेहरू, चौथो ज्ञानी अर्थात स्वरूप जान्ने यस्तो चार प्रकारका सुकृति जन मकन भजन गर्छन् ॥१६॥ तेस्मा ज्ञानी नित्य

महं स च मम प्रियः ॥१७॥ उदाराः सर्व एवैतेज्ञानीत्वात्मैव मे मतम् ॥ आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥ १८ ॥ बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ॥ वासुदेवः

योग युक्त मेरा मुख्य भक्ति गर्नें श्रेष्ठछन् कारण कि ज्ञानी को म अत्यन्त प्रियछू तो मेरा अत्यन्त प्रियछन् ॥१७॥ ती सवै उदार छन् तापनी ज्ञानी मेरा पुत्र भैं पियारो छ यस्तो मेरो अभिप्रय छ कारण कि तिनै मा चित्त लगायाको छँदा सर्वोत्तम प्राप्ति मरुन ध्यान गर्छ ॥ १८ ॥ अनेक जन्म का अंन्त्यामा सब जगत् वासुदेवरूप छ यस्तो ज्ञानवान् हुन्छ अर्थात् वासुदेवात्मक जानेर अभिलाषा जब रहित हुन्छ तब मलाई भजन गर्छ सो महात्मा अति दुर्लभ छ अर्थात् कोटयोवधिमा कोही एक

सर्वमिति समहात्मा सुदुर्लभः ॥१९॥
कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ॥ तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥ यो यो यां यां तनुंभक्त श्रद्धयार्चितुमिच्छति ॥ तस्य तस्याचलां श्रद्धांतामेव विदधाम्य

हुन्छन् ॥१९॥ अरु सब आफ्नु राजस प्रकृतिले, राजस, तामस कर्ममा लागे का तत् तत कामना गरेर नष्टज्ञान भयेका तत् तत् पुत्रादि निमित्त नियमकन धारण गरेर अरु देवताहरुकन भजन गर्छन् ॥ २० ॥ "तदेवाग्निस्तत्सूर्यस्तदुचंद्रमा" इत्यादि श्रुति हरुको अर्थ खुलासा गर्‍या जो यस्यादित्यः शरीर इत्यादि श्रुतिहरुको अर्थ निरूपित यस श्लोकले अरु देवता हरुकन पनी भगवान् आफ्ना स्वरूप हुन् भनी देखाउँछन् जस्तै कि जो जो भक्त जुन जुन् इन्द्रा

हम् ॥२१॥ स तया श्रद्धया युक्तस्त
स्याराधनमीहते ॥ लभते च ततः का
मान्मयैव विहितान्हितान् ॥ २२ ॥
अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसा
म् ॥ देवान्देवयजो यान्ति मद्भक्ता
यान्ति मामपि ॥२३॥ अव्यक्तं व्यक्ति
मापन्नं मन्यन्ते मामबुद्धयः ॥ परं

दिरूप मेरो शरीरकन श्रद्धाले पूजा गर्न चाह
न्छन् तेस् तेस् भक्तकन म तेही तेही अचल
श्रद्धाकन धारणा गराउँछु ॥ २१ ॥ त्यो भक्त
त्यै श्रद्धाले युक्त भै इन्द्रादि रूपमा मेरो मूर्तिकन
आराधन गर्छ तेसैले मैले नियमित गरियेका
हितकामना कन प्राप्त हुन्छ ॥२२॥ परन्तु त्यो
अल्पबुद्धि हरूको त्यो फल नाशवान् हुन्छ जस्तै
कि इन्द्रादि देवता पूजा गर्नेहरू इन्द्रादि देवता

भावमजानन्तो ममाऽव्ययमनुत्तमम्
॥२४॥ नाहं प्रकाशः सर्वस्य योग
मायासमावृतः ॥ मूढोऽयं नाभि जा
नाति लोको मामजमव्ययम् ॥२५॥
वेदाहं समतीतानि वर्तमानानि चा
र्जुन ॥ भविष्याणि च भूतानि मां तु

कन पाउँछन् मेरा भक्त मता प्राप्त हुन्छन् ॥२३॥
म अविनाशी सर्वोत्तम परम स्वरूपकन न जान्ने
मूर्खहरू जो म सबका हृदय को मूर्ति स्वरूपले
प्राप्त हुन्छु तेस्तो मकन अव्यक्त अर्थात् अमुर्ति
मान्छन् तात्पर्य यसैले अन्यदेवता लाई भजन
गर्छन्॥२४॥ यस्मा न जान्ना को कारण कि
योगमायाले ढाकियाको म सबमा देखिन्न यसै
कारणले जो मूर्ख जन अजन्म अर्थात् न जन्मने
अविनाशी अर्थात् कैल्है नाश न हुँने मकन
जान्दैन ॥२५॥ हे अर्जुन ! म जो अघि भया
को हो सो जान्दछू ओ जो छ तेस्कन पनी

वेद न कश्चन ॥२६॥ इच्छाद्वेषसमुत्थे
न द्वन्द्वमोहेन भारत ॥ सर्वभूतानि
संमोहंसर्गे यान्ति परंतप ॥ २७ ॥
येषां त्वन्तगतं पापं जनानां पुण्यकर्म
णाम् ॥ ते द्वन्द्वमोह निर्मुक्ता भजन्ते
मां दृढव्रताः ॥२८॥ जरामरणमो
क्षाय मामाश्रित्य यतन्तिये ॥ ते ब्रह्म
तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखि

जान्दछु, औ जो हुनेछ सब भूत प्राणि मात्र
कन पनी जान्दछु, परन्तु मकन कोहीजान्दै
नन् ॥२६॥ हे भारत, हे परन्तप इच्छा र द्वेष
देखि जन्म भयेका सुख, दुःख लाभ, अलाभादि
द्वन्द्वरुप मोहन गर्दा सब भूत चराचर प्राणी
संसारमा मोह हुन्छन् ॥२७॥औ जो पुण्यकर्म
भयेका मनुष्य हरुमा पापनाश भयेको छ, ती द्वन्द्व
मोह देखि छुटेका दृढ व्रति मकन भजदछन्॥२८॥

लम् ॥२९॥ साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ॥ प्रयाणकालेऽपि च मां न विदुर्युक्तचेतसः ॥ ३० ॥

❀ अथाष्टमोऽध्यायः ❀

अर्जुन उवाच ॥ किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ॥ अधि

जो मेरा आश्रित भयेर जन्म मरण छुट्नाका निमित्त यत्न गर्छन् ती तेस् ब्रह्म कन औं सब अध्यात्मकन-सब कर्मकन जान्द छन् ई ब्रह्मशब्द हरूको खुलासा आठौं अध्यायमा हुनेछ ॥२९॥ जो मलाई अधिभूत, अधिदेव अधियज्ञ सहित जान्दछन् ती मनुष्य ममा नित्यचित लगायेका मरणकाल मा पनी मकन जान्दछन् ॥ ३० ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनित्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे ज्ञानयोगो नाम सप्तमोऽध्यायः ॥ ७ ॥

——:❀❀❀:——

भूतं च किं प्रोक्तमधिदैवं किमुच्यते
॥ १ ॥ अधियज्ञः कथंकोऽत्रदेहेऽस्मि
न्मधुसूदन ॥ प्रयाणकाले च कथं ज्ञेयो
ऽसि नियतात्मभिः ॥ २ ॥ श्री भग

जो सातौं अध्यायमा भनेका थिये कि जो जो जन्म मरणदेखि मुक्तहुँनानिमित्त मेरा आशा गरेर यत्नगर्छन् ती तस् ब्रह्मकन सब अध्यात्म कन औ सब कर्मकन पनी जान्दछन् भन्ने इत्यादि सुनेर अर्जुन कृष्ण सँग शोद्धछन् कि हे पुरुषोत्तम ! जो हजूरले भन्नुभो त्यो ब्रह्मकुन्हो ? अध्यात्म भनेको क्या हो ? कर्म भनेको के हो ? औ अधिभूत कस्लाई भनिन्छ ? अधिदैव भने को क्या हो ? ॥ १ ॥ हे मधुसूदन ! यो देह मा अधियज्ञ कसरी भयो औ कुन् हो ? औ यो लोकमा, मरणकालमा जस्ले मन जीते को छ तेस्ले कसरी जान्न सक्छ ! ॥२॥ यस्तो अर्जुन

वानुचाव ॥ अक्षरं ब्रह्म परमं स्वभा
वोऽध्यात्ममुच्यते । भुत भावोद्भवकरो
विसर्गः कर्मसंज्ञितः ॥ ३ ॥ अधिभूतं
क्षरो भावः पुरुषश्चाधिदैवतम् । अ
धियज्ञोऽहमेवात्र देहे हेदेभृतां वर
॥४॥ अन्तकाले च मामेव स्मरन्मु
क्त्वा कलेवरम् ॥ यः प्रयाति स मद्भा

को वचन सुनेर श्रीभगवान् भन्नु हुन्छ पर छ
प्रकृति जसदेखि अर्थात् प्रकृति मुक्त जीव ब्रह्म
हो स्वभाव आत्म भनी कहिन्छ, जो सब भूत
प्राणिहरुको उत्पत्ति गर्छ सो बिसर्ग अर्थात् सृष्टि
लाई कर्म भनिन्छ ॥३॥ जो क्षर भाव अर्थात्
नाशवान् देहादि सो अधिभूत हो औ पुरुष
जो सूर्यमंडलमा रहने मेरै एक रुप सो अधिदे
वता हो देहधारि हरुमा श्रेष्ठ अर्जुन ! यो देहमा
अधियज्ञ म हूँ अर्थात लोकको पूज्य म हूँ ॥४॥

वंयाति नास्त्यत्र संशयः ॥५॥ यं यं वापि स्मरन्भावं त्यजंत्यन्ते कलेवरम् ॥ तंतमेवैति कौन्तेय सदा तद्भाव भावितः ॥ ६ ॥ तस्मात् सर्वेषु कालेषु मामनुस्मर युद्ध्य च ॥ मय्यार्पितम

जो पुरुष अतसमयमा मैकन स्मरण गर्दा-गर्दा देहलाई त्यागेर यो लोकदेखिजान्छ, त्यो मस मान प्राप्त हुन्छ यस्मा संशय छैन ॥५॥ जा मेरा सँध अन्त्यकालमा स्मरण गर्दा-गर्दा शरीर त्याग गर्छन् ती मैकन पाउँछन् अथवा जो २ भाव अर्थात बस्तु अथवा कोही प्राणिकन संझदा तेसमा लीन भयाको छँदो अंत्यमा देहकन त्यागछ हे कुन्तीपुत्र ! उसै उसैमा प्राप्त हुन्छ ॥ ६॥ तेस्कारणले सब कालमा मेरा स्मरण गर ओ युद्धगर यस्ता रीतिले ममा मन, बुद्धिकन लगाइयका

नोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥ अ-
भ्यासयोगयुक्तेन चेतानान्यगामिना ॥
परमंपुरुषंदिव्यं याति पार्थानुचिन्त
यन् ॥ ८ ॥ कविं पुराणमनुशासितार
मणोरणी यांसमनुस्मरेद्यः ॥ सर्वस्य
धातार मचिन्त्यरूपमादित्यवर्ण तम
सःपरस्तात् ॥९॥ प्रयाणकालेमनसा

छँदा मैकन पाउला यस्मा संदेह छैन ॥७॥ हे
पृथापुत्र ? सँधै अभ्यास योगमा युक्त आत्मस्व
रूप वाहेक अरूथोक न जान्नेहरू यस्ना चित्तले
मेरो चिन्तना गर्दागर्दै देदिप्यमान प्रकाश अति
उत्तम यस्तो जो परमपुरुष ममा प्राप्त हुन्छन् ॥८॥
कवि पुराण शित्तागर्ने सूक्ष्म सबको पालनागरने
चिन्ता गर्नामा आउँदैन स्वरुप जस्को सूर्यतुल्य
प्रकाशमान जो पुरुषरूप औ प्रकृतिदेखिन् पर
तेस्कन जो स्मरण गर्छ ॥९॥ जो कोही भक्तिले

चलेन भक्त्या युक्तोयोगबलेन चैव॥
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक संत
परंपुरुषमुपैति दिव्यम ॥ १० ॥ यद
क्षरं वेदविदो वदन्ति विशन्ति यद्यत
योवीतरागाः ॥ यदिच्छन्तो ब्रह्मचर्य
चरन्तितत्तेपदं संग्रहेण प्रवक्ष्ये ॥११॥

युक्त पुरुष मरणकाल मा अचलमनले औ योग
बलले दुइ आँखि भौं का मध्यमा अर्थात भृकु
टीमा निश्चल बढ़िया तवरले प्राणादि कन प्रवेश
गरेर अर्थात पूरक, कुम्भक, रेचकले देदिप्यमान
पुरुष कन प्राप्तहुन्छ ॥१०॥ त्यो प्रकृत्ति देखिन्
पर देदिप्यमान् पुरुषकन वेद जान्ने हरु अक्षर
भन्छन् गयेकोछ राग जस्का इश्वरप्राप्तिका नि
मित्त यत्नगर्ने हरु जस्कन पाउछन, जस्कन चा
हने हरु ब्रह्मचर्य गर्छन तेस पद कन तिमिलाई
संक्षेप भनुला ॥११॥ जो योगि देहकन त्या

सर्वद्वाराणि संयम्यमनोत्हृदिनिरुध्य
च। मूर्ध्न्याधा यात्मनः प्राणमास्थि
तो योगधारणाम् ॥१२॥ ओमित्येका
क्षरंब्रह्म व्याहरन्मामनुस्मरन् । य प्र
यातित्यजन्देहं सयाति परमां गतिम्
॥१३॥ अनन्यचेताः सतत योमां स्म
रतिनित्यशः ॥ तस्याहं सुलभः पार्थ
नित्ययुक्तस्य योगिनः ॥१४॥ मामुपे

ग गर्दा सब इन्द्रियकन खिचेर औ हृदयमा
मनकन रोकेर आफ्नु प्राणकन मस्तकमा चढ़ा
येर योग धारणमा स्थिर भयाको॥१२॥ "ॐ"
यो एक अक्षर ब्रह्म जो उच्चारण गर्दा गर्दा मकन
सम्भदा देहत्याग गरेर जान्छ त्यो अति उत्तम
गतिकन पाँउँछ ॥ १२॥ हे पृथापुत्र अर्जुन !
जो अन्यत्र चित्त न दी मकन अखंडित सधैं
सम्भनागर्छ त्यो नित्य मेरो संयोगकन चाहन्या

त्य पुनर्जन्म दुःखालयम शाश्वतम् ॥
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां
गताः ॥१५॥ आब्रह्मभुवनाल्लोकाः पु-
नरावर्तिनोऽर्जुन ॥ मामुपेत्यतु कौन्ते
य पुनर्जन्म न विद्यते ॥ १६ ॥ सहस्र
युगपर्यन्तमहर्यद्ब्रह्मणोविदुः । रात्रिं

योगीलाई म सुलभ छू ॥ १४ ॥ जहांदेखिन् अ
ध्याय समाप्तसम्म ज्ञान जो कैवल्य तेस्को अपेक्षा
गर्न्या तेस्को मुक्ति औ ऐश्वर्य चाहिन्या हरुला
ई पुनर्जन्म भन्छन् सो यस्तो कि मेरा उपा
सनाले पर सिद्धिमा प्राप्त भयेका छन् ती महा
त्माजनहरु म कन प्राप्त भयेका दुःखको घर नाश
हुँन्या जन्मकन पाउँदैनन् ॥१५॥ हे अर्जुन !
ब्रह्म लोकसम्म सबलोक पुनरावर्ती छन् अर्थात
फेरी २ जन्मनेछन् औ हे कुन्तीपुत्र अर्जुन !
ममा प्राप्तभयापछी फेरी जन्मनुपर्दैन ॥ १६ ॥

युग सहस्रां तां तेऽहोरात्रिविदो जनाः ॥१७॥ अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ॥ रात्र्यागमे प्रलीयन्ते तत्रैवाऽव्यक्तसंज्ञके ॥ १८ ॥ भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ॥ रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे

ब्रह्मलोकपर्य्यान्त पुनरावृत्ति फेर फेर जन्मदेखाउँनालाई ब्रह्माका दिन-रात्रिका प्रमाण देखाउँदा छँदा तस् प्रमाणलाई जान्नेहरूकन श्रेष्ठ मान्छन ब्रह्माका हज़ार चतुर्युग पर्यन्त दिन औ चतुर्युग सम्म रात्रि हो भनेर जो जान्दछ त्यो मनुष्य दिनरात्रिकन जान्ने हो अर्थात् दीर्घदर्शी हो ॥ १७ ॥ दीर्घदर्शी देखाउँछन् सो यस्तो कि ब्रह्माको दिन आउँदामा ब्रह्मको शरीर देखी सब जीवादिमा शरीर हुन्छन्, रात्रि आउँदा तो जीव तिनै ब्रह्माको शरीरमा लीन हुन्छन् ॥ १८ ॥ हे

॥१९॥ परस्तस्मात्तु भावोऽन्योऽव्यक्तो
व्यक्तात्सनातनः ॥ यः स सर्वेषु भूतेषु
नश्यत्सु न विनश्यति ॥२०॥ अव्य
क्तोऽक्षर इत्युक्तस्तमाहुः परमां ग-
तिम् ॥ यंप्राप्यन निवर्तन्ते तद्धाम

पृथापुत्र ! सोही यो भूत प्राणीका समुदाय कर्म
लेपर वश भयाको सँधै रात्रि आउँदामा लीनहु
न्छन् दिन आउँदा उत्पन्न हुन्छन् ॥ १९ ॥ तो
ब्रह्मकन जड़ प्रकृति शरीर देखिन् श्रेष्ठ अरु जो
अव्यक्त सनातन भाव छ अर्थात् शुद्ध चैतन्य छ
सो सब आकाशादि शरीर नष्ट हुंदामा पनी
नष्ट हुँदैन ॥२०॥ अव्यक्त अक्षर यस्तो भनेको
छ "कूटस्थाक्षर उच्यते" इति तसै लाई अर्कग
ति भन्छन् जुन् शुद्ध रूपकन प्राप्त गरेर जन्म
हुंदैन त्यो मेरो सब भन्दा उत्तम धाम हो अर्थात
जस्तै प्रकृतिमा मेरो शरीर हो परन्तु जस्तै पुरु

परमं मम ॥ २१ ॥ पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ॥ यस्यान्तःस्थानि भूतानि येन सर्वमिदंततम् ॥ २२ ॥ यत्र काले त्वनावृत्ति मावृत्तिं चैव योगिनः ॥ प्रयातायान्ति तं

फलाइ सब घर घरै हो उस्मापनि आफ्नु घर श्रे हुन्छ तेस्तै जीव प्रकृतिमा औ म जीवमा रहन्छु यस कारणले जीव मेरो मुख्य शरीर छ यो कैवल्यमुक्ति कहियो सब ऐश्वर्य प्राप्ति भन्छन ॥२१॥ हे पृथापुत्र जउन् सब भुवनका प्राणि जस्का अन्तमा रहेकाछन औ यो सब जगत् जस्ले फैलायाको छ परपुरुष अर्थात परमात्मा अनन्न्य भक्तिले अर्थात एक भक्तिले प्राप्त हुनामा योग्य छन् ॥ २२ ॥ हे पुरुष हरूमा श्रेष्ठ। जुनकालमा देहत्याग गरेर गयेका योगी अनावृत्ति अर्थात फेर्जन्मनुन पर्न्या आवृत्ति भनेको फेरि जन्मनु

कालं वक्ष्यामि भरतर्षभ ॥२३॥ अ-
ग्नि ज्योतिरहः शुक्लः षण्मासा उ-
त्तरायणम् ॥ तत्र प्रयाता गच्छन्ति
ब्रह्म ब्रह्मविदोजनाः ॥ २४ ॥ धूमो रा
त्रिस्तथा कृष्णः षण्मासा दक्षिणाय
नम ॥ तत्रचान्द्रमसं ज्योतियोगी प्रा
प्य निवर्तते ॥२५॥ शुक्ल कृष्णे गती

पर्न्या मार्ग जान्छन तेस्काल लाई म कहन्छु
॥ २३ ॥ जुन कालमा अग्नि प्रकाश छन तेस्तै
दिन मुक्लपक्ष यस्तै छ मैन्हा उत्तरायण तेस्मा
गयका ब्रह्मज्ञानी जन ब्रह्मकन प्राप्तहुन्छन॥२४॥
जुन कालमा धूमरात्रि तस्तै कृष्णपक्ष छ मैन्हा
दक्षिणायन तेस्मा गयको योगीको चन्द्रमसज्यो
तिकन अर्थात स्वर्ग पायेर यज्ञादि फल भोग ग
रेर फेरी याहीं जन्म हुन्छ ॥२५॥ ई शुक्ल कृ
ष्णमार्ग जगत्का सनातन नियम छ एकमार्गले

ह्येते जगतः शाश्वते मते ॥ एकया यात्यनावृत्तिमन्ययाऽऽवर्त्तते पुनः ॥२६॥ नैतेसृती पार्थ जानन्योगी मुह्यति कश्चन ॥ तस्मात्सर्वेषुकालेषुयोग युक्तो भवार्जुन ॥२७॥ वेदेषुयज्ञेषु तपःसुचैव दानेषु यत्पुण्यफलं प्रदिष्ट-म् ॥ अत्त्येतितत्सर्वमिदंविदित्वा यो

मुक्ति हुन्छ एक मागले फेरी जन्म हुन्छ ॥ २६ ॥ हे पृथापुत्र ! ई मार्गकन जान्ने भयेका कोही योगी पनी मोह हुँदैनन् तेस्कारणले तिमी पनी सबै कालमा योगयुक्त होउ ॥२७॥ मनुष्य यस्कन जानेर फेरी वेदाध्ययनमा, यज्ञमा, तपमा औ दानमा भनेको जो पुण्यफल छ तो सब कन अतिक्रमण गर्छ अर्थात् तेस्मन्दा पनी अधिक फल पाउन्छ फेरी योगी भयेरसब

गीपरं स्थानमुपैति चाद्यम् ॥ २८ ॥

❀ अथ नवमोऽध्यायः ❀

श्रीभगवानुवाच ॥ इदं तु तेगुह्यत मं प्रवक्ष्याम्यनसूयवे ॥ ज्ञानं विज्ञान सहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् भन्दा आदिस्थानकन् पाउँछ अर्थात् मुक्त हुन्छ ॥ २८ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यां योग- शास्त्रे श्रीकृष्णार्जुनसंबादे ज्ञानयोगोनाम अष्टमोध्यायः ॥८॥

सातौं, आठौं अध्यायमा हजूरको स्वरूप प्राप्ति भक्ति कहिबक्सियो अब नवौं अध्यायमा हजूरको सब उत्तम प्रभाव र भक्तिको प्रभाव पनो कहिबक्सियोस भनी अर्जुनले सोधियेका भग- वान् भन्छन् हे अर्जुन ! यो अति गुप्त गर्नामा योग्य विज्ञान सहित ज्ञानलाई असूया जो अर्का का गुणमा दोष लगाउनु तेस्ले रहित तिमिकन

॥१॥ राजविद्या राजगुह्यं पवित्रमिद मुत्तमम् । प्रत्यक्षावगमं धर्म्यं सुसु खं कर्तुमव्ययम् ॥ २ ॥ अश्रद्दधानाः पुरुष धर्मस्यास्थ परंतप ॥ अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवत्मंनि ॥३॥ मया ततमिदं सर्व जगदव्यक्तमूर्तिना मत्स्थानि सर्वभूतानि न चाहं तेष्वव

भन्छु जस् लाई जानेर संसारका दुःख देखि छु टौल ॥१॥ यो भक्ति ज्ञान विद्या औ गोप्य वस्तुम सर्वोत्तम प्रत्यक्ष फलरूपमा धर्मलाउँना कन पनी अति सुगम औ अविनाशी छ ॥२॥ हे परंतप। हे अर्जुन ! यो धर्मसम्बन्धी श्रद्धाक न धारणा न गर्ने पुरुषहरू मकन प्राप्ति न हुँने जान मृत्युरूप संसार-मार्गमा फिर्दै रहन्छन्॥३॥ यो सर्व जगत् अतिसूक्ष्म अन्तर्यामीरुप मैलेव्याप्त छ यस कारणले सब भूतप्राणि मेरा अधीन छ

स्थितः ॥४॥ न च मत्स्थानि भूता
नि पश्य मे योगमैश्वरम् ॥ भूतभृन्न
च भूतस्थो ममात्मा भूतभावनः ॥५॥
यथाकाशस्थितो नित्यं वायुः सर्वत्र
गो महान् ॥ तथा सर्वाणि भूतानि म
त्स्थानीत्युपधारय ॥ ६ ॥ सर्वभूतानि
कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ॥

न् औ म तिनमा स्थिर रह्याका छैन अर्थात् ती प्राणि स्वधीन छैनन् ॥ ४ ॥ औ ती भूतप्राणिममा स्थित छैनन, अर्थात् जस्तै गाग्रामा जल रहन्छ तस्तै रहन्न मेरो ईश्वर सम्बन्धी योगकन देखन प्राणिहरूको पालन-पोषण गर्न पनो मेरो आत्म अर्थात मेरो शरीर भयाको जो जीवात्मा प्राणिहरूको धारण गर्न्या औ प्राणि हरूमा स्थित छैन ॥५॥ जस्तै ठुला बायु नित्य आकाशमा रहेको मेरो अधारले सब जगामा घुम्छ तस्तै

कल्पक्षये पुनस्तानि कल्पादौ विसृजा
म्यहम् ॥७॥ प्रकृतिं स्वामवष्टभ्य वि
सृजामि पुनः पुनः भूतग्राममिमं कृ-
त्स्नमवशं प्रकृतेर्वशात् ॥८॥ न च
मां तानि कर्माणि निबध्नन्ति धनंज
य॥ उदासीन वदासीनमसक्तं तेषु

सबै भूतप्राणि मेरो आधारमा छन् यस्तो निश्चयं
गर ॥३॥ हेकुन्तीपुत्र ! प्रलयकालमा सब भुत
प्राणि मेरा प्रकृतिमा लीन हुन्छन्, कल्पका आ
दि मा म तिनिहरू कन फेर अनेक प्रकारले
उत्पन्न गराउँछु ॥७॥ आफ्नु प्रकृतिकन आधार
दियेर पूर्वस्वभावका वशले परवश ई भुत प्राणि
को समुदायकन वारंवार सृष्टि गराउँछु ॥८॥ हे
अर्जुन ! मलाई कि यस्तो विषय सृष्टि गर्नें
लाई विषयताको वैषम्य निर्दयतादोष किन ला
गदैन तेस्मा सुन जो ती सृष्टयादि कर्मगर्छु तेस्

कर्मसु ॥९॥ मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ॥ हेतुनानेन कौन्तेय जगद्विपरिवर्त्तते ॥१०॥ अवजानन्ति मां मूढामानुषीं तनुमाश्रितम् ॥ परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥ ॥११॥ मोघमाशा मोघकर्माणो मोघ ज्ञाना विचेतसः ॥ राक्षसी मासुरीं

कर्ममा असक्त औ उदासीन जस्तो रहेको यस्तो मकन ती कर्म बन्धन गर्दैनन् ॥९॥ हे कुन्ती पुत्र ! जब म अध्यक्ष अर्थात् सब कृत्यको संभार गर्नें हुन्छु तब मैले गर्दा प्रकृति चराचर जगत् कन उत्पन्न गर्छ तस्कारणले गर्दा जगत् उत्पन्न हुंछ ॥१०॥ सब भूतका ईश्वर मेरो भावकन न जानेका छँदो मूर्ख अति करुणाले मनुष्यरूप शरीरमा रहेका मलाई अवहेलन गर्छन् अर्थात् तुच्छ गर्छन् ॥ ११ ॥ जो राक्षसी औ आसुरी

चैव प्रकृति मोहिनीश्रिताः ॥ १२ ॥
महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमा
श्रिता ॥ भजन्त्यनन्यमनसो ज्ञात्वा
भूतादिमव्ययम् ॥१३॥ सततं कीर्त्त-
यन्तो मां यतन्तश्चदृढव्रताः ॥ नमस्य
न्तश्च मां भक्त्या नित्ययुक्ता उपासते

आफु जस्तो मोहगर्न्या प्रकृति कन धारण गरे
का छन् अर्थात् यस्ता स्वभाव वाला निष्फल
आशा भयेका निष्फल कर्म वाला निष्फल
ज्ञानवान् तेस्तो भ्रष्टचित्त पुरुष ॥ १२ ॥ हे
पृथापुत्र ! दैवी प्रकृति कन प्राप्त भयेका महात्मा
जन मनन सब भूतका आदिमा रहेका अविनाशी
जानेर अन्यत्र मनन् भयेका भक्तन भजन गर्छन्
॥ १३ ॥ अब महात्माहरूको भजनको रीति
भन्छन् जस्तै कि सँधै मेरो कीर्तन गर्दा छंदा
औ दृढ संकल्प गरियाको मलाई पाउनाक'

॥१४॥ ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ॥ एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥ अहंक्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ॥ मन्त्रोऽह

निमित्त यत्नगर्नै औ भक्तिले गरेर मलाई नमस्कार गर्दाछँदा संधै मेरो समागमकन इच्छागर्नै हरु मेरो उपासना गर्छन् ॥ १४ ॥ अरु कति महात्मा एकत्वले अर्थात् मित्रभावले औ कति पृथक्त्वले अर्थात् दास्यभावले यस्तो बहुधा अर्थात् कोही वात्सल्य औ कोही शृङ्गार इत्यादि भावनाले गरेर सर्वतोमुख अर्थात् शर्वव्यापी मलाई ज्ञान गरेर पूजा गर्दाछंदा उपासना गर्दछन् ॥१५॥ अब आफ्नु सर्वव्यापित्व देखाउंछन् सो यस्तो कि भगवान् भन्छन् क्रतु अर्थात् अग्निष्ठोमादिक श्रौत यज्ञ म हूँ यज्ञ जो स्मार्त पंचमहायज्ञ सो म हूँ स्वधा जो पितृहरुको श्रा·

महमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥
पिताहमस्मि जगतो माता धाता पि
तामहः ॥ वेद्यं पवित्रमोंकार ऋक्साम
यजुरेव च ॥ १७ ॥ गतिर्भर्त्ता प्रभुःसा
क्षी निवासः शरण सुहृत् ॥ प्रभवः
प्रलयः स्थानंविधानं बीजमव्ययम् ॥

द्रादिकर्म सो म हूँ औषध अर्थात अन्न सो म
हूँ मन्त्र म हूँ आज्य अर्थात घृत म हूँ अग्नि म
हूँ होम यो निश्चय छ ॥ २६ ॥ यो जगत्को
पिता, माता, धाता, पितामह जो जान्नासाथ यो
ग्य सो औ जो पवित्र सो औ ॐकार ऋग्वेद
शामवेद यजुर्वेद ॥१७॥ यो जगत्को गति पा
लना गर्न्या स्वामी (मालिक) शुभ, अशुभ कर्म
को साक्षी बस्ना को स्थान, इच्छा गरेको वस्तु
कन दिने, अनिष्टको निवारण गर्ने सुहृद मित्र
जन्मनाश को स्थान, धारण गर्न्या, अविनाशी

॥१८॥ तपाम्यहमहं वर्षं निगृह्णाम्यु
त्सृजामि च॥ अमृतं चैव मृत्युश्चसद
सच्चाहमर्जुन॥ १९ ॥ त्रैविद्या मां सोम
पाः पूतपापा यज्ञैरिष्ट्वा स्वर्गतिं प्रा-
र्थयन्ते ॥ त पुण्य मासाद्य सुरेन्द्रलो
कमश्नन्ति दिव्यान् दिवि देवभोगा

इत्यादिको कारण, सब म हूं ॥१८॥ हे अर्जुन।
अग्नि औ सूर्य रूप भयेर पृथ्वी तापित गराउँछू
म ग्रीष्मादि ऋतुमा बर्षादि बन्द गर्छूं औ वर्षा
ऋतुमा वर्षा गराउँछ अमृत औ मृत्यु असत, मा
म निश्चयछु॥१९॥ यस्तवले महात्मा ज्ञानिहरू
को व्यवहार आफ्नु अनुभव भने अब कामी जन
हरू को रहने रीति भन्छन् जस्तै कि त्रैविद्या
अर्थात ऋग्वेद, सामवेद यजुर्वेदोक्त इन्द्रादि देवत
हरूको निमित्त यज्ञ गर्नें सोमपान गरे को पाप
रहित यज्ञले इन्द्रादिरूप मकन आराधन गरे

न् ॥ २० ॥ ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विश-न्ति ॥ एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ॥ २१ ॥ अनन्याश्चिन्तयन्तो मां ये नराः पर्युपासते ॥ तेषां नित्याभियुक्तानां योगक्षेम

स्वर्गप्राप्तिकन जो माग्छन् ती पुण्यरूप इन्द्रलोकमा प्राप्ति भयेर वाहीं स्वर्गलोकमा दिव्य देव भोगकन भोग गर्छन् ॥२०॥ फेर ती त्यो वि-शाल स्वर्ग भोगेर पुण्यक्षीण हुँनाले यो मनुष्य लोकमा प्राप्तहुन्छन् यस्तै रीतले वेदत्रयीको धर्मकन वारवार गर्दाछदा कामनाले कर्मगनें जन गतागत अर्थात् स्वर्ग जानु मध्यलोकमा आउँनु फेर जानु फेर आउनु यस्तो फलकन पाउँछन् ॥२१॥ जो मनुष्य मैं देखि अर्को शरण न भयेको मेरो चिन्तन गर्दा गर्दा मकन भजन गर्छ

वहाम्यहम् ॥२२॥ येऽप्यन्यदेवताभ-
क्ता यजन्ते श्रद्धयान्विताः ॥ तेऽपि
मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम्
॥२३॥ अहं हि सर्वयज्ञानां भोक्ता च
प्रभुरेव च ॥ न तु मामभिजानन्ति
तत्वेना तश्च्यवन्तिते ॥ २४ ॥ यान्ति
देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः॥

सो प्राप्ति क्षेम जो धनादि संरक्षण सो गर्छु ॥२२॥
जो कि अरु देवताहरूका भक्त उन्को श्रद्धाले
युक्त पूजन गर्छन् ती पनी मेरै पूजन गर्छन् परन्तु
हे कुन्ती पुत्र ! ती अविधिपूर्वक पूजन अर्थात्
विधिपूर्वक गर्दैनन् ॥२३॥ म निश्चय गरेर सब
यज्ञको भोगगर्न्या औ स्वामी पनी हूँ, परन्तु
ती सकामी जन मकन यस्तो निश्चय गरेर जा
न्दैनन् यस्कारणले जन्म मरण लाई प्राप्त हुन्छन्
॥ २४ ॥ अहो ! जो मनौला कि एकै कर्मका

भूतानियान्ति भूतेज्या यान्ति मद्या जिनोऽपि माम् ॥२५॥ पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ॥ तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥ ॥२६॥ यत्करोषि यदश्नासि यज्जुहोषि

संकल्पले मात्र कसरी भेद भयो तेस्मा सुन जो इन्द्रादि देवताकन भक्तिपूर्वक आराधन गर्छन् तिन देवताकन प्राप्तिहुन्छन् पितृभक्त पितृकन प्राप्तिहुन्छन्, जो कोही राजा साधु चोर इत्यादि प्राणिकन सेवा गर्छन् ती उनैकन पाउँछन् मेरा जो भक्तिगर्छन् ती मैकन पाउँछन् अर्थात् मेरो समताकन पाउँछन् ॥ २५ ॥ मनोला कि बड़ोलाई खुशी गराउँन बड़े उपाय चाहिन्छ तेस्मा सुन जो कोही पत्र, पुष्प, फल, जलले मकन भक्तिले युक्त अर्पण गर्छम त्यो शुद्धचित्त भक्तले अर्पणगरेको ती पत्रादि पदार्थकन ग्रहण गर्दछू ॥२६॥ हे कुन्तीपुत्र! मकन यस्तो सुलभ

ददासियत् ॥ यत्तपस्यसि कौन्तेय
तत्कुरुष्वमदर्पणम् ॥ २७ ॥ शुभा
शुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ॥
संन्यासयोगयुक्तात्मा विमुक्तोमामुपै-
ष्यसि ॥ २८ ॥ समोऽहं सर्वभूतेषु न
मे द्वेष्योस्ति न प्रियः ॥ ये भजन्ति
तु मां भक्त्या मयि ते तेषु चाप्य-

जानेर जो कोही तिमी गर्छौं जो खान्छौ जो
होम गराउँछौ जो दिन्छौ जो तपस्या गर्छौं त्यो
ममा अर्पण गर ॥ २७ ॥ जो कर्मबन्धन गर्न्या
छन् तो शुभाशुभ कर्म फल देखि छुटौला तेस्तै
यो कर्मफल अर्पण संन्यास योगयुक्त चित्त भये
का तिमी मुक्त भयेका छँदा मकन पाउला ॥ २८॥
म सब प्राणिमा सम छू मेरा न कोही प्रियछन
न कोही अप्रिय छन्, परन्तु जो मकन भक्ति
गरेर भजन् गर्छन् ती मेरा हृदयमा छन् म तिन्का

हम् ॥ २९ ॥ अपि चेत्सुदुराचारो भजन्ते मामनन्यभाक् ॥ साधुरेव स मन्तव्यः सम्यग्व्यवसितोहिसः ॥३०॥ क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्ति निगच्छति ॥ कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥३१॥ मां हि पार्थ व्यपाश्रित्य येऽपिस्युः पापयो

हृदयमा निश्चय गरेर रहन्छु ॥२९॥ जो कदाचित् कोही पुरुष अति दुराचारी पनो होस् त्याभकन अनन्यभाव अर्थात् अरूको भावना गर्दो छुँदो सब जग्गामा भजन गर्दो होस् त्यो साधुनै हो यस्तो जान्नु पर्छ जस्तै कि त्यो बढ़िया तवलें निश्चय गरियाको छ ॥ ३० ॥ तेस्ले त्यो चाड़ें धर्मात्मा होला मोक्षकन पाउला हे कुन्ती पुत्र ! तिमि यो निश्चय जान कि मेरो भक्त नाश हुँदैन अर्थात् मुक्तिकन पाउँछ ॥३१॥ हे पृथा

नयः ॥ स्त्रियो वैश्यास्तथा शूद्रास्ते
ऽपि यान्ति परां गतिम् ॥ ३२ ॥ किं
पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्त
था ॥ अनित्यमसुखं लोकमिमं प्राप्य
भजस्व माम् ॥ ३३ ॥ मन्मना भव

पुत्र ! निश्चय पूर्वक कर्म कन आश्रय गरेर जो पापयोनी पनी होस् जस्तै स्त्री, शूद्र, वैश्य, पनी मोक्षपाऊँछन् ॥३२॥ जो पवित्र ब्राह्मण त्यस्तै क्षत्रिय भक्तछन् उन्लाई मोक्षको शंका छैन यस्कारणले अनित्य दुःखरूप यस्लोक कन पायेर मलाई भज ॥ ३३ ॥ यो भजन गर्न्या रीति हो कि मैंमा मनकन युक्त गरेका मेरै भक्तिमा रहेको मेरा पूजा गर्ने हो मैंकन नमस्कार गर यस्तो गर्नलाई ममा युक्त गरेर मैंमा तत्पर भये को छँदा मकन पाउला ॥ ३४ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यां योग- शास्त्रे श्रीकृष्णार्जुनसंवादे राजविद्या राज गुह्य योगोनाम नवमोऽध्यायः ॥ ९ ॥

मद्भक्तोमद्याजीमां नमस्कुरु मामेवै-
ष्यसियुक्त्वैवमात्मानं मत्परायण:३४

❀ अथ दशमोऽध्याय: ❀

श्रीभगवानुवाच ॥ भूय एव महा
बाहो शृणु मे परमं वच: ॥ यत्तेऽहं
प्रीयमाणाय वक्ष्यामि हितकाम्यया

सप्तम आदिक तीन अध्यायमा श्रीकृष्ण
जीले आफ्नु भगवत्तत्व औ विभूति वर्णन गरे
जस्तै कि सातौं मा "रसोहमप्सुकौन्तेय" इत्यादि
अष्टममा "अधियज्ञोऽहमेवात्र" इत्यादि नवममा
"अहंक्रतु" इत्यादिले संक्षेप गरेर भने तेसकन
औ भक्तिको आवश्यकता अब यो दशम अ-
ध्यायमा विस्तार गरेर श्रीकृष्ण भगवान् कह-
न्छन् कि हे महाबाहो ! मेरो सर्वोत्तम वाक्यलाई
फेरी सुन, तिमी प्रेमी हुँनाले तिम्रो हित को

॥ १ ॥ न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ॥ अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥ २ ॥ यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ॥ असंमूढः समर्त्येषु सर्वपापैः प्रमुच्यते ॥ बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः ॥ सुखंदुःखंभवो भावो भयंचा

निम्ती म कहन्छु ॥१॥ मेरो यस्तो जन्म भन्ने देवताहरू पनी जान्देनन्, ऋषिहरू पनी जान्दैनन् कारण न जान्नामा यो कि म सब देवताहरूको, सब ऋषिहरू को आदि छू तसर्थ जान्दैनन् ॥ २ ॥ जो मकन अजन्म अर्थात् न जन्मने अनादि लोकको महेश्वर जान्द छ त्यो मनुष्यहरू मा को ज्ञानी हो औ सब पाप देखि छुटेको छ भनी जान ॥ ३ ॥ बुद्धि ज्ञान, अव्याकुलता, क्षमा, सत्य, दम, शम, सुख,

भयमेव च ॥४॥ अहिंसा समता तु
ष्टिस्तपो दानं यशोयशः ॥ भवन्ति
भावा भूतानां मत्त एव पृथग्विधाः
॥५॥ महर्षयः सप्तपूर्वे चत्वारो मनव
स्तथा ॥ मद्भावा मानसा जाता येषां
लोक इमाः प्रजाः ॥ ६ ॥ एतां विभू
तिं योगं च मम यो वेत्ति तत्वतः ॥
सोऽविकम्पेन योगेन युज्यते नात्र

दुःख उत्पत्ति, नाश, भय, अभय पनी ॥ ४ ॥
औ अहिंसा, समता, संतोष, तप, दान, यश,
अपयश,ई भिन्न प्राणिहरूको भाव म देखि हुन्छन्
॥ ५ ॥ सात महाऋषि अर्थात् मरीचि वशि
ष्ठादि महाऋषि, चारई देखि पनी अघिभयेका
सनकादिऋषि तथा चौद्ध मनु मेरा संकल्प देखि
न उत्पन्न हुँदाभया, जस्को लोकमा ई प्रजा छन्
॥६॥ जो पुरुष मेरो महर्षि इत्यादिको उत्पत्ति

संशयः ॥ ७ ॥ अहं सर्वस्य प्रभवो
मत्तः सर्वं प्रवर्त्तते ॥ इति मत्वा भज
न्ते मां बुधा भावसमन्विताः ॥ ८ ॥
मच्चित्ता मद्गतप्राणा बोधयन्तः पर
स्परम् ॥ कथयन्तश्च मां नित्यं तुष्य
न्ति च रमन्ति च ॥९॥ तेषां सततयु

रूप यो विभूतिकन र कल्याण गुणादिरूप कन
तत्वले जान्दछ त्यो अवल भक्ति योगले युक्त
हुन्छ यस्मा सन्देह छैन ॥७॥ म सबको उत्पत्ति
स्थान हूँ म देखिन् सब वर्त्तमान हुन्छन् यस्तो
मलाई मानेर भावले संयुक्त ज्ञानीजन मकन
भज्दछन् ॥८॥ उनको भजन प्रकार यो कि मैं
मा जस्को चित्त छ स्वास लिंदामा, फेर्दामा पनी
मेरो स्मरण गर्छन् परस्पर एक एक लाई उपदेश
गर्दाछँदा निश्चयपूर्वक मलाई अर्थात् मेरै गुण
गणनाकन गर्छन् सँधै सन्तुष्ट हुन्छन् औ मेले

क्तानां भजतां प्रीतिपूर्वकम् । ददामि बुद्धियोगं तंयेन मामुपयान्ति ते ॥१०॥ तेषा मेवानुकम्पार्थमहमज्ञानजं तमः। नाशयाम्यात्मभावस्थोज्ञानदीपेन भा स्वता ॥ ११ ॥ अर्जुन उवाच । परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ॥ पुरुष शाश्वतं दिव्यमादिदेव मजं वि-

---

गरेका कीडाकन गर्न लाग्छन् ॥ ९ ॥ यस्ता ती सँधै मेरो स्वरूपकन प्रीतिपूर्वक भजन गरनेलाई बुद्धियोग दिन्छु कि जुन् बुद्धियोगले मकन पाउँछन् ॥१०॥ उनैलाई दयाका निमित्त उनको मनोवृत्तिमा रहेको म प्रकाशित ज्ञानरूप दीपले उन्को अज्ञानदेखि जन्मेका अन्धकारको नाश गर्छु ॥११॥ यस्ता श्रीकृष्णजीको वाक्य सुनेर हजूर परब्रह्म न्हौ, श्रेष्ठ प्रमाण न्हौ, अति पवित्र न्हौ, सब ऋषिजन हजूरलाई अविनाशी दिव्य

मुम् ॥ १२ ॥ आहुस्त्वामृषयः सर्वे
देवर्षिर्नारदस्तथा ॥ असितो देवलो
व्यासः स्वयं चैव ब्रवीषि मे ॥ १३ ॥
सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव॥
न हि ते भगवन् व्यक्तिं विदुर्देवा न दा
नवाः॥१४॥स्वयमेवात्मनात्मानं वेत्थ
त्वं पुरुषोत्तम ॥ भूतभावन भूतेश देव

पुरुष आदिदेव अजन्मा व्यापक हुनुहुन्छ ॥१२॥ जस्तै कि देवऋषि नारद तस्तै असित देवल व्याँस औ हजूर पनो म सँग भन्नु हुन्छ ॥१३॥ हे केशव! जो म सँग भन्नु हुन्छ यो सब सत्य मान्छु कारण यो कि हे भगवन्! हजूर को भक्तिकन न देवता जान्दछन् न दानव जान्दछन् ॥१४॥ हे पुरुषोत्तम! हे भूतभावन! प्राणिहरूले भावना गरिन्या हे भूतेश! अर्थात् प्राणिहरूको नियन्ता हे देवताका देव! हे

देवजगत्पते ॥१५॥ वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ॥ याभिर्विभूतिभिर्लोकानिमांस्त्वंव्याप्य तिष्ठसि।१६। कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ॥ केषु केषु च भावेषु चिन्त्योसि भगवन्मया ॥१७॥ विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ॥ भूयः कथयतृप्तिर्हि शृण्वतो नास्तिमेऽमृत

जगत्का पति । हजूर आफुमात्रै आफ्ना बुद्धिले आफै जान्नु हुन्छ॥ १५ ॥ जो दिव्य हजुरको विभूति ऐश्वर्य छ तेस्कन सम्पूर्ण कहनामा योग्य छ जुन विभूति ऐश्वर्य ले यस्लोकमा व्याप्त भयेर रहनु हुन्छ ॥१६॥ म यो भक्ति योगमा युक्त भयाका हजूरलाई सँधै ध्यान गर्दो भयेको कसरी जानु हे भगवान् । हजुर कन मैले कउन् कउन् रूपमा ध्यानगर्न योग्य छौ ॥ १७ ॥ हे

म् ॥ १८ ॥ श्रीभगवानुवाच ॥ हन्ततेक
थयिष्यामि दिव्याह्यात्मविभूतयः ॥
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्त
रस्य मे ॥ १९ ॥ अहमात्मा गुडाकेश

जनार्दन ! हजुरको प्राप्ति उपाय औ विभूति संक्षेप ले भन्नु भो अब विस्तारगरी भन्नु हवस् किन भने यो अमृतरूप महात्म्य सुन्दा सुन्दा मलाई तृप्ति हुँदैन ॥ १८ ॥ यस्तो सुनेर भगवान बोले कि हन्त अर्थात् हे अर्जुन ! तिमिसँग दिव्य मेरा विभूतिकन प्रधानता अर्थात् मुख्य मुख्य भनुला किन भने हे कुरुश्रेष्ठ ! मेरा विस्तारको अन्त छैन ॥ १९ ॥ पैल्हे जो भनिआऔ कि सब को सृष्टिकर्ता औ नियन्ता म हूँ तेस् अर्थलाई अब स्पष्ट गरेर भन्छन् हे अर्जुन ! सब प्राणी मेरा शरीर रूप् हुँन् प्राणिका हृदयमा आत्मा रूपले रकेको छू, आत्मा भनेको शरीरको निय न्ता मालिक हो तेसमा प्रमाण भन्छन् "सर्वस्य

सर्वभूताशयस्थितः ॥ अहमादिश्च म

चाहं हृदिसन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च । ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति । भ्रामयन् सर्वभूतानि यंत्रारूढानि मायया ।" श्रुतिश्च "यः सर्वेषु भूतेषु तिष्ठन् सर्वेभ्योभूतेभ्योन्तरोथसर्वाणि भूतानि न विदुः ॥ यस्य सर्वाणि भूतानि शरीरं यः सर्वाणि भूतान्तरोयमिति एष सर्वान्तर्याम्य मृतः ॥ य आत्मनि तिष्ठन्नति मनोन्तरीयमात्मानं वेद ॥ यस्य आत्मा शरीरं य आत्मान्तर्याम्यमृत इति" इत्यादि प्रमाणले सब भूत प्राणिमात्र मेरा शरीररूप हुन तिन्को म आत्मत्वले गरेर मात्र छु तिन्को आदि मध्य अन्त्य पनी म हूँ यस्तै जहाँ २ भगवान् भन्नन् फलानु मैं हूँ ताहाँ ताहाँ यो अर्थ कि यो मेरै श्रेष्ठ विभूतिमा छ, यो मेरो कृपापात्र हो नत्र एकमा आफु छन् ता अर्कामा कोछ, अर्को भयो भन्या ईश्वर पनी अर्को चाहि न्छ, यस्कारणले अहं भन्न मा श्रेष्ठत्वै ग्रहण गर्नु

ध्यं च भूतानामन्त एवच ॥२०॥ आ
दित्यानामहं विष्णुर्ज्योतिषां रविरंशु
मान् ॥ मरीचिर्मरुतोमस्मि नक्षत्राणा
महंशशी ॥ २१ ॥ वेदानां सामवेदोऽ-
स्मि देवानामस्मिवासवः ॥ इन्द्रिया
णा मनश्चास्मि भूतानामस्मि चेतना

पर्छ औ शरीर वाची शब्दहरूको शरीर जो तेस्
शरीरको अन्तर्यामी हो तेसै प्रवृत्ति हुन्छ जस्तै
कि यो पुरुष पैल्हे देवता थियो अब मनुष्य भये
त्यो शरीरले देवता भयेका थिएन परन्तु अंगुली
शरीरको तीर्गर्नाले उसै आत्माका बोध भो यसै
तवलें आत्मा अहं यस्ता मन्त्रामा अन्तर्यामी अर्थ
हुन्छ ॥२०॥ द्वादशादित्यमा विष्णुया आदित्य
मैं हूँ ज्योतिहरूमा किरणबान् सूर्य मैं हुँ उन-
न्चास वायुमा मरीचिनाम मरुत् मैं हुँ नक्षत्रहरू
मा चन्द्रमा महुँ ॥२१॥ वेदमा सामवेदहुँ देवता

॥ २२ ॥ रुद्राणां शङ्करश्चास्मिवित्ते
शो यक्षरक्षसाम् ॥ वसूनां पावकश्चा
स्मि मेरुः शिखरिणामहम् ॥२३॥ पु-
रोधसां च मुख्यं मां विद्धि पार्थ बृह-
स्पतिम् ॥ सेनानीनामहं स्कन्दः सर
सामस्मि सागरः ॥ २४ ॥ महर्षिणां
भृगुरहं गिरामस्म्येकमक्षरम् ॥ यज्ञा
नां जपज्ञोऽस्मि स्थावराणां हिमाच-

मा इन्द्र मैं हूँ औ इन्द्रियमा मन मैं भूतप्रा-
णिमा चेतना मैं हूँ ॥२२॥ रुद्रादिमा शंकर मैं हुँ
यक्ष राक्षसमा कुवेर मैं हुँ अष्टवसुमा अग्नि म
हूँ पर्वतमा सुमेरु मैं हूँ ॥२३॥ हे पृथापुत्र पुरो
हितहरूमा बृहस्पति मैं हूँ सेनापतिहरूमा स्वामि
कार्तिक मैं हूँ सरोवर हरूमा समुद्र मैं हूँ ॥२४॥
महर्षिहरूमा भृगु मैं हूँ वाक्यहरूमा एक अक्षर
अर्थात् ॐ मैं हूँ यज्ञहरूमा जपयज्ञ स्थावरादि

लः ॥२५॥ अश्वत्थः सर्ववृक्षाणां देव
र्षीणां च नारदः ॥ गन्धर्वाणां चित्र-
रथः सिद्धानां कपिलो मुनिः ॥ २६ ॥
उच्चैः श्रवसमश्वानां विद्धि माममृतोद्भ
वम् ॥ ऐरावतं गजेन्द्राणां नराणां च
नराधिपम् ॥२७॥ आयुधानामहं वज्रं
धेनुनामस्मि कामधुक् ॥ प्रजनश्चास्मि
कन्दर्पः सर्पाणामस्मि वासुकिः ।२८।

मा हिमाचल मैं हूँ॥२५॥ सब वृक्षहरुमा पीपल
वृक्ष मैं हूँ औ देवऋषि मा नारद, गन्धर्वादिमा
चित्ररथ, सिद्धादि मा कपिल मैं हूँ ॥ २६ ॥
घोड़ामा अमृत देखि उत्पन्न भयंको उच्चैश्रवा मैं
हूँ, हात्तिमा ऐराबत, मनुष्यादिमा राजा मैंकन
जान ॥२७॥ आयुधमा वज्र धेनुहरुमा कामधेनु
म, हूँ उत्पत्तिकार कामदेव मैं हूँ एक शिर भया
का सर्पादिमा वासुकी मैं हूँ ॥ २८ ॥ अनेक

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम्। पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥ २९ ॥ प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ॥ मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥ पवनःपवतामस्मि रामः शस्त्रभृतामहम् झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी॥ ३१ ॥ सर्गा

शिर वाला सर्पादिमा शेषजी म हूँ जलजीवमा म वरुणहुँ पितृहरूमा अर्यमा शाशनगर्ने हरूमा यमराज म हुँ ॥२९॥ दैत्यादिमा प्रल्हाद म हूँ वशगर्नें मा अथवा संख्यामा काल म हूँ मृगादिमा सिंह म हूँ पक्ष्यादिमा गरुड म हूँ ॥३०॥ पवित्रगर्ने मा पवन म हूँ अस्त्रधारी मा राम म हूँ माछादिमा मकर नामा म हूँ नदीहरूमा जाह्नवी अर्थात् भागीरथी म हूँ ॥३१॥ सर्ग जो

णामादिरन्तश्च मध्यं चैवाहमर्जुन ॥
अध्यात्मविद्या विद्यानां वादः प्रवद
तामहम् ॥ ३२ ॥ अक्षराणामकारोऽ
स्मिद्वन्द्वः सामासिकस्य च ॥ अह
मेवाक्षयः कालो धाताहं विश्वतोमुखः
॥ ३३ ॥ मृत्युः सर्वहरश्चाहमुद्भवश्च
भविष्यताम् ॥ कीर्तिं श्रीवाक्च ना

ब्रह्माका दिन आदि मा उत्पत्ति गर्न्या अन्तयमा प्रलयगर्न्या औ मध्यमा पालनगर्न्या पनी मैं हूँ हे अर्जुन ! सब विद्यामा अध्यात्म विद्या मैं हूँ वाद गर्न्याहरूमा वाद अर्थात् सिद्धान्त मैं हूँ ॥३२॥ अक्षरहरूमा वाद मैं हूँ समासमा द्वंद मैं हूँ कालमा अक्षय काल मैं हूँ चारै तरफ अ मुखजस्को यस्तो सबको धाता पोषण गर्न्या म हूँ ॥३३॥ सबलाई हरण गर्ने मृत्यु मैं हूँ औ उत्पत्तिका कारण पनी मैं हूँ स्त्रीहरूमा कीर्ति,

रीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥ बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ॥ मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥ द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ॥ जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥ वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः ॥ मुनीनामप्य

श्री, वाक्, स्मृति, मति, धृति, क्षमा म हूँ ॥३४॥ तस्तै सामवेदका मंत्रमा बृहत्साम, छन्दहरूमा त्रिछन्द, मैन्हामा मङ्सिर ऋतुमा वसन्त मैं हूँ ॥३५॥ छल गर्न्यामा जूवा तेजाश्वमा तेज, जित्नायमा जय, निश्चवानमा निश्चय उदारमा उदारता म हूं ॥ ३६ ॥ वृष्णिवंशहरूमा वासुदेव आहाँ वसुदेव पुत्रत्व मात्र विभूति जान्नु पाण्डवादिमा अर्जुन तिमी जो हौ सो श्रेष्ठ विभूति हौ

हं व्यासः कवीनामुशना कवि ॥३७॥
दण्डो दमयतामस्मि नीतिरस्मि जि-
गीषताम् ॥ मौनं चैवास्मि गुह्यानां
ज्ञानं ज्ञान वतामहम् ॥३८॥ यच्चापि
सर्वभूतानां बीजं तदहमर्जुन ॥ न त
दस्ति विना यत्स्यान्मया भूतं चरा
चरम् ॥ ३९ ॥ नान्तोऽस्ति मम दि
व्यानां विभूतीनां परंतप ॥ एष तूद्दे

एस्कारणले तिमी पनी मैं हूँ मुनिमा व्यास,
कवि जो शास्त्रदर्शिमा शुक्राचार्य्य कवि मैं हूँ
॥३७॥ आफ्नु वशगर्नामा दण्ड, जय चाहिने
हरूमा नीति हूँ, गुप्तमा मौन, ज्ञानीहरूमा ज्ञान
मैं हुँ ॥३८॥ हे अर्जुन! सब प्राणिको जो आ
दिकारण हो सो म हुँ चराचर प्राणी म बाहेक
छैनन् ॥३९॥ हे अर्जुन्! दिव्यविभूति हरूको
अन्त छैन, परन्तु यो विभूतिको विस्तार मैले

शतः प्रोक्तो विभूतेर्विस्तरो मया ।४०।
यद्यद्विभूतिमत्सत्वं श्रीमदूर्जितमेव
वा ॥ तत्तदेवावगच्छत्वं ममतेजोंऽशसं
भवम् ॥ ४१ ॥ अथवा बहुनैतेन किं
ज्ञानेन तवार्जुन ॥ विष्टभ्याहमिदंकृं-
त्स्नमेकांशेनास्थितोजगत् ॥ ४२ ॥

संकेत मात्रले कहेको हो ॥४०॥ जो २ प्राणि
ऐश्वर्यवान् स्वभाववान् अथवा बड़ो छ सो सो
मेरा तेज अंशले युक्त छ यस्तो तिमी जान
॥४१॥ हे अर्जुन ! अथवा यो धेरै ज्ञानले तिमी
लाइ क्या प्रयोजन छ म यो सब जगत्लाई एक
अंशले धारण गर्दो छंदो रहेको छू ॥ ४२ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे विभूतियोगो
नाम दशमोऽध्यायः ॥ १० ॥

❀ एकादशोऽध्यायः ❀

अर्जुन उवाच ॥ मदनुग्रहाय पर

मंगुह्यमध्यात्मसंज्ञितम् ॥ यत्त्वयोक्तं वचस्तेन मोहोऽयंविगतो मम ॥१॥ भवाप्ययो हि भूतानांश्रुतौ विस्तरे शोमया ॥ त्वत्तःकमलपत्राक्ष माहा त्म्यपि चाव्ययम् ॥२॥ एवमेतद्यथा त्थ त्वमात्मानं परमेश्वर ॥ द्रष्टुमि

जब भगवान्‌ले आफ्नु विभूति भनी औ तेस्मा आफ्नु स्वरूप वर्णन गरेर सो सुनेर अ- र्जुनले हेर्नाको इच्छा गरेर बोले कि हे भगवान् । मेरा अनुग्रहका निमित्त सर्वोत्तम गोप्य अध्यात्म संज्ञित अर्थात् आत्मज्ञान विषयक जो बचनहजूर ले भन्नु भो तेस्लो मेरो मोह गयो ॥१॥ का- रण यो कि हे कमलदल नयन । प्राणिहरूको उत्पत्ति प्रलयको बिस्तार हजूर देखि सुने औ हजूरको अक्षर माहात्म्य पनी सुने ॥२॥ शक्ति बल, ऐश्वर्य, पराक्रम, तेज, ई सबै ऐश्वर्य युक्त

च्छामितं रूपमैश्वरं पुरुषोत्तम ॥३॥
मन्यसेयदिच्छक्यं मया द्रष्टुमिति
प्रभो ॥ योगेश्वर ततो मे त्वं दर्शया
त्मानमव्ययम्॥४॥श्रीभगवानुवाच॥
पश्य मे पार्थ रूपाणिशतशोऽथ सह
स्रशः नानाविधानिदिव्यानि नानाव
र्णाकृतानि च ॥५॥ पश्यादित्यान्वसू
न्रुद्रानश्विनौ मरुतस्तथा ॥ वहून्य

रूपकन हेर्नाको इच्छा गर्छु ॥३॥ हे प्रभो। जो
त्यो रूप ऐले देखाउनमा योग्य मान्नु हुन्छ भने
हे योगेश्वर। अविनाशी हजूरको रूप मकन
देखाउँनु होस् ॥४॥ यस्ता अर्जुनका वचनकन
सुनेर भगवान् बोल्छन् कि हे पार्थ! सयकडौं
हजारौं अनेक प्रकार दिव्य अनेक वर्ण आकार
का मेरा रूपकन देख ॥५॥ हे भारत! मेरा
देहमा द्वादस सूर्य, अष्टवसु ११ रुद्र, अश्विनी

दृष्टपूर्वाणि पश्याश्चर्याणि भारत॥६॥ इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ॥ मम देहेगुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥ ७ ॥ न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ॥ दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥ ८ ॥ संजय उवाच ॥ एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ॥ दर्श

कुमार ४९ वायु देख, तस्तै जो तिमिले पैल्हे न देखेको आश्चर्य पनी देख ॥६॥ हे गुडाकेश! यो मेरो देहमा सब चराचर जगत् एकै जग्गामा एकै ठाउँमा आज देख औ अरु पनी जो जो हेर्न चाहन्छौ सो पनी हेर ॥ ७ ॥ यो तिम्रा दृष्टि ले मकन देखनाकन समर्थ छैन यस्कारणले तिमिलाई दिव्य नेत्र दिन्छु तेस्ले मेरोईश्वर सम्बन्धी योगकन देख ॥ ८ ॥ संजय धृतराष्ट्र

यंमास पार्थाय मरमंरूपमैश्वरम्॥९॥
अनेकवक्त्रनयनम नेकाद्भुतदर्शन
म् ॥ अनेकदिव्याभरणं दिव्यानेको
द्यतायुधम् ॥ १० ॥ दिव्यंमाल्याम्ब
रधरंदिव्यगन्धानुलेपनम् । सर्वाश्च

सँग भन्छन् कि हे राजन् ! महायोगेश्वर श्रीकृ-
ष्णले यस्तो भनेर फेरी सर्वोत्तम ईश्वरसम्बन्धी
रूप अर्जुनकन देखाउँदा भया ॥९॥ जुन रूप
मा अनेक रूप औ नेत्र छन् औ अनेक आ-
श्चर्य देखिन्छ अनेक मुख छन्, अनेक सुन्दर
गहनाले युक्त छन्, दिव्य आयुध छन् जसरूप
मा ॥१०॥ दिव्यमाला दिव्यवस्त्र धारणगरेका
दिव्यचन्दनादि सुगन्ध लेपन गरियाका सर्व
आश्चर्यमय प्रकाशमान् अनन्त भयेका छन् मुख
जस्को यस्ता रूप अर्जुनकन देखाउँदा भया
॥ ११ ॥ जो आकाशमा हजारौं सूर्यको एकै
वखतमा उत्पन्न भयेको तेज होस् त्यो तेज तो

यंमयं देवमनन्त विश्वतोमुखम् ।११।
दिविसूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदिभाः सदृशीसास्याद्भासस्तस्यम
हात्मनः ॥ १२ ॥ तत्रैकस्थ जगत्कृत्स्नं
प्रविभक्तमनेकधा ॥ अपश्यद् देवदेव
स्य शरीरं पाण्डवस्तदा ॥ १३ ॥ त
तः सविस्मयाविष्टो हृष्टरोमाधनंज-
यः ॥ प्रणम्य शिरसा देवकृताञ्जलि
रभाषत ॥ १४ ॥ अर्जुन उवाच ॥

महात्म भगवान्का तेजको समान होम् ॥१२॥
ती देवताका पनी प्रकाशक कृष्णका शरीरमा
तेस समयमा अनेक प्रकारका भिन्न भिन्न एकै
स्थानमा येकट्ठा भयाका यस्तो सब जगत्कन
अर्जुन देख्ताभया ॥१३॥ तब आश्चर्यले व्याप्त
रोमाञ्चले युक्त ती अर्जुन कृष्णकन शिरले
प्रणामगरेर, हात जोड़ेर बोल्दाभये ॥१४॥ अ-

पश्यामि देवांस्तव देव देहे सर्वांस्त
भूतविशेषसंघान् ॥ ब्रह्माणमीश कम
लासनस्थमृषींश्च सर्वानुगांश्च दिव्या
न् ॥ १५ ॥ अनेकबाहूदरवक्त्रनेत्रं
पश्यामि त्वां सर्वतोऽनन्त रूपम् ॥
नान्तं न मध्यं न पुनस्तवादिं पश्या
मि विश्वेश्वर विश्वरूप ॥ १६ ॥
किरीटिन गदिनं चक्रिणं च तेजोरा

र्जुन भन्छन् कि हे देव ! तिम्रा शरीरका देवता
कन तस्तै सब भूत प्राणीका समूह कन तस्तै
ब्रह्मा हजूरकन औ सब ऋषि औ दिव्य सर्पहरु
कन देख्छू ॥१५॥ हे विश्वेश्वर ! हे विश्वरूप !
तिमिलाई चारै तरफ बाट अनेक भुजा, पेट,
औ अनेक आँखाले युक्त अनन्त रूप देख्छू
हजूरको अन्त, मध्य आदि पनी देखिन्न ॥१६॥
हजुरकन किरीट गदा लियेका औ तेजको राशि

शिं सर्वतो दीप्तिमन्तम् ॥ पश्यामि
त्वांदुर्निरीक्ष्यं समन्ताद्दीप्तानलार्क
द्युतिमप्रमेयम् ॥ १७ ॥ त्वमक्षरं पर
मं वेदितव्यं त्वमस्य विश्वस्यपरं नि-
धानम् ॥ त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषोमतो मे ॥ १८ ॥
अनादिमध्यान्त मनन्तवीर्यमनन्त

चारैं तरफ बाट प्रकाशमान् चारैं तरफ बाट हेर्न नसकिने प्रज्वलित अग्नि औ सूर्यका कान्तिभैं प्रकाशमान औ प्रमाण गर्न न सकिन्य रूपकन देख्तछू ॥१७॥ जौन मनुष्य मुमुक्षु जनहरूले जान्नामा योग्य सर्वोत्तम विष्णु हजूरै होई बक्सि-न्छ यो संसारको श्रेष्ठ आधार सनातन धर्म को रक्षा गर्न्या कैले नाश न हुन्या सनातन पुरुष आफ हैं वक्सिन्छ यो मैले जानेको छ ॥१८॥ छैन आदि मध्य, अन्त्य जस्को अनन्त

बाहुं शशिसूर्यनेत्रम् ॥ पश्यामि त्वां दीप्तहुताशवक्त्रं स्वतेजसा विश्वमिदं तपन्तम् ॥ १६ ॥ द्यावापृथिव्योरिदमन्तरं हि व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ॥ दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं लोकत्रयं प्रव्यथितं महात्मन् ॥ २० ॥

छ पराक्रम जस्को अनन्त छ भुजा जस्को चन्द्र सूर्य नेत्र छन् जस्को प्रज्वलित अग्नि तुल्य मुख भयाका जौन हजूर का तेजले संसार कन तप्यमान गरियाको छ यस्ता हजूरकन देख्छू ॥ १६॥ हे महाशरीर ! द्यावापृथिवि को यो अन्त अर्थात् यो ब्रह्मांड आफै हजूरले व्याप्त छ औ सब दिशा मा पनी व्याप्त छ अर्थात् उच्चाई गरेर ब्रह्माण्ड गोल औ चौड़ाई गरेर सब दिशा पूर्ण भयेको छ यस्तो हजूरको यो अद्भुत उग्ररूपकन देखेर तीनलोकका निवासी देव मनुष्य व्याकुल छन् ॥२०॥ ईष्टदेवता हरू जा समूह हजूर का स-

अमीहि त्वां सुरसंघा विशन्ति के
चिद्भीताः प्राञ्जलयो गृणन्ति ।। स्व
स्तीत्युक्त्वा महर्षिसिद्धसंघाः स्तुव
न्तित्वां स्तुतिभिः पुष्कलाभिः ॥ २१ ॥
रुद्रादित्या वसवो येच साध्याविश्वेऽ
श्विनौमरुत श्चोष्मपाश्च ।। गन्धर्व
यक्षासुरसिद्धसंघा वीक्षन्ते त्वां वि-
स्मिताश्चैव सर्वे ।। २२ ।। रूपंमहत्ते

मीपमा प्राप्त भयेका छन् कति डरले युक्त हात
जोड़ेका हजूर को गुणनाम उच्चारण गर्छन्,
महर्षि औ सिद्ध हरुका समूह "स्वस्ति" यस्तो
भनेर तिम्रो अनेकप्रकारको स्तुति गर्छन् ॥२१॥
एकादश रुद्र, द्वादश आदित्य, अष्टवसु साध्य
तथा विश्वदेव औ अश्विनीकुमार उनचास वायु
औ पितृ गन्धर्व यक्ष देवता औ सिद्ध इन्को
समूह ई सब आश्चर्य मानेका तिमिलाई हेरी
रहन् छन् ॥२२॥ हे महाबाहो ! घेरैछन् मुख,

बहुवक्त्रनेत्रं महाबाहो बहुबाहूरुपाद-
म् ॥ बहूदरं बहु दंष्ट्राकरालं दृष्ट्वा
लोकाः प्रव्यथितास्तथाहम् ॥ २३ ॥
नभःस्पृशं दीप्तमनेकवर्णं व्यात्ताननं
दीप्तविशालनेत्रम् ॥ दृष्ट्वा हि त्वां
प्रव्यथितान्तरात्मा धृतिं न विन्दामि
शमं च विष्णो ॥ २४ ॥ दंष्ट्राकराला

नेत्र जस्मा तेस्तै धेरछन् भुजा जंघ चरण जस्का धेर छन् उदर जाहाँ धेरै दाह्राले भयंकर यस्तो हजूर को रूपकन देखेर लोक व्याकुल छ, तस्तै म पनी व्याकुल छू ॥२३॥ हे विष्णो ! नभ जो प्रकृति देखि लियेर आकाश बैकुण्ठ ताहाँ सम्म छ स्पर्श जस्को जो प्रकाशमान अनेक वर्णयुक्त रूप मुख फैलायेका प्रकाशित विशाल नेत्र भया का यस्तो हजूर कन देखेर जुन्ले म व्याकुल चित्त भया को धैर्य औ शांतिमा प्राप्त हुन्न ॥ २४ ॥ कराल जुन्मा कालानल तुल्य

निच ते मुखानिदृष्ट्वैव नालानलसन्नि
भानि॥ दिशानजाने न लभे च शर्म
प्रसीद देवेश जगन्निवास ॥२५॥ अ
मी च त्वां धृतराष्ट्रस्य पुत्राः सर्वे
सहैवा वनिपालसंघैः भीष्मो द्रोणः
सतपुत्रस्तथासौ सहास्मदीयैरपि यो
धमुख्यैः ॥ २६ ॥ वक्त्राणि तेत्वर
माणा विशन्ति दंष्ट्राकरालानि भया

यस्तो तिम्रा मुखकन देख्दैमा दिशाकन म जा
न्दिन औ सुखकन पनी पाउँदिन ॥२५॥ औ
राजाहरूका समुहले सहित ई सब धृतराष्ट्र का
छोरा तेस्तै भीष्म द्रोण कर्ण हाम्रा योद्धामा
मुख्यजो छन् तिन्ले सहित तिमिलाई देखेर
दिशा जान्दैनन् सुख पाउँदैनन् यस्तो पेल्हाका
श्लोकले अन्वय छ ॥२६॥ ई सब अति वेग-
कन पायेका दाह्रा छन् कराल जस्मा यस्तो भया-

नकानि ॥ केचिद्विलग्ना दशनान्तरेषु संदृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥ यथा नदीनां बहवोऽम्बुवेगाः समुद्रमेवाभिमुखा द्रवन्ति ॥ तथा तवामी नरलोकवीरा विशन्ति वक्त्राण्यभितो ज्वलन्ति ॥ २८ ॥ यथा प्रदीप्तं ज्वलनं पतङ्गा विशन्ति नाशाय समृद्धवे

नक हजूरका मुखमा प्रवेश गर्छन्, कति चूर्ण भयेका शिरले सहित तिम्रा दांतका मध्यमा अड्केका देखिन्छन् यस्कारणले हे देवेश । हे जगन्निवास । हजूर कृपा गर्नुहवस् अर्थात् हामी सब डराउँछौं यस् निमित्त हजूर पैल्हेको जस्तो सुन्दर रूप धारण गर्नुहोस् ॥२७॥ जस्तै नदी धेरै पानीका वेगले समुद्रैको सन्मुखमै दौडन्छन् तस्तै ई नरलोक-बीर हरु तिम्रा प्रज्वलित मुख मा प्रवेश गर्छन् ॥ २८ ॥ जस्त पतंगहरु आफ्नु

गाः ॥ तथैवनाशाय विशन्ति लोका
स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥
लेलिह्यसे ग्रसमानः समन्ताल्लोका
न्समग्रान्वदनैर्ज्वलद्भिः ॥ तेजोभिरा
पूर्य जगत्समग्रं भासस्तवोग्राः प्रतप
न्ति विष्णो ॥ ३० ॥ आख्याहि मे
को भवानुग्ररूपो नमोस्तुते देववर

नाशका निमित्त प्रज्वलित अग्निमा प्रवेश गर्छन् तहतै अति वेगले ई जनहरु पनी आफ्नु नाश का निमित्त तिम्रा मुखमा प्रवेश गर्छन ॥२९॥ हे विष्णो। प्रज्वलित आफ्ना मुखले सब प्राणिलाई चारैतर्फबाट धरेका छँदा खाँदै जान्छौ आफ्ना तेजले जगत परिपूर्ण गरेर प्रकाशित भै रहेछौ ॥३०॥ हे देवश्रेष्ठ। यस्तै उग्ररूप हजूरको हो सो म सँग भने किन भने तिम्रो प्रवृत्ति कन म जान्दीन जो हजूर आदि छौ सो जान्ना

प्रसीद ॥ विज्ञातुमिच्छामि भवन्तमा
द्यं न हि प्रजानामि तव प्रवृत्तिम्
॥३१॥ श्रीभगवानुवाच ॥ कालोऽस्मि
लोकक्षय कृत्प्रवृद्धो लोकान्समा
हर्तुमिहप्रवृत्तः ऋतेऽपि त्वां न भविष्य
न्ति सर्वेयऽवस्थिताः प्रत्यनीकेषु यो
धाः ॥ ३२ ॥ तस्मात्त्वमुत्तिष्ठ यशो
लभस्वजित्वा शत्रून्भुङ्क्ष्व राज्यं
समृद्धम् । मयैवैते निहताः पूर्वमेव

कन इच्छा गर्छू हजूर कृपा गर्नु होस हजूर लाई
नमस्कार छ ॥ ३१ ॥ यस्तो सुनेर श्रीभगवान्
भन्नुहुन्छ कि म ई जनहरू क्षयगर्नाका निमित्त
बढ़ो काल हुँ आहाँ इनिहरूलाई संहार गर्ना
निमित्त प्रवृत्त भयेको छू जो ई योधा तिम्रा शत्रु
सेनामा खड़ा छन् ई सब तिमि बिना निश्चय
पूर्वक रहने छैनन् ॥ ३२ ॥ हे सव्यसाचि ! हे
अर्जुन ! येस अर्थले ती सब मर्नेछन् तसर्थ

राज्यं समृद्धम् ॥ मैयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन् ॥ ३३ ॥ द्रोणंच भीष्मंच जयद्रथं च कर्णं तथान्यानपि योधवीरान् ॥ मया हतास्त्वं जहिमाव्यथिष्ठा युध्यस्व जेतासि रणेसपत्नान् ॥ ३४ ॥ संजय उवाच ॥ एतच्छ्रुत्वा वचनं केश

तिमी उठ, यश प्राप्त गर ई शत्रु कन जीतवृद्ध भयका राज्यको भोग गर, पैल्हे मैंले ई सब मारिराखे को छ तिमिता निमित्त मात्र होउ॥३३॥ द्रोण भिष्म जयद्रथ कर्ण औ अरु पनी शुर बोर ई मैंले मारियेका तिमी मार दुःखित न होऊ रणामा शत्रुहरू कन जीतौला, युद्धगर ॥३४॥ संजय धृतराष्ट्रसँग भन्छन् कि किरीटी जो अर्जुन सो श्रीकृष्णका यति बचन सुनेर कांपदै हात जोड़ेका छँदा नमस्कार गरेर फेरी

वस्य कृताञ्जलिर्वेपमानः किरीटी ॥
नमस्कृत्वा भूय एवाह कृष्णं सगद्गद
दंभीतभीतः प्रणम्य ॥ ३५ ॥ अर्जुन
उवाच ॥ स्थानेहृषीकेशतवप्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यतेच ॥ रक्षांसि
भीतानि दिशोद्रवन्ति सर्वे नमस्य
न्ति च सिद्धसंघाः ॥ ३६ ॥ कस्माच्च
तेन नमेरन्महात्मन् गरीयसे ब्रह्मणोऽ

डरले युक्त भै प्रणाम गरेर गद्गद कंठले श्री
कृष्ण सँग बोल्दा भये ॥३५॥ अर्जुन भन्छन् कि
हे हृषिकेश ! तिम्रो उत्तम कीर्तिले जगत् आनन्द
हुन्छ राक्षस भय कन पायाका छँदा सर्व दिशा
तरफ भाग्छन् सब सिद्ध समुह नमस्कार गर्छन,
॥३६॥ हे महात्मान् ! ब्रह्मभन्दा पानी बड़ा आ
दिकर्ता जो हजूर यस्तो तिमिकन इनिरू किन
नमस्कार न गरून् अर्थात् गर्दैगरुन् हे अनन्त !

प्यादिगत्रें ॥ अनन्त देवेश जगन्निवा
स त्वमक्षरं सदसत्तत्परं यत् ॥ ३७ ॥
त्वमादिदेवः पुरुषः पुराणस्त्वमस्य
विश्वस्य परंनिधानम ॥ वेत्तासि वेद्यं
च परं च धाम त्वया ततं विश्वमनन्त
रूप ॥ ३८ ॥ वायुर्यमोऽग्निर्वरुणः
शशांकःप्रजापतिस्त्वं प्रपितामहश्च ॥
नमोनमस्तेस्तु सहस्रकृत्वः पुनश्चभू

हे देवेश ! हे जगन्निवास ! जो अक्षर अर्थात् जीवतत्व सत् जो कार्य स्थूल प्रकृति कारण तत्पर जो शुद्ध आत्मा सो सब आफै हौ। अर्थात सब का अन्तर्यामी हौ ॥३७॥ हजूर, आदिदेव पुराण पुरुष हौ, हजूर यो संसार का परम आधार हौ एस्कन जान्ने औ जान्नामा योग्य औ येस्को सर्वोत्तम वासस्थान हौ हे अनन्तरूप ! यो संसार तिमिले व्याप्त छ ॥३८॥ वायु, अग्नि

योऽपि नमो नमस्ते ॥ ३९ ॥ नमः पु
रस्तादथ पृष्ठतस्ते नमोऽस्तु ते सर्वत
एव सर्व ॥ अनन्तवीर्यामितविक्रम
स्त्वं सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥ ४० ॥
सखेति मत्वा प्रसभं यदुक्तं हे कृष्ण
हे यादव हे सखेति ॥ अजानता महि
मानं तवेदं मया प्रमदात्प्रणयेन वापि

यम, वरुण, चन्द्रमा, प्रजापति, ब्रह्मा औ पिता
मह ब्रह्मालाई पनी जन्माउँने हजूरकन मेरो सहस्र
प्रणाम छ, फेरी फेरी सहस्र प्रणाम छ ॥ ३९ ॥
हे सर्वत्मा ! तिमिकन अगाड़ीबाट औ पछाड़ी
बाट नमस्कार छ, औ तिमिकन सब तरफ् बाट
पनी नमस्कार छ अनन्त बल औ अमित परा
क्रम अर्थात् प्रणाम गर्न सकिदैन पराक्रम जस्तो
यस्तो तिमी सबमा व्यापक व्हौ यसले तिमी
सब रूप छौ ॥ ०४ ॥ हे अच्युत ! तिम्रो महिमा

॥ ४१ ॥ यच्चावहासार्थमसत्कृतोऽसि विहारशय्यासन भोजनेषु ॥ एकोऽथवाप्यच्युतयत्समक्षं तत्क्षामयेत्वमह मप्रमेयम् ॥४२॥ पितासिलोकस्य चराचरस्यत्वमस्य पूज्यश्चगुरुर्गरीयान् ॥ न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽ

कन औ विश्वरूप कन न जान्ने जो म तस्तो मैले प्रसादले अथवा प्रेमले पनी सखा यस्तो भनेर हे कृष्ण ! हे यादव !! हे सखा ??? यस्तो हठले जो भनेको छ ।४१।। औ क्रीडा शयन आसन तेस्तै भोजन-कालमा एक्लै अथवा अरु ती सखिहरुको सन्मुख ठट्टाको निमित्त जो हजूर को अपमान गरेकोछू सो प्रमाण रहित जो हजूर तेस्तो हजूर सँग म क्षमा गराउँछू ॥४२॥ हे सर्वोत्तम ! हजूर यो चराचर लोकका पिता हौ, सब गुरुभन्दा बड़ा गुरु हौ यस्कारण

न्यो लोकत्रयेऽप्यप्रतिम प्रभावः ॥ ४३ ॥ तस्मात्प्रणम्य प्रणिधाय कायं प्रसादये त्वामहमीशमीड्यम् ॥ पितेव पुत्रस्य सखेव सख्युः प्रियः प्रियायार्हसि देव सोढुम् ॥ ४४ ॥ अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा भयेन च प्रव्यथितं मनो मे। तदेव मे दर्शय दे

ले पूज्य हौ तीन लोकमा पनी हजूर समान अर्को छैन भने पछि औ बढ़ता कहाँ बाट होला ॥४३॥ तेसकारणले शरीरकन पृथ्वीमा धारण गरेर प्रणाम गरेर इश्वर ! यसैले स्तुति गर्नामा योग्य हजूरलाई प्रसन्न गराउँछु हे देव! पुत्रलाई प्रियका निमित्त पिता जस्तै मित्रलाई प्रिय गर्नाका निमित्त मित्र जस्तै यस्तो मेरा प्रिय हजूर हुनु हुन्छ मलाई पियारो गर्नाका निमित्त अपराध क्षमागर्नामा योग्य हुँनुहुन्छ ॥ ४४ ॥ जुन

व रूपं प्रसीद देवेश जगन्निवास ॥४५॥
किरीटिनं गदिनं चक्रहस्तमिच्छामि
त्वां द्रष्टुमहं तथैव ॥ तेनैव रूपेण
चतुर्भुजेन सहस्रबाहो भव विश्वमूर्ते
॥ ४६ ॥ श्रीभगवानुवाच ॥ मया प्र
सन्नेन तवार्जुनेदं रूपं परं दर्शितमा
त्मयोगात ॥ तेजोमयं विश्वमन्तमा

रूप मैले प्रथम देखेको थियेन सो रूप देखेर आश्चर्य भयेको छू औ डरले मेरो मन ब्याकुल भै रहेछ। हे देव! मलाई उही पैलहेको रूप देखाऊ हे देवेश! हे जगन्निवास! हजूर मदेखि प्रसन्न हुनु होस् ॥४५॥ हे सहश्रबाहो! विश्वमू! मतैं उस्तै किरीट, गदा, चक्रयुक्त हजुरकन देख्न चाहन्छु यसकारणले उही चतुर्भुज रूपले युक्त हुँनुहोस् ॥४६॥ यस्तो अर्जुनको प्रार्थना सुनेर भगवान् भन्नु हुन्छ कि हे अर्जुन! जो तेजोमय

द्यं यन्मेत्वदन्येन नदृष्टपूर्वम् ॥४७॥
न वेदयज्ञाध्ययनैर्न दानैर्न च क्रिया
भिर्न तपो भिरुग्रैः ॥ एवंरूपः शक्य
अहं नृलोकेद्रष्टुंत्वदन्येनकुरुप्रवार
॥४८॥ मा ते व्यथा मा च विमूढभा
वोदृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ॥
व्यपतभीः प्रीतमना पुनस्त्वं तदेव म

विश्वरूप अन्तरहित सबका आदि तिमा सिवाय
अरू कसैले पैल्हे न देखेको सो यो परमरूप
प्रसन्न भै मैले आफ्नू सत्य संकल्परूप योगले
तिमिलाई देखाउँ ॥ ४७ ॥ हे कुरुवंशिमा श्रेष्ठ
वीर ! यो रूप मेरो यो मनुष्यलोकमा तिमी
सिवाय अरू वेद पाठगर्नें यज्ञ गर्नें मन्त्र जपने,
दान गर्नें योग गर्नें उग्रतपस्या गर्नेंले पनी देख
नामा योग्य छन ॥ ४८ ॥ यस्तो घोर मेरो यो
रूपकन देखेर तिमिलाई वेथा नहोस् औ मोह

रूपमिदं प्रपस्य ॥४९॥ संजय उवा
च ॥ इत्यर्जुनं वासुदेवस्थोक्त्वास्वकं
रूपं दर्शयामास भूयः आश्वासयामास
च भीतमेनं भूत्वा पुनः सौम्यवपुर्महा
त्मा ॥५०॥ अर्जुन उवाच ॥ दृष्टेदं
मानुषं रूपं तव सौम्य जनार्दन ॥
इदानीमस्मि संवृत्तः सचेताः प्रकृति

भाव पनी न होस् भयरहित प्रसन्न मनले तिमि
उहि मेरो रूपकन फेरी हेर ॥४९॥ संजय धृत-
राष्ट्र संग भन्छन् कि हे राजन् ! वसुदेवका पुत्र
कृष्णले यस्तो अर्जुनलाई भनेर उस्तै अगाड़ी
को झैं आफ्नु रूप फेरी देखाउँदा भया औ जो
ठुलो शरीर युक्त थियो सो सौम्यरूप भयेर डर
ले युक्त अर्जुनकन साहस् दियेर समझाये॥५०॥
तब अर्जुन बोले कि हे जनार्दन ! हजूरको यो
सौम्य मानुषरूप कन देखेर अब अचेत भयेको

गतः ॥ ५१ ॥ श्रीभगवानुवाच ॥ सु
दुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ॥
देवा अप्यस्य रूपस्यनित्यं दर्शन का
ङ्क्षिणः ॥ ५२ ॥ नाहं वेदेन तपसा
न दानेन न चेज्यया ॥ शक्य एवं वि
धोद्रष्टुं दृष्टवानसि मां यथा ॥ ५३ ॥
भक्त्या त्वनन्यया शक्य अहमेवंवि
धोऽर्जुन ॥ ज्ञातुंद्रष्टुं चतत्वेन प्रवेष्टुं

छँदा हजूरको स्वभाव पायेको सावधानमाछु
॥ ५१ ॥ अर्जुनको वाक्य सुनेर श्रीकृष्ण बोले
कि अर्जुन ! जो अति दुर्लभदर्शन यो मेरो रूप
तिमिले देख्यौ त्यो रूपको दर्शन गर्नाकन देवता
हरू पनी इच्छा गर्छन् ॥ ५२ ॥ हे अर्जुन जस्तै
मलाई न वेदले न तपस्या ले न दानले यज्ञ ले
देख्न सक्छन् ॥ ५३ ॥ हे परन्तप । यस्तो म एक
भक्तिले निश्चयपूर्वक जान्ना कन देखाउँना कन

च परंतप ॥ ५४ ॥ मत्कर्मकृन्मत्पर
मो मद्भक्तः संग वर्जितः ॥ निर्वैरः स
र्वभूतेषु यः समा मेतिपाण्डव ॥ ६५ ॥

अथ द्वादशोऽध्यायः ॥

अर्जुन उवाच ॥ एवं सततयुक्ता ये
भक्तास्त्वां पर्युपासते ॥ येचाप्यक्षर

औ समीप प्राप्ति हुंना कन पनी सक्छु ॥५४॥
हे पाएडव। जो मनुष्य मेरा निमित्त लौकिक
वैदिक सब कर्म गर्छ म लाई अति उत्तम सर्वस्व
मानी रहेछ मेरो भक्त छ मेरो सम्बन्ध बिना
अरू को सँगछैन औ सब प्राणिमा निर्वैर छ
सो म कन प्राप्त हुन्छ ॥ ५५ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु योगो शास्त्रे
श्रीकृष्णार्जुनसंबादे एकादशोऽध्यायः ॥ ११ ॥

यस्तो पैल्हे आत्मज्ञानको महिमा श्रीकृष्ण
जी ले बर्णन गरे, भक्तिले न जान्नामा देखना

मव्यक्तं तेषां के योगवित्तमाः ॥ १ ॥
श्रीभगवानुवाच ॥ मय्यावेश्य मनो ये
मां नित्ययुक्ता उपासते ॥ श्रद्धया
परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

मा प्राप्त हूँनमा आउँछ यस्तो दुवै वाक्यलाई सुनेर अर्जुन सोद्धछन् कि निरन्तर भक्तिले युक्त भयेका जो भक्त यस्तो जो हजूरले पहिल्ला अध्यायका अन्त्यमा भन्नु भो तस्तै हजूरको उपासना गर्दछन् औ जो इन्द्रिय को आदृश्य अक्षर अर्थात् आत्म-स्वरूप उस्को उपासना गर्छन् ती दुईमा अति श्रेष्ठ कुन् हो? अर्थात् आत्म ज्ञानी श्रेष्ठ हो कि हजूरको उपासना गरने श्रेष्ठ हो सो भन्नु होस ॥ १ ॥ यस्तो अर्जुनको प्रश्न सुनेर श्रीकृष्ण भगवान् भन्नु हुन्छ जो निरन्तर भक्ति मेरो भजन गर्छन् तीयोगीहरूमा श्रेष्ठ मान्ने हुन् ॥ २ ॥ जो अनिर्देश्य अर्थात् देवादि शरीर

'ये त्वक्षर मनिर्देश्यमव्यक्तं पर्युपास
ते ॥ सर्वत्रगमाचिन्त्यं च कूटस्थमच
लं ध्रुवम् ॥ ३ ॥ संनियम्येन्द्रियग्रा
मं सर्वत्र समबुद्धयः ॥ ते प्राप्नुवन्ति
मामेव सर्वभूतहितेरताः ॥ ४ ॥ क्ले
शोऽधिक तरस्तेषा मव्यक्तासक्तचेत

शब्दले कहना मा न आउँने यस्तो अव्यक्त अर्थात् इन्द्रियगोचर न भयेका सर्वत्र अर्थात् सर्वत्र देवादि शरीरमा रहने अचिन्त्य ध्यानमा न आउँन्या औ कूटस्थ सर्वत्र एक भै रहन्या अचल आफ्नूस्वरूपमा रहन्या यसै कारण नित्य अक्षरयस्तो आत्मस्वरूपका भजनगर्छन् अर्थात् आत्मस्वरूपकन अनुसन्धान गर्छन् ॥ ३ ॥ ती इन्द्रियलाई नियंमा राखेर सर्वत्र समबुद्धि सब प्राणिका हितमा रत भयेका ती पनी मैमा प्राप्त हुन्छन् ॥ ४ ॥ अव्यक्तमा अव्यक्त–चित्तहुनेको

साम् ॥ अव्यक्ता हि गति दुःख देह वद्भिरवाप्यते ॥ ५ ॥ ये तु सर्वाणि कर्माणि मयि सन्यस्य मत्पराः ॥ अनन्येनैव योगेन मांध्यायन्त उपासते ॥ ६ ॥ तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ॥ भवामि न चिरात्पार्थ मयावेशित चेतसाम् ॥७॥ मय्येव मन आधत्स्वमायि बुद्धिं निवेशय ॥

क्लेश अत्यन्त छ गति अव्यक्त छ देहधारिहरूले कठिनले पाउँछन् ॥५॥ हे पृथापुत्र ! जो कोही सब कर्म कन ममा अर्पण गरेर मेरै शरण भये का एक भक्तियोगले मेरो ध्यान पूजन गर्छन् ममा लागेको छ चित्त जस्का उन्का ॥६॥ म थोरै दिनमा मृत्यु दुःख स्वरूप संसार देखि उद्धार गर्ने हुँला ॥ ७ ॥ यस्कारणले तिमी मन लगाउ, मैमा बुद्धि लगाउ यो मन बुद्धि

निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥ अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ॥ अभ्यास योगेन ततो मामिच्छाप्तु धनंजय ॥ ॥ ९ ॥ अभ्यासेप्यसमर्थोसि मत्कर्म परमो भव ॥ मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥ अथैतदप्यशक्तोसि कर्तुं मद्योगमाश्रितः ॥

लाये पछि मवै समीपमा रहुला यस्मा संशय छैन ।८॥ हे अर्जुन ! जो कदाचित् ममा चित्त समाधान स्थिर गर्न न सके अभ्यासयोग गरेर ममा प्राप्ति हुँनाकन इच्छा गर्दै रहू ॥ ९ ॥ अभ्यास मा पनी असमर्न छौ ता मेरो पूजादिकमा मुख्य स्थिर होउ मेरा अर्थमा पनी कर्म गर्दा गर्दा मेरो प्राप्तिरूप सिद्धिकन प्राप्त होला ॥१०॥ जो कि तिमी यो पनी गर्न असक्त छौ ता मन लाई

सर्वकर्मफलत्यागं ततः कुरु यतात्म-
वान् ॥ ११ ॥ श्रेयो हि ज्ञानमभ्यासा
ज्ज्ञानाद् ध्यानं विशिष्यते ॥ ध्याना
त्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तर
म् ॥ १२ ॥ अद्वेष्टा सर्वभूतानां मैत्रः
करुण एव च ॥ निर्ममो निरहंकारः
सम दुःखसुखः क्षमी ॥ १३ ॥ संतुष्टः

सावधान गरेर भक्तियोग गरेकाछँदा सब कर्म फल को त्यागगर ॥११॥ अभ्यास ले कल्याण दायक ज्ञान हुन्छ ज्ञानले विचार हुन्छ, विचार ले कर्मफल को त्याग हुन्छ, कर्म फल त्याग हुना ले फेर शान्ति अर्थात् संसार देखि वैराग्य हुन्छ ॥१२॥ जो सब प्राणिको द्वेष न गर्न्या औ सबका मित्र होस् औ दयालु ममता न भयाका अहंकार रहित सुख दुःखमा सम क्षमावान्॥१३।

सततं योगी यतात्मा दृढनिश्चयः ॥
मय्यर्पितमनो बुद्धिर्यो मे भक्तः स
मे प्रियः॥ १४ ॥ यस्मान्नोद्विजते लो
को लोकान्नोद्विजते च यः ॥ हर्षामर्ष
भयोद्वेगमुक्तो यःस च मे प्रियः॥१५॥
अनपेक्षः शुचिर्दक्ष उदासीनो गत
व्यथः ॥ सर्वारंभ परित्यागी यो मे

जति मिल्या उत्तिमा संतुष्ट निरन्तर भक्तिमान जितचित्त दृढनिश्चय ममा बुद्धि लायाको सो मेरा भक्त मलाई प्रिय छ ॥१४॥ जुन कारणले कोही पनी जन्तु भय न पावोस् औ जो हर्ष, भय, उद्वेगले रहित होस् सो मेरो प्रिय छ ॥१५॥ जो मनुष्य मेरा संग बिना सर्वत्र अपेक्षा रहित शुचि अर्थात् बाहिर माटो जलादिले औ भित्र चित्तको शुद्ध गरेर पवित्र स्वधर्म गर्नामा चतुर शत्रुमित्रादिले रहित शास्त्रोक्त कर्म गर्नामा व्यथा रहित सब कर्मको फल औ ममता त्यागी यस्तो

भक्तः स मे प्रियः ॥ १६ ॥ यो न
हृष्यति न द्वेष्टि न शोचति न कांक्ष
ति ॥ शुभाशुभ परित्यागी भक्तिमा
न्यः स मे प्रियः ॥१७॥ समः शत्रौ
च मित्रे च तथा मानापमानयोः ॥
शीतोष्णसुखदुःखेषुसमः संगविवर्जि
तः ॥ १८ ॥ तुल्यनिन्दा स्तुतिर्मौनी
संतुष्टो येन केनचित् ॥ अनिकेतः

मेरो भक्त सो मलाई प्रिय छ ॥१६॥ जो सुख
दायक वस्तु पायेर हर्ष हुँदैन दुखकारक बस्तु
पायेर विस्माद गर्दैनन शोक निमित्तमा शोक
गर्दैन हर्षदायक को इच्छा गर्दैन जो शुभाशुभ
कर्म फलको त्यागी भयाको भक्त छ सो मेरो
प्रिय छ ॥ १७ ॥ शत्रु औ मित्रमा सब जस्तै
मान, अपमानमा औ शीत उष्ण सुख दुःखा-
दिमा समत्त्व ॥ १८ ॥ विषयको आशा रहित

स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥
॥१९॥ ये तु धर्म्यामृतमिदं यथोक्तं
पर्युपासते । श्रद्दधाना मत्परमा भ-
क्तास्तेऽतीव मे प्रियाः ॥ २० ॥

❀ अथ त्रयोदशोऽध्यायः ❀

श्रीभगवानुवाच ॥ इदं शरीरं

निन्दा स्तुति बराबर मान्ने जो आफैं आफ् प्राप्त छ तेसैले सन्तुष्ट धर्ममा अनासक्त स्थिर बुद्धि भक्तिमान् मनुष्य मेरा प्रिय छ ॥१९॥ जो कोही श्रद्धाधारण गरेका मलाई सर्वोत्तम जान्ने भक्त ममा मन लगायी यथोक्त धर्मरूप अमृतकन सेवा गर्छन् ती मनुष्य मेरा अत्यन्त प्रियछन् ॥२०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे ज्ञानयोगो नाम द्वादशोऽध्यायः ॥ १२ ॥

प्रथमका ६ अध्यायमा ईश्वर–प्राप्तिको उपाय भया को उपासना और उपासनाका अन्त भया

कौन्तेय क्षेत्रमित्याभिधीयते ॥ एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञं इति तद्विदः ॥

का आत्मस्वरूपज्ञान कहे औ त्यो आत्मस्वरूप ज्ञानको प्राप्तिज्ञान योग, कर्मयोग निष्ठाले हुन्छ यस्तो कहे मध्यका ६ अध्यायमा परमात्मा स्वरूपको यथार्थ ज्ञान औ तेस्को महात्म्य ज्ञान पूर्वक उपासना जान उपासनानकन भक्ति पनी भन्छन् सो काहदो भयो अब अन्त्यका ६ अध्यामा प्रकृत पुरुष को निरूपण और यो प्रपञ्च प्रकृति पुरुषका संयोगले हुन्छ भन्ने कुरा भन्या का छन् औ पैल्हे बाह्रौं अध्यायमा जो परमात्मा स्वरूपमको यथाथ निश्चय औ कर्मज्ञान भक्तिका स्वरूप इन्को ग्रहणका निमित्त भिन्न भिन्न प्रकार ले भन्नेछन् तहाँ तेह्र अध्याय मा देह औ आत्मा को स्वरूप औ आत्मस्वरूप प्राप्तिको उपाय तेस्तैं प्रकृतिमुक्त आत्माका स्वरूप औ तेस्को प्रकृति सम्बन्धको कारण औ प्रकृति पुरुषको विवेकको

॥ १ ॥ क्षेत्रज्ञं चापि मां विद्धि सर्व क्षेत्रेषु भारत ॥ क्षेत्र क्षेत्रज्ञयोर्ज्ञानं

अनुसन्धान प्रकार भन्ने छन् श्रीकृष्ण भगवान् भन्छन् कि हे कुन्तीपुत्र! यो शरीरकन क्षेत्र यस्तो भनेको छ जो यस्कन जान्दछ तेस्लाई देहात्मज्ञानी जन क्षेत्रज्ञयस्तो भन्दछन् अर्थात् देह क्षेत्र आत्मा क्षेत्रज्ञ छ ॥१॥ हे भारत! सब क्षेत्रमा अर्थात् सर्व देहमा क्षेत्रज्ञ जो जीव सो मकन जो क्षेत्र औ क्षेत्रज्ञ को ज्ञान अर्थात् इन्को बिबेक ज्ञान छ सो ज्ञान मलाई अंगिकार छ जहाँ जो शरीरमा आत्मा परमत्मा दुवै कहे तेस्का प्रमाण छ"द्वौ सुवर्णौ संयुजौ सखायौ समानं वृक्षं परिसस्वजाते। तयोरेकः पिप्पलंस्वाद्वत्त्यश्नन्नन्यो ऽभि चाकशीति" ॥ अर्थ। दुई पक्षी संग संगै रहने परस्पर संगी एक वृक्षमा रहन्छन् तिन्मा एक तेस वृक्षमास्वादुफल खान्छ अर्को बिना खायेर प्रकाशवान छ अर्थात् ईश्वर औ जीव

यत्तज्ज्ञानं मतं मम ॥ २ ॥ तत्क्षेत्रं यच्च यादृक् च यद्विकारियतश्चयत् ॥

सधै संग रहन्छन् परस्पर सखा एकै देहमा रहन्छन् तिन्मा जीव शरीर जन्मकर्म फलको भोग गर्छ औ ईश्वर साक्षीमात्र प्रकाशक छ अर्को अर्थ यो हुन्छ कि क्षेत्र क्षेत्रज्ञ मैं हूँ ई दुवैको अन्तर्यामी हूँ ता पनी देहान्तर्यामी जीव जीवान्तर्यामी परमात्मा यस्तो पनी उही अर्थ सिद्ध भयो । जो यहाँ जीव औ ईश्वर एक भन्छन् तिन्कन "उत्तमः पुरुषस्त्वन्यः" जाहाँ अर्थका पंचायत हुँनाको अन्तर्यामी मा ता "ईश्वरः सर्वभूतानां हृद्देशेर्जुनतिष्ठति ॥ नतदस्ति विना यत् स्यात् मयाभूतं चराचरम् ॥ औ "यस्यात्मा शरीरं य आत्मनि तिष्ठन् यः आत्मानमन्तरोयमयति यमात्मानं वेद स तु आत्मैषोम्रतइत्यादि" श्रुति पनी प्रमाण छन् ॥ २ ॥ सो क्षेत्र जुन द्रव्यको हो औ जस्का आधारमा छ औ जउन् वि-

म च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥ ३ ॥ ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ॥ ब्रह्मसूत्रपदैश्चैव हेतु मद्भिर्विनिश्चितैः ॥४॥ महा

कारादि ले युक्त छ औ जौन प्रयोजनका निमित्त उत्पन्न भया को छ औ जुन रूप ले वर्तमान छ औ त्यो क्षेत्रज्ञ जो छ अर्थात जस्तो रूपले युक्त छ औ जस्तो प्रभाव छ सो संक्षेपले मेरा मुखबाट सुन ॥३॥ त्यो क्षेत्र क्षेत्रज्ञ को स्वरूप धेर प्रकार ले पराशरादि ऋषिहरूले औ ऋग्वेद, यजुर्वेद, सामवेद यस्ता अनेक प्रकारका वेद्ले औ ब्रह्म-कन प्रतिपादन गर्ने जो ब्रह्मसूत्र अर्थात् व्यास कृत शारीरिक सूत्रपद हरूले जो कारण युक्त अर्थात् सिद्धान्त गर्न्याहरू उन्ले पनी क्षेत्रक्षेत्रज्ञ का स्वरूप कन भिन्नभिन्न भनेका छन् सो म संक्षेपले कहुँला तिमी म बाट सुन ॥ ४ ॥ पञ्च महाभूत अहंकार बुद्धि अर्थात् सूक्ष्मरूप प्रकृति

भूतान्यहंकारो बुद्धिरव्यक्तमेव च ॥
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रिय
गोचराः ॥५॥ इच्छा द्वेषः सुखं दुःख
संघातश्चेतना धृतिः ॥ एतत्क्षेत्रं समा
सेन सविकार मुदाहृतम् ॥६॥ अमा

ई क्षेत्रका उत्पत्तिकारक द्रव्य हुन् अब विकार अर्थात् कार्य भन्छन् दश औ एक यस्तै एकाघर इन्द्रिय छन् जस्तो कि कान, छाला, आंखा जिब्रो, नासिका ई पांच ज्ञान इन्द्रिय बाणि, हात, पाउ, गुदद्वार, लिंग ई पांच कर्म इन्द्रिय, एक मन यस्ता येघार, इन्द्रिय औ शब्द, स्पर्श, रूप, रश, गन्ध ई पांच इन्द्रियका विषय हुन् ई सोह विकार छन् ॥५॥ इच्छा द्वेष सुख दुःख संघात अर्थात् विकार भयाको समूह चेतना जो ज्ञान शक्ति धृति धैर्य यस्तो संक्षेपले विकार सहित यो क्षेत्र कहियो ॥६॥ अब क्षेत्र देहमा

नित्वमदाम्भित्वमहिंसा क्षान्तिरार्जव
म्॥ आचार्योपासनं शौचं स्थैर्यमात्म
विनिग्रहः॥ ७॥ इंद्रियार्थेषु वैराग्य
मनहंकार एव च॥ जन्ममृत्युजराव्या

आत्मज्ञानको साधना निमित्त श्रेष्ठ जन हरूमा
मानको चाहा न गर्नु लोकलाई देखाउना निमित्त
धर्म कर्म रूप दंभ न गर्नु अर्कालाई पीडारूप
हिंसा न गर्नु आफु भन्दा बलहीनको अपराध
सहन पक्ष मा राख्नु सब संग सोझो रहनु मन,
बचन कर्मले गुरुको सेवा गर्नु. मृत्तिका जलादि
ले बाहिर औ शुद्ध चित्तले ईश्वर स्मरण रूप
यस्तो शौच गर्नु, आत्मज्ञानमा स्थिर रहनु मन
लाई सब बिषय देखिन् निवारण गरेर ईश्वरमा
लाउँनु॥७॥ इन्द्रियका विषयमा गुण बुद्धि न
गर्नु, औ देहमा औ देह सम्बन्धी पदार्थमा अहं
बुद्धि न गर्नु, जन्म मृत्यु वृद्ध अवस्था अनेक
रोग युक्त यस्तो शरीरमा ई दुःखरूप दोषादि

धिदुःखदोषानुदर्शनम् ॥ ८ ॥ असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ॥ नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥ मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ॥ विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥ अध्यात्मज्ञाननित्यत्वं तत्वज्ञानार्थदर्शनम् ॥ एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा

को विचार गर्नु ॥८॥ आत्माबिना अन्यत्र आसक्तिरहित पुत्र स्त्री, घर इत्यादिमा अति मिलाप न राख्नू औ इष्ट, अनिष्टवस्तुका प्राप्तिमा सँधै सम चित्त रहनू ॥९॥ ममा एक योगले अखण्ड भक्तिएकान्त रहनामा प्रीति जनसभामा अप्रीति ॥१०॥ आत्म सम्बन्धी ज्ञानको नित्यता तत्त्व ज्ञानमा प्रयोजन कन विचार गर्नु यस्तो यी ज्ञान कहियो औ यस्देखि अन्यथा छ सो अज्ञान हो

॥११॥ ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञा
त्वामृतमश्नुते ॥ अनादिमत्परं ब्रह्म
न सत्तन्नासदुच्यते ॥१२॥ सर्वतः पा
णिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ॥

॥ ११ ॥ जो जान्नामा योग्य छ सो कहन्छु
जस्लाई जानेर मोक्ष पाउंछ त्यो यस्तो छ कि
अनादि अर्थात् जन्म रहित छ तत्पर अर्थात्
तेस् भन्दा श्रेष्ठ मैं हूँ यो केवल मेरो स्वाधीन
छ ब्रह्म अर्थात् प्रकृति मुक्त शुद्ध चैतन्य जीवा
त्मा छ यो आत्मा न सत् असत् कहनमा आउँछ
अर्थात् कार्य कारण दुवै अवस्था ले रहित छ
॥१२॥ त्यो जीवात्मा सब तिर बाट हात पाऊँ
वालो छ सब तरफ बाट नेत्र शिर मुखवाले छ
सब तरफ बाट कानवान् छ लोक मात्रमा व्या-
पक भयेर रहन्छ यो स्वरूप मुक्त जीवको कहियो
मुक्तदशामा जीवका समता परमात्मा जस्तो छ
सो ज्ञान गीतामा पनी कहने छन् "इदंज्ञानमुपा

सर्वतः श्रुतिल्लोके सर्वमावृत्य तिष्ठ
ति ॥ १३ ॥ सर्वेन्द्रियगुणाभासं सर्वे
न्द्रियविवर्जितम् असक्तं सर्वभृच्चैव
निर्गुणं गुणभोक्तृ च ॥ १४ ॥ बाहिर

श्रित्य ममसाधर्म्यमागताः" ॥७७॥ सूत्र पनी छ
"भोगमात्रसम्यलिंगच्च" औ तथा विद्वान् पुण्य
पाप विधूय निरंजनं परमं साम्तमुपैति" यस्तो जो
परमात्माको समता कहिये ता परमात्मा जस्तो
स्वरूप हुँनामा क्या शंका ॥ १३ ॥ सब इन्द्रिय
का बृत्ति न गरेर पनी विषयादिकन जान्ना मा
समर्थ छ औ आफनु स्पभावले सब इन्द्रियादिले
रहित पनी छ अर्थात् इन्द्रियादिका बृत्ति बिना
पनी विषयादि जान्नामा समर्थ छ आफै स्वयं
देवादि शरीरमा आसक्तछैन औ सब देवादि
शरीर को धारण गर्न्या छ सत्वादि गुणरहित
औ गुण हरूको भोग गर्न्या छ ॥ १४ ॥ त्यो

न्तश्च भूतानामचरं चरमेव च ॥ सू
क्ष्मत्वात्तद विज्ञेयं दूरस्थं चान्तिके च
तत ॥१५॥ अविभक्तं च भूतेषु विभक्त
मिव च स्थितम् ॥ भूतभर्तृ च तज्ज्ञेयं

आत्मा सक्त अवस्थामा पृथिव्यादि भूतको औ द्रवृअवस्थामा भिन्न रहन्छ । स्वयं आफू अचल छ सूक्ष्म छ यस्कारणले जान्नामा योग्य छैन त्या आत्मा अज्ञानी लाई टाढ़ा छ औ ज्ञानी लाई नजिकमा छ ॥ १५ ॥ त्यो पृथ्वी आदि भू विकार देवादि शरीरमा एकरस रहन्छ औ अज्ञानीहरू देवादि शरीर तुल्य देख्तछन् कि यो देव यो मनुष्य यो पशु इत्यादि अलग रहयाको जस्तो देख्तछन् औ सब प्राणिहरूको पालन गर्छ औ अन्नादि प्राणि हरूको भक्ष छ देहरूपले अहारगर्ने छ औ तेही अन्नादि विकारले उत्पत्तिकर्ता पनी छ यस्तो जान्न

ग्रसिष्णु प्रभविष्णु च ॥१६॥ ज्योति
षामपि तज्ज्योतिस्तमसः परमुच्यते ॥
ज्ञानं ज्ञेयं ज्ञानगम्यंहृदि सर्वस्य वि-
ष्ठितम् ॥ १७ ॥ इतिक्षेत्रं तथा ज्ञानं

लाई योग्य छ ॥१६॥ त्यो सूर्यादिक ज्योतिको
पनी प्रकाशक छ सूक्ष्म कारणरूप प्रकृतिले पर
अर्थात् भिन्न कहाँउँछ ज्ञान रूप जान्नु ज्ञानले
प्राप्त हुनामा योग्य सबका हृदयमा रहन्छ अर्थात्
सबदेव मनुष्य पशू पक्ष्यादि शरीरका हृदयमा
रहन्छ ॥१७॥ यस्तो "महाभूतान्यहंकार" आहां
देखि लियेर "संघातश्चेतना धृतिः" जहां सम्म
क्षेत्र कहिये तथा "अमानित्व "जहां देखि "तत्व
ज्ञानार्थदर्शन "आहां सम्मज्ञान कहे औ "अनादि
मत्परं "आहां देखि लियेर हृदिसर्वस्यधिष्ठितम्
"येहिसम्म ज्ञेय अर्थात् जान्नामा योग्य आत्म
स्वरूप कहे । यस्तो यो संक्षेप ले कहे यतिलाई
जाने र मेरो भक्त भयेर मेरो जस्तो स्वरूप कन

ज्ञेयं चोक्तं समासतः ॥ मद्भक्त यतद्वि
ज्ञाय मद्भावा योपपद्यते ॥ १८ ॥ प्र
कृतिं पुरुषंचैव विद्ध्यनादी उभावपि
विकारांश्च गुणांश्चैव विद्धि प्रकृति
सम्भवान ॥ १९ ॥ कार्यकारणकर्तृत्व
हेतुः प्रकृतिरुच्यते ॥ पुरुषः सुखदुः

प्राप्त हुन्छ ॥ १८ ॥ प्रकृतिकन औ पुरुषकन
अर्थात् जीवन इ दुवै लाई पनी अनादि अर्थात्
सनातन जान जो बन्धकारक इच्छा द्वेष सुख
दुःखादि बिकार उन्कन औ मोक्षकारक अमा
नित्व अदंभित्व उन्कन निश्चय पूर्वक प्रकृति
सम्भव जान अर्थात् इत्यादि विकार युक्त प्रकृति
पुरुषको बन्धन मर्नाले औ अमानित्व गुण युक्त
मोक्षदायक हुन्छ ॥१९॥ अब एक संगमा रहे
को प्रकृति पुरुषको कार्य भन्दछन् कस्तैकि कार्य
जो प्रकृति परिणाम देहकारण मन सहित इन्द्रि

खानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥ पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ॥ कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥ २१ ॥ उपद्रष्टानुमन्ता च भर्त्ता भोक्ता महेश्वरः ॥ परमात्मेति चाप्युक्तो देहेऽस्मिन् पुरुषः

यादि इनको व्यापार गराउनामा कारण प्रकृति कहियाको छ सुख दुःखादिको भोग गर्नामा आश्रम प्रकृति परिणाम औ पुरुष युक्त देह तेस्तै सुखादि भोक्तव्य आश्रम पुरुष छ ॥२०॥ जुन कारणले कि यो पुरुष प्रकृति मै रहेको प्रकृतिजन्म गुणको भोग गर्छ तेस्कारणले प्रकृति गुणको अर्थात् सत्वादि गुणको सँगै छ अर्थात् तीगुण को आसक्तिले नीच जन्म हुन्छ ॥२१॥ यो देहमाथि पुरुष देख्ने छ अर्थात् चौकसी गर्न्याछ औ अनुमोदन दिने अर्थात्

परः ॥२२॥ यै एवं वेत्ति पुरुष प्रकृतिं च गुणैः सह ॥ सर्वथा वर्तमानोऽपि न सभूयोऽभिजायते ॥२३॥ ध्यानेनात्मनि पश्यन्तिके चिदात्मानमात्मना ॥ अन्ये सांख्येन योगेन कर्म

सल्लाह दिन्छ औ देह कन पाल्छ भोग्दछ औ देहको महेश्वर छ जस्तै कि यो देहमा ईश्वर इन्द्रिय मन इत्यादि छन् उन्मा पनी ईश्वर छ यस्तो यो देह देखि यो जीव भिन्न छ ता पनी अज्ञानले केवल यो देह यस्तो कहाउ छ ॥२२॥ जो यस्तो यो जीव कन औ गुणादि सहित प्रकृति कन जान्दछ सो सब प्रकारले संसारमा रहन्छ ता पनी फेरी उत्पन्न हुँदैन ॥२३॥ कति पुरुष आफना अन्तस्करणमा बुद्धिले बिचारगरेर यस जीवात्मा कन जान्दछन् औ कति सांख्य योगले जान्दछन् औ अरु कैऽयु कर्नयोग गरेर अर्थात् कर्म ईश्वरा'ण गर्दा गर्दा जान्दछन्

योगेन चापरे ॥ २४ ॥ अन्येत्वेवम
जानन्तःश्रुत्वान्येभ्य उपासते ॥ तेऽपि
चातितरन्त्येव मृत्यु श्रुपिपरायणाः
॥ २५ ॥ यावत्संजायते किंचित्सत्त्वं
स्थावरजंगमम् ॥ क्षेत्रक्षेत्रज्ञसंयोगात्त
द्विद्धिभरतर्षभ ॥ २६ ॥ समं सर्वेषु
भूतेषु तिष्ठन्तं परमेश्वरम् ॥ विनश्य

॥२४॥ औ कति अरू येस्ता न जानेका छँदा
अरू देखि सुनेर उपासना गर्छन् अर्थात् सुनेर
पैल्हे जस्तो उपाय गरेर जान्दछन् औ कति
फगत् श्रद्धायुक्त हरिभजन श्रवण गर्दै रहन्छन्
त ती पनी ससार तर्दछन् ॥२५॥ हे भरतवंशि
मा श्रेष्ठ अर्जुन ! कति स्थावर औ जंगम प्राणी
उत्पन्न हुन्छन् उनको क्षेत्र क्षेत्रज्ञका संयोगले अ-
र्थात् शरीर और जीवका संयोगले जान ॥ २६ ॥
जो कोहो सब प्राणिमा सम रह्याका केवल मय

न्तं य पश्यति स पश्यति ॥ २७ ॥
समं पश्यति सर्वत्र समवस्थितमीश्वर
म्। । नहिनस्त्यात्मनात्मानं ततो याति
परांगतिम् ॥ २८ ॥ प्रकृत्यैव च कर्मा
णिक्रियमाणानि सर्वशः ॥ यः पश्यति
तथात्मानमकर्तारं स पश्यति ॥२९॥

इन्द्रियादि का ईश्वर वा जीव इन्द्रियादिको नाश हुँदामा पनी यो जीवको नाश रहित देख्त छ अर्थात् जान्दछ सोही जान्दछ ॥२७॥ सब देवादि शरीरमा एक जस्तो रहेको यो मनइन्द्रियादिको ईश्वर जीवात्मा कन सम देख्दो छँदो जो कि बुद्धि पूर्वक आफू मा अहंता छैन अर्थात संसार मा गिर्दैन तेस्कारणले त्यो परम गति कन अर्थात् मुक्ति कन पाउँछ ॥२८॥ सब कर्मादि को प्रकृति विकार इन्द्रियादिले गरेको जान्दछ औ तेस्तै आफुकन अकर्ता जान्दछ त्यो जान्दछ ॥२९॥ जब प्राणी हरूको पृथक

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति
तत एव च विस्तारं ब्रह्म संपद्यते
तदा ॥ ३० ॥ अनादित्वान्निर्गुणत्वा
त्परमात्मायमव्ययः ॥ शरीरस्थोऽपि
कौन्तेय न करोति न लिप्यते ॥३१॥
यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोप
लिप्यते ॥ सर्वत्रावस्थिता देहे तथा

भाव अर्थात् देव, मनुष्यादि को शरीरको छोटाई, बड़ाई मोटाई, पतलाई इत्यादि भिन्नभिन्न भावको एकस्थ अर्थात् एक प्रकृति में देख्छ औ उस प्रकृतिमै पुत्रादिरूप विस्तारकन देख्छ तब शुद्ध स्वरूपकन प्राप्ति हुन्छ॥ ३०॥ हे कुन्तिपुत्र! यो जीवात्म अनादि हुनाले अविनाशी छ केवल शरीरमा रेहको पनी निर्गुण हुनाले न केही कर्म गर्छन उ कर्म फलले लिप्त हुन्छ ॥ ३१॥ जस्तै सब जगामा प्राप्त भयेको आकाश सूक्ष्मताले

त्मा नोपलिप्यते ॥३२॥ यथा प्रका
श प्रत्येकः कृत्स्नं लोकमिम रविः ॥
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति
भारत ॥ ३३ ॥ क्षेत्रक्षेत्रज्ञयोरेवमन्त
रं ज्ञानचक्षुषा ॥ भूतप्रकृतिमोक्षं च
ये विदुर्यान्ति ते परम् ॥ ३४ ॥

तो भूतादिका गुणले लिप्त हुदैन तस्तै सब देवा
दिशरीरमा रहेका जीवात्मा देह गुणले लिप्त
हुंदैन ॥३२॥ हे भारत । जस्तै एक सूर्य यो
सब लोककन प्रकाश गर्छन् तस्तै यो जीव सब
शरीरको प्रकाशक छ ॥३३॥ जो ज्ञान दृष्टिले
क्षेत्र औ क्षेत्रज्ञको यस्तो अन्तर औ भूत प्रकृ
तिं को मोक्षकन जान्छन् तो मलाई
पाउँछन् ॥ ३४ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे ज्ञानयोगो
नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

❀ अथ चतुर्दशोऽध्यायः ❀

श्री भगवानुवाच ॥ परं भूयः प्रवक्ष्या
मि ज्ञाननां ज्ञानमुत्तमम् ॥ यज्ज्ञात्वा
मुनयः सर्वे परं सिद्धि मितो गताः
॥ १ ॥ इदं ज्ञानमुपाश्रित्य मम साध
र्म्यमागताः ॥ सर्गेऽपिनोपजायन्ते प्र-
लये न व्यथन्ति च ॥ २॥ मम योनि

श्रीकृष्णभगवान् अर्जुन लाई आज्ञा गर्छन कि सर्वज्ञानमा उत्तम प्रसिद्ध भयाको ज्ञान फेरी कहन्छु जुन ज्ञान लाई जानेर सब मुनिजन याहाँ देखिन् श्रेष्ठ सिद्धि कन अर्थात् परमपदमा जाँदाभये ॥ १ ॥ जो भन्छु यो ज्ञानकन प्राप्त भयेर मेरो सोधर्मता अर्थात् मेरो समान रूप औ ऐश्वर्य्यकन तो मुनि जन प्राप्त भयाका ती उत्प-त्तिकालमा उत्पत्ति हुँदैनन् औ प्रलयकालमा दुःखी हुँदैनन् ॥ २ ॥ हे भारत ! महद्ब्रह्म अर्था

महद्ब्रह्मतस्मिन्गर्भं दधाम्यहम् ॥ सं
भवः सर्वभूतानां ततो भवति भारत
॥३॥ सर्वयोनिषु कौन्तेय मूर्तयः सं-
भवन्ति याः ॥ तासां ब्रह्म महद्योनिर
हं बीजप्रदः पिता ॥ ४ ॥ सत्वं रजस्त
म इति गुणाः प्रकृतिसंभवाः ॥ निब-
ध्नन्ति महाबाहो देहे देहिनमव्ययम्

त मेरो प्रकृति सब प्राणिको योनि अर्थात् उत्पत्ति स्थान हो मैं उस प्रकृतिमा जीवरूप गर्भकन धारण गर्छु तब तेस्लै सबप्राणिको उत्पत्ति हुन्छ ॥३॥ हे कुन्तिपुत्र ! देव मनुष्यादिसब योनिमा जो देह उत्पन्न हुन्छन् ती सबको महत् ब्रह्म अर्थात् प्रकृति कारण छ म चैतन्य रूप बीजकन दीने पनी हूँ ॥ ४ ॥ हे महाबाहो ! सत्वगुण रजो-गुण औ तमोगुण ई प्रकृति देखिन् उत्पन्न भये का गुण यस् देहमा अविनाशी जीवकन बन्धन

॥५॥ तत्र सत्वं निर्मलत्वात्प्रकाशक
मनामयम्॥ सुखसङ्गेन बध्नाति ज्ञान
संगेन चानघ ॥ ६ ॥ रजो रागात्मकं
विद्धि तृष्णासङ्गसमुद्भवम् ॥ तन्निब
ध्नाति कौन्तेय कर्मसंगेन देहिनम्

गर्छन ॥ ५ ॥ हे निरुपाप ! तो गुणमा सत्वगुण निर्मलता प्रकाशक अर्थात् शुभ देखाउँने राग रहित छयेस कारण ते यो सुखको आसक्तिले ज्ञान का संगले बन्धन छ अर्थात् ज्ञान सुखले शुभ-कर्म २ ले स्वार्गादि फेरी उत्तम कुलमा जन्म फेर ज्ञान सुख यस्तो बन्धन गर्छ ॥ ६ ॥ हे कुन्तीपुत्र ! तृष्णा और स्त्री, धनादिमा आसक्ति गराउँने रजोगुण विषयादिमा प्रीति उपजाउने जान त्यो कर्म, संगले बन्धन छ यस्तै प्रीत्यात्मक कर्म ई कर्मले संगिहरुमा जन्म फेर कर्म फेर जन्म यस्तो जान ॥ ७ ॥ हे भारत ! सब देह

॥ ७ ॥ तमस्त्वज्ञानजं विद्धि मोहनं सर्व देहिनाम् ॥ प्रमादालस्यनिद्राभि स्तान्निबध्नाति भारत ॥८॥ सत्वं सुखे संजयति रजः कर्मणि भारत ॥ ज्ञान मावृत्य तु तमः प्रमादे संजयत्युत ॥ ९ ॥ रजस्तमश्चाभिभूय सत्त्वं भ

धारी जीवादिको मोह गर्ने भयेको तमोगुण अज्ञानको कारण जान त्यो प्रमाद आलस्य औ निद्राले बन्धन गर्दछ ॥ ८ ॥ हे भारत सत्व गुण मनुष्यकन सुखमा लगाउँछ, रजोगुण कर्म मा लगाउँ छ, तमोगुण ज्ञानलाई ढाकेर फेरी प्रमादमा लगाउँछ ॥९॥ हे भारत! यद्यपि ई गुण प्रकृतिका हुंन् तो पनी विपरीतको कारण यो कि रजोगुण तमोगुण कन जितेर सत्वगुण प्रवल हुन्छ औ रजोगुण सत्वगुणकन जितेर तमोगुण प्रवल हुन्छ तस्तै तमोगुण सत्व गुणकन जितेर रजोगुण प्रबल हुन्छ यस्मा कारण प्राचीन कर्म

षति भारत ॥ रजः सत्वं तमश्चैवतमः सत्वं रजस्तथा ॥१०॥ सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ॥ ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्वमित्युत ॥११॥ लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा। रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ॥ १२ ॥ अप्रकाशोऽप्रवृत्तिश्च

औ नित्य आहारादि छ ॥१०॥ हे भरतवशिमा श्रेष्ठ ! येस् देहमा जब सर्व नेत्रादि द्वारमा प्रकाश अर्थात् वस्तुको यथार्थ निश्चय सोहो ज्ञान उत्पन्न होस् तब सत्वगुण बढ्छ यस्तो जान्नु॥ ११ ॥ औ रजोगुण बढनाले लोभ जो धनादि खर्च अरू षाउँनाको इच्छा प्रवृत्ति अर्थात् प्रयोजन विना चंचलता कर्मादिको आरम्भ इन्द्रिय लोलुपता येति उत्पन्न हुन्छ ॥१२॥ हे कुरुनन्दन ! तमोगुण बढ्नाले विवेकको हानि

प्रमादो मोह एव च ॥ तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥ १३ ॥ यदा सत्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ॥ तदोत्तमविदांलोकानमलान्प्रतिपद्यते ॥ १४ ॥ रजसि प्रलय गत्वा कर्मसङ्गिषु जायते ॥ तथा प्रलीन स्त

उद्यमको हानि औ न गरने काम गरने विपत्ति ज्ञान येति हुन्छन् ॥१३॥ जब सत्वगुणका बढ़ने समयमा देहधारी को प्रलय अर्थात् मरणको उत्पत्ति हुन्छ तब आत्मज्ञानि हरूको शुद्धलोककन प्राप्त हुन्छ अर्थात् आत्मज्ञानिका कुलमा आत्मज्ञान जान्नामा योग्य शरीरकन पाउँछ "लोकस्तु भुयने जने" यस् प्रमाणले आहाँ लोक शब्द जनवाची छ ॥ १४ ॥ रजोगुण बढे मा मरणको प्राप्ति भो भने कर्म संगिमा जन्म लिन्छ अर्थात् उन्मा जन्म लियेर काम्यकर्म गरेर स्वर्ग

मसि मूढयोनिषु जायते ॥१५॥ क
मणः सुकृतस्याहुः सात्विकं निर्मलं
फलम्। रजसस्तु फलं दुःखमज्ञानं त
मसः फलम्।१६।सत्वात्संजायते ज्ञानं
रजसो लोभ एव च प्रमादमोहौ तम
सो भवतोऽज्ञानमेव च ॥ १७ ॥ ऊर्ध्वं

जान्छ फेरी कर्मगरेर स्वर्ग यै रीतले फिर्दै रहन्छ, तस्तै तमोगुण बढेमा मर्‍यो भने नीच योनिमा जन्मन्छ वाहाँ पनी उस्तै कर्म जान्नु ॥१५॥ पुण्य कर्मको फल सात्विक निर्मल मन्छन् अर्थात् कर्म गर्दा कोही जन्ममा मुक्त हुन्छ औ रजोगुण कर्मको फल दुःख अर्थात् उसका कर्मले स्वर्ग, स्वर्गबाट मर्त्यलोक फेर स्वर्ग यस्तो संसार दुःख छ, तमोगुण को फल अज्ञान उस्ले नरक हुन्छ ॥ १६ ॥ सात्विक कर्मले ज्ञान हुन्छ औ राजस कर्मले लोभ हुन्छ, तामसले मोद औ मोह हुन्छ औ अज्ञान पनी हुन्छ ॥ १७ ॥

गच्छन्ति सत्वस्था मध्ये तिष्ठन्ति राजसाः ॥ जघन्यगुणवृत्तिस्था अधो गच्छन्तितामसाः ॥ १८ ॥ नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ॥ गुणेभ्यश्च परं वेत्ति मद्भाव सोऽधिगच्छति ॥१९॥ गणानेतानतीत्यत्रीन्देही देहसमुद्भवान् ॥ जन्म मृत्युजरा दुःखै

सात्विक कर्मगर्नें मुक्ति पाउंछन्, राजसकर्म गर्नें मध्यमा रहन्छन्, तमोगुणी नीचका वृत्तिमा रहने तामसी नीच जाति पशु आदि मा जन्मदै रहन्छन् ॥ १८ ॥ जब विवेक पुरुष सत्वादि गुण ले बिना कसैलाई कर्ता जान्दैन आफूलाई गुण देखिन् भिन्न जान्दछ तब त्यो मेरो साम्य ताकन पाउँछ ॥ १९ ॥ यो देहधारी जीव देहमा उत्पन्न भयेको ई सत्वादि तीन गुणकन उल्लङ्घन गरेर जन्म, मृत्यु, जरादि दुःखले

विमुक्तोऽमृतमश्नुते ॥ २० ॥ अर्जुन उवाच ॥ कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो किमाचारः कथंचैतां स्त्रीन्गुणानतिवर्तते ॥ २१ ॥ श्रीभगवानुवाच ॥ प्रकाशं च प्रवृत्तिं च मोह

छुटेका छंदो मोक्षकन पाउँछ ॥ २० ॥ यस्तो सुनेर अर्जुन सोद्धछन् कि हे प्रभो ! कौन चिन्हले ई तीन गुणकन उल्लङ्घन गरियाको हुन्छ ? त्यो कस्तो आचार वाला हुन्छ ई तिन गुणकन कसरी उल्लङ्घन गर्छ ? ॥ २१ ॥ अर्जुनका प्रश्नकन सुनेर भगवान् भन्छन् कि हे पाण्डुपुत्र ! जो पुरुष प्रकाश अर्थात् आरोग्यादि सत्वगुणको कार्य औ प्रवृत्ति अर्थात् रजोगुण को कार्यमोह अर्थात् तमोगुणको कार्य ई जो प्रवृत्ति भय ताप निद्रा इनकन त्यागन चांहदैंन औ निवृत्ति भयेका लाई इनको त्याग चाह

मेव च पाण्डव ॥ न द्वेष्टि संप्रवृत्तानि
कांक्षति ॥ २२ ॥ उदासीनवदासी
नो गुणैर्यो न विचाल्यते ॥ गुणा वर्त
न्त इत्येव योऽवतिष्ठतिनेङ्गते ॥ २३ ॥
समदुःख सुखः स्वस्थः समलोष्टाश्म
काञ्चनः ॥ तुल्यप्रियोप्रियो धीरस्तु
ल्यनिन्दात्मसंस्तुतिः ॥ २४ ॥ मा
नापमानयोस्तुल्यस्तुल्यो मित्रारिप
क्षयोः सर्वारम्भपरित्यागी गुणातीतः

छैन ॥ २२ ॥ उदासीन जस्तो रहेको गुणले
चलायमान हुन्दैन ॥ २३ ॥ सुख दुःखमा सम
स्वस्थ, खबटा कंकड पत्थर सुन चांदी सम छ
जस्को बराबर छ प्रिय अप्रिय जस्को धीर यसै
कारण ले आफ्नू निन्दा स्तुति समान जान्द
छ ॥ २४ ॥ मान अपमान तुल्य शत्रु मित्रमा
तुल्य, मेरो सेवा बिना सर्वारम्भको त्यागी जो

स उच्यते ॥२५॥ मां च योऽव्यभि
चारेण भक्तियोगेन सेवते ॥ सगुणा
न्समतीत्यै तान्ब्रह्मभूयाय कल्पते
॥ २६ ॥ ब्रह्मणो हि प्रतिष्ठाहममृत
स्याऽव्ययस्य च ॥ शाश्वतस्य च ध
र्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

सो गुणातीत भनी कहिन्छ ॥२५। जो भक्ति
योग ले मलाई भजन गर्छ सोई गुण कन उल्लङ्घन
गरेर मेरो समता लाई पाउँछ ॥ २६ ॥ जुन
कारण कि मरण धर्मरहित औ यसैले अविनाशी
जो ब्रह्म अर्थात् मुक्त जीव उस्को औ जो सनातन
धर्म जो भक्तियोग उस्को औ मुख्य सुख जो
स्वरूपप्राप्ति उस्को म आधार हूँ यसैले अखण्डित
भक्ति–योग गरेर मकन भज्दछ ॥२७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे भक्तियोगो
नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

॥ अथ पञ्चदशोऽध्यायः ॥

श्रीभगवानुवाच ॥ उर्ध्वमूलमधः शा

तेह्रौं अध्यायमा क्षेत्ररूप प्रकृति और क्षेत्रज्ञ रूप पुरुष अर्थात जीव इन्को स्वरूप भने शुद्ध जीवात्मा को पनी प्रकृति सम्बन्धी गुणका प्रवाह निमित्त देवादिक आकारले परिणाम मा प्राप्त भयाको जो प्रकृति उस्को सम्बन्ध अनादि कहेर चौधौं अध्यायमा भने कि जो जीवको जो कार्य और कारण अवस्थामा यो गुणसंप्रवाह मूल प्रकृति सम्बन्ध सो भगवानैले गरेका छन् यस्तो कहेर विस्तार सहित गुणसँग निवृत्ति पूर्वक स्वरूपको प्राप्ति भगवानको भक्ति मूल हो। अब पन्ध्रौं अध्यायमा जीवजनमा योग्य भगवान् आफ्नू कल्याण गुणादिले बद्ध मुक्त दुवै प्रकारका जीवदेखि विलक्षण भिन्न उन्कन पुरुषोत्तमत्व भन्ना को जो यो बन्धन आकारले विस्तारित

खमश्वत्थं प्राहुरव्ययम् ॥ छन्दांसि य

प्रकृति को परिणाम विशेष संसार उस्लाई पीपल-वृक्ष रूप कल्पित गरेर श्रीकृष्ण भगवान बोल्दा भयेकि जौन वृक्षको वेद पात् भये अर्थात् जस्तै पात्ले वृक्ष बढ्दछ तस्तै यो सन्साररूपी वृक्ष वेदोक्तकर्म गर्नाले बढ्दछ यस्कारणले वेद पात् रूप छन् ऊर्ध्व मूल अर्थात् सत्यलोकमा ब्रह्मा जौन वेदको मूल छन् अधः शाखा अर्थात् सत्यलोक देखि तल जो देव, मनुष्य को,पतंग पर्यन्त शरीर ई उस् वेदका शाखा छन् यस्तो अव्यय अर्थात् सम्यक् ज्ञानप्राप्ति हुँनाले पैल्हे अज्ञान दशामा प्रवाहरूपले छेदनगर्नाकन अयोग्य येसैकारणले अज्ञानिको अविनाशी छ यस्तो यो संसारकन पीपलवृक्षरूप भनी श्रुति कहन्छ। तेस्कन जो जान्द छ त्यो वेदजान्ने हो अर्थात् वेद यो सन्सारको छेदन गर्न्या उपाय कहन्छ भने ता जो यस्कन जान्छा ता छेदन गर्न्या उपाय

स्यपर्णानि यस्तंवेदस वेदवित ॥ १ ॥
अधश्चोर्ध्वं प्रसतास्तस्य शाखागुणप्र
बृद्धा विषयप्रवालाः ॥ अधश्चमू
लान्यनुसंततानि कर्मानुवन्धीनिमनु

पनी जान्ला येस् निमित्तत्यो वेद जान्ने हो॥१॥
अब तेस् संसारवृत्तको अरू पनी विलक्षण कह-
न्छन् जस्तै कि सत्व आदि गुणले बढेका औ श-
ब्दादि विषय जस्को कोमल पात् तुल्य छ अर्थात्
जो नयाएक दिनमा निकलेको पात् रूप छ विषय
जस्को यस्तो तेस् पीपल वृत्तका शाखा तल म-
नुष्यलोकमा औ माथि देवगन्धर्वादिमा निश्च
ल कर्मले नीच मनुष्यादिको पनी नीच पशु
आदि शरीररूप होला फैलिई रहेको तल मनु
ष्यलोकमा पनी उस्को कर्मानुसारु मूल जरो
फैली रहेको छ अर्थात् मनुष्य लोकमा जो ऊँच,
नीच कर्म सोही मूलरूप छ ऊँच नीच पदविकर्म

ष्यलोके ॥ २ ॥ न रूपमस्येह तथा
पलभ्यते नान्तो न चादिर्न च संप्र
तिष्ठा ॥ अश्वत्थमेनं सुविरूढमूलमस
ङ्गशस्त्रेण दृढेन छित्वा ॥ ३ ॥ त
तः पदंतत्परि मार्गितव्यं यस्मिन्गता
न निवर्तन्ति भूयः ॥ तमेव चाद्यं पु
रुषं प्रपद्ये यतः प्रवृत्तिः प्रसृता पुरा

बिना कर्म छैन मनुष्यशरीर बिना कर्म हुदैन
॥२॥ यो संसार वृक्षको यो लोकमा जस्तोक
हे को छ तेस्तो रूप अज्ञानी जनले जान्नमा
आँउदैन, न तेस्को अन्त औ न आदि औ न
स्थिति जान्नमा आउँछ यस्तो यो पीपलवृक्षकन
अति दृढ वैराग्यरूप शस्त्र ले छेदन गरेर ॥३॥
फेर जस्देखिन् प्राचीन प्रवृत्ति अर्थात गुण
मयभोगरूप संसार प्रवाह विरक्त छ उही आदि
पुरुषको शरणागत भयेर उस् पद कन खोजनु,

णी ॥ ४ ॥ निर्मानमोहा जितसङ्ग
दोषा अध्यात्मनित्या विनिवृत्तका
माः ॥ द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै
र्गच्छन्त्यमूढाः पदमव्ययं तत ॥ ५ ॥
नतद्भासयते सूर्यो न शशाङ्को न

जुन पदमा गयेका मुनिजन फेरि यो सन्सारमा आउंदैनन् ॥ ४ ॥ यो ज्ञान मोहले रहित छ औ जस्ले सब दोषकन जित्याकोछ औ जो अध्यात्म शास्त्रमा नित्य रहेको छ औ जस्को कामना निवृत्ति भयेको छ औ जो सुख दुःख द्वन्द्व देखिन छुटेका छन् तिनै ज्ञानी जन उस अविनाशी पदकन प्राप्त हुन्छन् अर्थात् स्वस्वरूपकन पाउँछन् ॥ ५ ॥ सूर्य उस् आत्माकन प्रकाश गर्न सक्तैनन्, न चन्द्रमा सक्छन् न अग्नि सक्छन् जौन शुद्ध आत्मा स्वरूपकन प्राप्त भयेर संसार मा आउंदैनन् सो मेरो परम धाम हो अ

पावकः यद्गत्वा न निवर्तन्ते तद्धा-
म परमं मम ॥ ६ ॥ ममैवांशो जी
वलोकेजीवभूतः सनातनः ॥ मनः ष-
ष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति
॥ ७ ॥ शरीरं यदवाप्नोति यच्चाप्यु

र्थात मेरो रहने मुख्य स्थान मेरो शरीरहो यस्
जग्गामा "यस्त्वात्मा शरीर" यो श्रुतिप्रमाण
पनी छ॥ ६ ॥ जो यो यस्तै वर्णन गरियो सो
मेरै सनातन अंश हो अर्थात् जस्तै प्रकृति औ
अनन्त जीव मेरै हुन् उन्मा यो एक मेरै विभूति
हो सो यो जीवलोकमा जीव भूत अर्थात् अति
संकुचित ज्ञान भयाको पँचज्ञानेन्द्रिय औ एक
मन ई छ चीज प्रकृति विकार यो देहमा रहेको
छंदा इन्द्रियादिकन खिचतै रहन्छ ॥७॥ जब
यो जीव शरीरकन प्राप्त हुन्छ औ जब वर्तमान
शरीर देखिन जान्छ तब यो मन इन्द्रियादिको

त्क्रामतीश्वरः ॥ गृहीत्वैतानि संया
ति वायुर्गन्धानिवाशयात् ॥ ८ ॥
श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमे
व च॥ अधिष्ठाय मनश्चायं विषयानु-
पसेवते ॥ ९ ॥ उत्क्रामन्तं स्थितं वापि
भुञ्जानं वा गुणान्वितम्॥ विमूढा ना
नुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ।१०।

ईश्वर आफ्नु सेना रूप इन्द्रिकन वायु जस्तै पुष्पादि सुगन्ध स्थानदेखि गन्धकन ग्रहण गरेर जान्छ ॥ ८ ॥ यो जीवात्मा श्रोत्रइंद्रिय कान नेत्र औ स्पर्शत्वगिन्द्रिय रसना जो जिव्हा घ्राण जो नासिका औ मन येति लाइ आश्रय गरेर विषयकन सेवा गर्छ ॥ ९ ॥ यो जो गुणले युक्त आत्मा तेस्कन देह त्याग गर्न्या भयेको अथवा विषय भोग्दा भयाका पनी अज्ञानी जन देख्तैनन् जस्को ज्ञानदृष्टि छ ती देख्त छन्॥ १०॥

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यव स्थितम्॥ यतन्तोऽप्यकृतात्मा नानैन पश्यन्त्य चेतसः।११। यदादित्य गतं ते जो जगद्भासयतेऽखिलम्॥ यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम्॥१२॥ गामाविश्य च भूतानि धारयाम्यहमो जसा ॥ पुष्णामि चौषधीः सर्वाः सो

योगी जन यत्न गर्दा गर्दा आफ्ना अन्तः कर णमा रहेको यस आत्माकन देख्तैछन् औ जो विषयासक्त छन् तो शास्त्र द्वारा उपाय गरून् ता पनी ती अज्ञानी यस् आत्माकन देख्तैछन् ॥११॥ जो सूर्यमा रहेको तेज सब जगत्कन प्रकाश गरी रहेछ औ जो तेज चन्द्रमामा छ जो अग्निमा छ उस्तेजकन मेरै तेज जान॥१२॥ प्रवेश भयेर आफ्ना अचित्य सामर्थ्यले सब प्राणिकन धारण गर्छु औ अमृतमय चन्द्र भयेर

मोभूत्वा रसात्मकः ॥ १३ ॥ अहं वै
श्वानरो भूत्वा प्राणिनां देहमास्थितः॥
प्राणापानसमायुक्तः पचाम्यन्नं चतु-
र्विधम् ॥१४॥ सर्वस्य चाहं हृदि सन्नि
विष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ॥
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेद
विदेव चाहम् ॥ १५ ॥ द्वाविमौ पुरुषौ

धान्यादि सब औषधि कन पालना गर्छु ॥ १३॥ म जठराग्नि भयेर सब प्राणीका देहमा रहेका प्राण औ अपान संयुक्तभक्ष्य भोज्य लेह्य पेय यस्ता चार प्रकारको अन्न कन पठाउछू ॥१४॥ म सबका हृदयमा प्रवेश छू औ सब को स्मृति ज्ञान बिचार मै देखि हुन्छ औ सब बेदले म जान्नामा योग्य छु औ वेदान्तको कर्त्ता औ वेद जान्नै मै हु ॥ १५ ॥ यस्लोकमा क्षर औ अक्षर यस्ता ई दुई प्रकारका पुरुष छन् तिन्मा

लोकेक्षरश्चाक्षरएव च ॥ क्षरःसर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥ १६ ॥ उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ॥ यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥ १७॥ यस्मात्क्षरमतीतोऽहमक्षरादपिचोत्तमः अतोस्मिल्लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

सब शरीर धारी भूत प्राणि क्षर औ मुक्तजीव अक्षर कहाऊंछ ॥ १६ ॥ ई दुई देखिन् उत्तम पुरुष अर्कौछ जो परमात्मा यस्तो कहांऊ छ जो अविनाशी ईश्वर तीन लोकमा प्रवेश गरेर सब त्रिलोकको भरण-पोषण गर्छ ॥ १७ ॥ जुन कारणले कि म वृद्धाऽवस्थाको जीव देखि श्रेष्ठ औ मुक्त भन्दा पनी उत्तम छू यस्कारण स्मृति औ वेदमा पनी पुरुषोत्तम भनी प्रसिद्ध छू ॥ १८ ॥ हे भारत ! जो बढ़िया ज्ञानी पुरुष

यो मामेवमसंमूढाजानाति पुरुषोत्त-
मम् ।। स सर्वविद्भजति मां सर्वभावेन
भारत ॥ १९ ।। इति गुह्यतमं शास्त्र
मिदमुक्तंमयाऽनघ ॥ एतद्बुद्ध्वा बु-
द्धिमान् स्यात्कृतकृत्यश्च भारत।२०।

❁ अथ षोडशोऽध्यायः ❁

श्रीभगवानुवाच ॥ अभयं सत्त्वसंशु

यस्तो मकन पुरुषोत्तम जान्दछ सो सर्वज्ञता हो
यसैले त्यो त्यो सर्वभाव अर्थात् माता, पिता
मित्र धनादि कर्म न जानेर मैलाई भजन गर्छ
॥ १९ ॥ हे निस्पाप ! यस्तो यो अति गोप्य
शास्त्र मैले कहे हे भारत ! यो शास्त्रकन जाने
र बुद्धिमान् औ कृतकृत्य होइन्छ ॥ २० ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगो शास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानयोगो
नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥

ध्यज्ञानयोगव्यवस्थितिः ॥ दानं दमश्च
यज्ञश्चस्वाध्यायस्तप आर्जवम ॥१॥
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिर

यस्तो१३ देखि १५ को समाप्ति पर्यन्त क्षेत्र औ क्षेत्रज्ञको विवेक औ तीन गुणको वि-भाग औ क्षर, अक्षर अर्थात् बद्ध मुक्त जीव को स्वरूप तेस्तै परमात्माको पुरुषोत्तमत्व औ सामर्थ्य कहंदा भये अब सोरहौं आध्यायमा जा वको शास्त्र वश्यता औ देवा सुर संपत्ति विभाग कहनेछन् । श्रीकृष्ण भगवान् अर्जुन संग बोले कि हेभारथ ! दैवी संपत्तिकन प्राप्त भयेका मनु ष्य निर्भय रहनु अन्तःकरणको शुद्धप्रकृति दे खि भिन्न भिन्न आत्मधर्मनिष्ठा सुपात्रलाई केहि दिनु औ मकनविषय देखि निवृत्त गर्नु औ निष्का मनाले भगवानको पूजन रूप पंचमहायज्ञ गर्नु, वेद मन्त्रादिको जप एकादश्यादि व्रतादिरूप तप गर्नु, सब संग सोझो रहनु ॥१॥ जीव

पैशुनम । दया भुतस्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम ॥२॥ तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ॥ भवन्ति संपदं दैवीमभिजातस्य भारत ॥३॥ दम्भो दर्पोऽभिमानश्चक्रोधः पारुष्य मेव च ॥ अज्ञानं चाभिजातस्य पार्थ

मात्र कन पीड़ा न दि, हित औ यथार्थ भाषण गर्नु, क्रोध न गर्नु उदारता इन्द्रियादिकन बश गर्नू, चुक्ली न गर्नु, भूतप्राणिमा दया, परस्त्री धनादिमा इच्छा न गर्नू अक्रूरता लज्जा व्यर्थ काम न गर्नु ॥२॥ तेज सहनशीलता धैर्य पवित्रता गर्नु द्रोह न गर्नु मान प्राप्ति का निमित्त अति मान न गर्नु ई गुण दैवी सम्पत्ति भनी कहिन्छन् ॥ ३ ॥ हे पृथापुत्र ! असुरी सम्पत्तिकन पायका मनुष्यको दंभ दर्प औ अभिमान क्रोध कटुभाषण औ अज्ञान येति लक्षण

संपदमासुरीम् ॥४॥ दैवी संपाद्विमो-
क्षाय निबन्धायासुरी मता ॥ मा शु
चः संपदं दैवी माभि जातोमि पाण्डव
॥५॥ द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आ
सुर एव च ॥ दैवो विस्तरशः प्रोक्त
आसुरं पार्थ म श्टृणु ॥६॥ प्रवृत्तिं च
निवृत्तिं च जना न विदुरासुराः ॥ न

हुन्छन् ॥ ४ ॥ हे पाण्डुपुत्र ! दैवी सम्पत्ति
मोक्षका निमित्त छ औ आसुरी सम्पत्ति बन्ध
नका निमित्त छ, निश्चय गरियाको छ । तिमि
दैवी सम्पत्तिकन प्राप्त हौ शोक न गर ॥ ५ ॥
हे पार्थ! यस्लोकमा दुई प्रकारका प्राणी छन्,
एक दैव औ अर्को आसुर, दैवी बिस्तारले
कहें आसुर कन सुन ॥ ६ ॥ आसुर स्वभाव
भयाका मनुष्य संसारमा धन औ मोक्षसाधन
पनी जान्दैनन् तिन्मा न पवित्रता औ न शास्त्र

शौचं नापि चाचारो न सत्यं तेषु वि
द्यते ॥७॥ असत्यमप्रतिष्ठं ते जगदा-
हुरनीश्वरम् ॥ अपरस्परसंभुत किम
न्यत्कामहैतुकम् ॥८॥ एतां दृष्टिमव
ष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ॥ प्रभ
वन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिता

को आचरण न सत्यता रहन्छ ॥७॥ ती आसु
रस्वाभाविक मनुष्य यस जगत्कन कोहि ता
असत्य अर्थात् मिथ्या औ भ्रम भन्छन्, कोही
अप्रतिष्ठित अर्थात् त्यो जगत्को कोही आधार
छैन यस्तो भन्छन् कोही अनीश्वर भन्छन् स्त्री
पुरुषको परस्पर संयोग भये विना जगत् हुँदैन
केवल कामैका निमित्तले अर्थात् स्त्री, पुरुषको
संयोगले हुन्छ यस्तो भन्छन् ॥ ८ ॥ ती अज्ञानी
जन स्नान-पानादिक अल्प पदार्थमा बुद्धिमान्
यस्तो संसार ग्रहण गरेर उ कर्म गर्ने हरू अर्थात्

॥९॥ काममाश्रित्य दुष्पुरं दम्भमानमदान्विताः ॥ मोहाद्गृहीत्वा सद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥ चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ॥ कामोपभोगपरमा एतावदिति निश्चिताः॥११॥आशापाशशतैर्बद्धाः

परस्त्री, धन, पुत्रादि हरण गर्नै सबको अहित जगत् नाशका निमित्त प्रवृत्त हुन्छन् ॥९॥ जो दुःख ले पनी पूरा हुँन सक्दैन तेस्तो कामना को आश्रित भयेर दम्भ मान औ मद युक्त भये का मोहले ग्रहण गर्नें हुन्या कुरा ग्रहण गरेर अर्थात् मारण, मोहन, वशीकरणको उपाय गर्न्या यस्तो भ्रष्ट आचार स्वीकार गरेर अपवित्र भूतादि सेवा गर्नें भयेका उनैका मनमा प्रवृत्त हुन्छन् ॥ १० ॥ अपार औ मरणान्त चिन्ताको प्राप्त भयेका कामभोगमा तत्पर येहि सुख हो भन्न्या यस्तो निश्चय गरियेका ॥११॥

कामक्रोधपरायणाः। ईहन्ते कामभोगा
र्थमन्यायेनाथ संचयान् ॥१२॥ इद-
मद्य मया लब्धमिमंप्राप्स्ये मनोर
थम् ॥ इदमस्तीदमपि मे भविष्यति
पुनर्धनम् ॥ १३ ॥ असौ मया हतः श
त्रुर्हनिष्ये चापरानपि ॥ ईश्वरोऽहमहं
भोगी सिद्धोऽहं बलवान्सुखी ॥ १४ ॥

सैकड़ों आशाका पाशाले बाँधियाका काम औ क्रोधले युक्त छँदा काम भोगका निमित्त अन्याय गरेर द्रव्य जोर्ना को उपाय गर्दै रह न्छन् ॥१२॥ मैले आज यो पायाँ यस मनोरथ कन पाउँला, मेरो यो धन छ फेरि यस्तो पनी होला ॥१३॥ मैले यो वैरी मान्या औ अरू-कन पनी मारूला, म ईश्वर हूँ म भोगी हूँ म सिद्ध हूँ म बलवान हूँ सुखी हूँ ॥१४॥ म योग्य म उत्तम कुलमा जन्म्याको छू म बराबर अर्को

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ॥ यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥ अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः। प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥ आत्मसंभाविताः स्तब्धा धनमानमदान्विताः ॥ यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम ॥

कुन् यज्ञगरूँला दान दिउँला आनन्द गरूँला यस्तो अज्ञानमा मोहमा रहन्छन् ॥ १५ ॥ अनेक जगामा चित लाग्नाले घनिष्ट मोहका जालमा फँसेका कामभोगमा आसक्त ती अपवित्र नरकमा पर्छन ॥ १६ ॥ जो आफुलाई आफैं श्रेष्ठ मानिरहेका छन् औ अनम्र छन् धन मद युक्त छन् ती दम्भले अविधिपूर्वक नाम मात्र यज्ञले भजन गर्छन् ॥ १७ ॥ अहंकार,

॥१७॥ अहङ्कारं बलं दर्पं कामं क्रोध
च संश्रिताः ॥ मामात्म परदेहेषु प्र
द्विषन्तोऽभ्यसूयकाः ॥ १८ ॥ तानहं
द्विषतः क्रूरान्संसारेषु नराधमान्
क्षिपाम्यजस्रम शुभाना मुरीष्वेव यो
निषु ॥ १९ ॥ आसुरीं योनिमापन्ना
मूढा जन्मनि जन्मनि ॥ मामप्राप्यैव
कौन्तेय ततो यान्त्यधमां गतिम॥२०॥

बल, दर्प, काम, क्रोधका आश्रित गरि रहेका
यस्ता ती आफ्नु औ अर्को का देहमा रहेका
म देखिन् द्वेष गर्ने मेरा निन्दा गर्छन् ॥१८॥
ती द्वेष गर्ने क्रूर अशुभ नराधम हरू कन संसा
रमा आसुरी योनि मै बारंबार पठाछूं ॥१९॥
हे कुन्तीपुत्र ! मूर्खजन आसुरी योनिमा प्राप्त
भयेका मलाई नपायाका फेर अधम गति पाउँ
छन ॥ २० ॥ काम क्रोध लोभ ई तीन प्रका

त्रिविधं नरकस्येदं द्वारं नाशनमा
त्मनः ॥ कामः क्रोधस्तथालोभस्त
स्मादेतत्त्रयं त्यजेत् ॥ २१ ॥ एतैर्विमु
क्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ॥
आचरत्यात्मनः श्रेयस्ततो याति परां
गतिम् ॥२२॥ यः शास्त्रविधिमुत्सृज्य
वर्तते कामकारतः ॥ न स सिद्धिमवा
प्नोति न सुखं न परां गतिम् ॥२३॥

रका नरक का द्वार आफ्नु नाश गर्न्या छन्
अर्थात् संसारमा घुमाउँने छन् यस निमित्त इनि
कन त्याग गर ॥२१॥ हे कुन्ती पुत्र ! तीन
नरकका द्वारले छुटेको मनुष्य आफ्नु कल्याणका
साधन गर्न तेस्कारणले परमपद पाउँछ॥२२॥जो
शास्त्र को विधिकन त्यागेर मन लागो गर्दछ त्यो
सिद्धि कन पाउँदैन सुखमा न्तकेही पाउँदैन॥२३॥
यस कारणले तिमी कार्य अकार्य व्यवस्था मा

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्य व्यवस्थितौ ॥ ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥ २४ ॥

❀ अथ सप्तदशोऽध्याय: ❀

अर्जुन उवाच ॥ ये शास्त्रविधि मुत्सृज्य यजन्ते श्रद्धयान्विता: ॥

शास्त्र प्रमाण जानेर यो लोकमा शास्त्र विधानोक्त कर्म गर्नामा योग्य छौ ॥ २४ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे ज्ञानयोगो नाम षोडशोऽध्याय: ॥ १६ ॥

सोह्रौ अध्यायमा ईश्वर तत्वको ज्ञान औ ईश्वरप्राप्तिको उपाय ई दुईकोमूल कारणवेदहो भन्या यस्तो कहे औ अध्यायका अन्तमा कहे कि शास्त्र विधिहीन कर्म गर्ने लाई सुखादि हुँदैन भन्न्या यस्तो सुनेर अर्जुनले विन्ती गरे कि हे कृष्ण! जो शास्त्र-विधिकन त्यागेर श्रद्धा

तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥ १ ॥ श्रीभगवानुवाच ॥ त्रिविधा भवति श्रद्धा देहिनां सास्व भावजा ॥ सात्विकी राजसी चैव तामसी चेति तां शृणु ॥ २ ॥ सत्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ॥ श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव

संयुक्त पूजन गर्छन् उनको क्या निष्ठा ? सत्गुण हो कि किम्बा रजोगुण तमोगुण हो ॥१॥ अर्जुनको प्रश्न सुनेर श्रीकृष्ण भगवान् आज्ञा गर्नुहुन्छ कि सात्विकी, राजसी औ तामसी यस्ता तीन प्रकर का श्रद्धा हुन्छन् सो देहधारीरूपको स्वभावले हुन्छ उनकन सुन ॥ २ ॥ हे भारत ! सबको श्रद्धा अन्तस्करण अनुसार हुन्छ यो पुरुष श्रद्धा भयेको छ यो जस्तो श्रद्धावाला छ सोउहि हुन्छ जस्तै सात्विको श्रद्धावाला सत्वि

सः ॥३॥ यजन्ते सात्त्विका देवान्यक्ष
रक्षांसि राजसाः। प्रेतान्भूतगणांश्चान्ये
यजन्ते तामसा जनाः ॥ ४ ॥ अशास्त्र
विहितं घोरं तप्यन्ते ये तपो जनाः ॥
दम्भाहङ्कारसंयुक्ताः कामरागबला-
न्विताः ॥५॥ कर्षयन्तः शरीरस्थं भूत

कि हुंछ राजसीवाला राजसी तामसी वाला ता
मसी ॥ ३ ॥ सत्विकी पुरुष देवताको पूजा
गर्छन राजसी यक्ष राक्षसको पूजा गर्छ अरु
तामसी जन प्रेत, भूतगणादिको पूजन गर्छ
॥ ४ ॥ दम्भ औ अहंकार संयुक्त कामना औ
विषयानुराग इन्का सेवा युक्त जो मनुष्य ती
अशास्त्र विहित अर्थात् जो शास्त्रमा प्रसिद्ध
छैन यस्ता घोर तपकन गर्छन् ॥ ५ ॥ ती अ
ज्ञानी जन शरीरमा रहेका भूत समूहकन औ
भित्र शरीरमा रहेका मलाई पनी दुःख दिन्छन्

ग्राममचेतसः ॥ मां चैवान्तः शरीर
स्थं तान्विद्ध्यासुरनिश्चयान्॥६॥आ
हारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रि
यः ॥ यज्ञस्तपस्तथा दानं तेषां भेद
मिमं शृणु ॥ ७॥ आयुः सत्वबलारो-
ग्य सुखप्रीतिविवर्धनाः॥ रस्याः स्नि
ग्धाः स्थिराहृद्या आहाराः सात्विक
प्रियाः ॥ ८ ॥ कट्वम्ल लवणात्युक्षण

तिन्कन असुर निश्चय अर्थात् असुर योनिमा
निश्चय छ यस्तो उन्कन जान ॥ ६ ॥ आहार
पनी तीन प्रकार का प्रिय हुन्छन् औ यज्ञ तस्तै
तप दान ई पनी तीन प्रकार का छन् तिन्को
भेद यो सुन ॥ ७ ॥ जो आहारादि लिनाले
आयुष्य, होशियारी, आरोग्य, सुख औ प्रीति
बढ्ने यस्तो मधुरादि रसले युक्त स्निग्ध स्थिर
अर्थात् धेरै काल तक रहने हृदय वर्धक यस्तो
आहार सात्विकी जनका प्रिय हुन्छ ॥ ८ ॥

तीक्ष्णरूक्षविदाहिनः ॥ आहारा रा-
जसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥
यातयामं गतरसं पूति पर्युषितं च यत्॥
उच्छिष्टमपि चामेध्यं भोजनं तामस
प्रियम् ॥ १० ॥ अफलाकाङ्क्षिभिर्य
ज्ञो विधिदृष्टो य इज्यते ॥ यष्टव्यमे

अतिकटु जस्तै धेरै मरिच परेको पदार्थ अति
अमिलो अति नुनिलो अति तातो अति ती
क्ष्ण अति रुखो औ पोलन्या राजसीहरू का
प्रिय आहार दुःख शोक रोग इत्यदि दिन्या
हुन्छ ॥ ९ ॥ जुन भोजन एक प्रहर बितेको
होस्ता त्यो ठंडा पदार्थ रस हीन दुर्गन्ध भय
को औ बासी औ उच्छिष्ट पनी औ अवित्र
भोजन तामसिहरूकन प्रिय हुन्छ ॥ १०॥
यज्ञ गर्न योग्य छ भन्ने यस्तो मनकन समाधान
गरेर फल इच्छा रहित मनुष्यहरूले विधि वंरुप

वेति मनःसमाधायससात्विकः॥११॥ अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत्॥ इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥ १२ ॥ विधिहीनमसृष्टान्नं मंत्रहीनमदक्षिणम् ॥ श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥ देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ॥ ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥ १४ ॥ अनुद्वेगकरं वाक्यं

प्रतिकुल जनका निमित्त प्रकाश छ आत्मा जस्का [प्रतापनः] तिक्ष्ण स्वभाव भयाका (स्पष्टाक्षर) स्पष्ट उच्चारण हुन्छ वेदका अक्षर जस देखो (मंत्र) वेद जान्ने हरूका रक्षक (चन्द्रांशुः) वेद जान्ने हरूका श्रम (थकाई) लाई दूर गरी आनन्द दिन्या अंशुमाने किरण जस्का (भास्करद्युतिः) सूर्यका जस्तो कान्ति भयाका अर्थात् आकांका प्रभावलाई विद्ध्वंश गर्ने ॥ ३० ॥ (अमृताम् शूद्भवः) सम्पूर्ण तापलाई हरण गर्ने यस्ता चन्द्रमा को छ जसदेषि उत्पत्ति (भानुः) सूर्य लाई पनि प्रकाश गर्न्या यस्तादित्यो भानुपयूज्य भाति इति श्रुति (शशबिंदु) कुशील स्वभाव का पुरुष लाई नाश गर्ने [जगतः सेतुः) शुभ कर्म र अशुभ कर्मका सागुरो नहुनाका हेतु (सत्यधर्मपराक्रमः) सत्य [साँचा] छन् गुण पराक्रम जस्का ॥ ३१ ॥ (भूत

पवनः पावनोऽनलः ॥ कामहा कामकृत् कांतः कामः कामप्रदः

भव्य भवन्नाथ) तिनै [प्रातः मध्यान्न सायं] कालमा ऐश्वर स्वामी भाव हुनाले तिनै कालमा रहने प्राणिका ईश्वर (पवन) सम्पूर्ण कालमा सब जगामा स्वभावै ले गमन गर्न्या [पावनः] जगत्लाई पवित्र गर्न्या गंगादी तिर्थ उनलाई पनि पवित्र गर्न्या "पावनः सर्वलोकानाम् त्वमेव रघुनन्दन" (अनलः) भक्त जन माथी अनुग्रह माया दया गर्दा पनि मैले खुप गरे भनि आफु लाई न भन्न येस्ता अपार महिमा भयाका (कामहा) आफना गुण दर्शी पुरुष का विषयमा कामना छुटाउने (काम कृत्) आफना गुण दर्शी पुरुष लाई मोक्ष भोग दिन्या कान्त सुकुमारत्व र सौन्दर्यत्व रूप गुण हूनाले मन हर्न्या (काम) आफनु शील औदार्य दया आदि गुण भै अत्यन्त कमनीय प्रिय [कामप्रदः] आफनु कामना दिने पुरुष र अरू निच पुरुष लाई जस्तै योग्य छ उस्तो उन्को अभिलाषा पूर्ण गर्न्या

प्रभुः ॥ ३२ ॥ युगादिकृद्युगावर्तो नैकमायो महाशनः ॥ अदृश्योऽव्य-

[प्रभुः] सम्पूर्ण को चित्त हरनामा प्रभू समर्थः ॥३२॥

॥ चतुर्थ शतक ॥

[युगादि कृत] युगका अन्तमा समुद्रले ढाकिये कि पृथ्वि गराउन्या [युगावर्त] आफना धर्म व्यवस्ता ले सत्ययुग आदि युग लाई घुमाउन्या [नैकमायः] पृथ्वि पर्वत आदि रहित जलमा कोटीयौं आश्चर्यले पूर्ण भयाको येस्ता वट वृक्षका पत्रमा शयन गर्ने [महा शनः] सम्पूर्ण जगत लाई पेटमा निल्ने यश्चर्किंचिन् मया लोके दृष्टं स्थावर जङ्गमम् । तदपश्यमहं सर्वं तस्य कुक्षौ महात्मनः इत्युक्ते [अदृश्यः] जगतका प्रलय मा पनि तर्कना गरीन सक्ना तर्कनाले चिन्ता गर्दा पनि जो पाइदैनन् [व्यक्तरूप] महाजलमा संचार गर्न्या लोमशादिका दिव्य रूप धारण गरी दृष्टिका गोचर दिव्य सुन्दर शयन गर्दा सहस्र युग संख्या भयाका कल्प लाई जितन्या [अनन्तजित]

क्तरूपश्च सहस्रजिदनंतजित ॥३३॥
अपांनिधिराधिष्ठानमप्रमत्तः प्रति-
ष्ठितः ॥ स्कंदः स्कंदधरो धुर्यो
वरदो वायुवाहनः ॥ ३४ ॥ वासुदे-

वालख रूप जस्का महिमाको अवधी छैन ॥ ३३ ॥
[इष्ट] सब इच्छा विषईभूत (विशिष्ट] पण्डित
हरूका रक्षामा तत्पर [शिष्टेष्ट] पण्डितमा अग्रणी
[पैला] भयाका बृहत् लोमश ऋषि हरूका परम पुरु-
षार्थ रूपमा अभिमत् [शिखण्डी] ठुलो ऐश्वर्य रूप
तेज भयाका [नहुषः] आफ्नु माया गरी प्राणि हरु
लाई बन्धन गर्न्या [वृषः] सागरका मध्यमा अमृत
तुल्य आफ्ना कांति बाणी गरी मार्कण्डेय हरु लाई
आश्वासन् गरी सेचन् गर्न्या [क्रोधहा] कश्यपजीका
प्रार्थनाले क्षत्री हरूको विद्ध्वंश गराउन्या क्रोध लाई
नाश गर्न्या [क्रोधकृत्] क्षत्रि हरु माथी पर्शुराम
रूपमै क्रोध गर्न्या कर्ता सहश्रार्जुनका पौरुष लाई
नाश गर्ने [विश्व वाहु] जगत् का निमित्त बाहु
[महीधरः] भार दूर गर्ना लाई पृथ्वी धारण गर्ने
॥ ३४ ॥ [अच्युत] ब्रह्मा इन्द्र बरुण इत्यादिको च्यु

वोबृहद्भानुरादिदेवः पुरंदरः ॥ अशो-
कस्तारणस्तारः शूरः शौरिर्जनेश्वरः
॥ ३५ ॥ अनुकूलः शतावर्तः पद्मी
पद्मनिभेक्षणः ॥ पद्मनाभोऽरवि-

होई जान्छ उन्को च्यूत कैलेई हुन्न (प्रथितः) येस लोकमा अच्युत स्वरूपले प्रख्यात छन [प्राणः] पुरुष का जीवन रूप [प्राणदः] समुद्र मथनका बेलामा अमृत रूपि प्राण दिने [बासवानुजः] इन्द्र का भाई (अपांनिधिः] मथ्यमान् महासमुद्र लाई धारण गर्ने [अधिष्ठानम्] महा समुद्रमा डुबेको मन्दराचल पर्वत लाई धारण गर्ने अप्रमत्त भक्तको रक्षा गर्नामा सावधान रहने [प्रतिष्ठित] आफना महिमा स्थित ॥ ३५ ॥ स्कन्द दैत्य हरू लाई नाश गर्ने [स्कन्दधरः] छवटा मुख लाई धारण गर्ने [धुर्यः] चौध भुवनलाई धारण गर्ने (वरदः) अभिष्ट लाई दिने [वायुवाहनः] जगतका प्राण वायुलाई चलाउन्या [वासुदेवः) सम्पूर्ण प्राणि मात्रमा निवास गरी क्रीडा गर्ने सब ठाम्मा बस्ने [बृहद्भानुः] सन्सार लाई प्रकाश गर्ने छन् विशाल

दाक्षः पद्मगर्भः शरीरभृत् ॥३६॥
महर्द्धिऋद्धो वृद्धात्मा महाक्षो गरुड-
ध्वजः ॥ अतुलः शरभो भीमः
समयज्ञो हविर्हरिः ॥३७॥ सर्वलक्षण-

किरण छन् जस्का (आदिदेवः] प्रथम बीजभूत देवता अर्थात् सब भन्दा पैलेका देवता [पुरन्दरः] तिन पुरलाइ विदारण गर्ने चिर्ने ॥ ३६ ॥ [अशोकः] शोक मोह इत्यादि लाइ नाश गर्ने [तारणः] शत्रु र व्याधी का भीति [डर] देखि तारण गर्ने [तारः] सन्सार का भय देखि तारण गर्ने [शूरः] शत्रुहरूलाई जित्नामा सामर्थ [शौरिः] वासुदेवका पुत्र [जनेश्वर] अत्यन्त उज्वल जनका स्वामी [अनुकूलः मद र विस्मयले रहित भै भक्तका अनुकूल हुन्या [शतावर्तः] हजारौं छन् ऐश्वर्यका प्रकाशक आवर्तक जस्का [पद्मि] लीला पद्म लाइ धारण गर्ने [पद्मनिभेक्षण] श्रम [थकाई] दूर गर्ने छन् कमल पत्र समान नेत्र जस्का ॥ ३७ ॥ [पद्मनाभः] पद्म तुल्य नाभि भयाका [अरविन्दाक्षः] लाल कमल समान् नेत्र भयाका [पद्मगर्भ] योगि हरुका हृदय रूप कमलमा रहन्या [शरीरभृत]

लक्षण्यो लक्ष्मीवान् समितिंजयः ॥
विक्षरो रोहितो मार्गो हेतुर्दामोदरः
सह ॥३८॥ महीधरो महाभागो वेग-
वानमिताशनः ॥ उद्भवः क्षोभणो
देवः श्रीगर्भः परमेश्वरः ॥ ३९ ॥

योगिका हृदय कमलका माझमा रहदा पनि आफ्ना देह लाई धारण गर्ने [महर्द्धि] ऐश्वर्य गरि ठूलो रिद्धी भयाका [वृद्धात्मा] महिमा लाई बर्धित गर्दो छदो प्रवृद्ध छ आत्मा जस्का [महाक्ष] पूजनीय छ अक्ष जस्का (गरुड) गरुडको मूर्तिछ ध्वजामा जस्का ॥ ३८ ॥ (अतुल) गरुड ध्वजा मा हुनाले अनुपमः (शरभः) आफना आज्ञा नाधन्या पुरुष लाइ शिक्षा दिने (भीम) जस देखी वायु पनि भयभीत डर्मान्द छन् (समयज्ञः) अग्नि आदिकका उर्द्धज्वलनका समयमा जान्ने (हविर्हरिः) अन्न दान गर्दा पर्न्या विघ्न लाई दूर गर्न्या (सर्व लक्षण लक्षण्य) लक्ष्मीजी का चरण चिहीत् जस्का (लक्ष्मीवान) लक्ष्मीजी ले नित्य युक्त भयाका (समितिंजयः) जीव हरू लाई आफना दास्य भावमा बिवाद क्लेश देखि दूर गर्न्या ॥३९॥

करणं कारणं कर्ता विकर्ता गहनो
गुहः ॥ व्यवसायो व्यव स्थानः
संस्थानः स्थानदो ध्रुवः ॥ ४० ॥
परार्द्धः परमः स्पष्टस्तुष्टः पुष्टः शुभे-

(विक्षरः) भक्तका उपर जस्का स्नेहको नाश हुदैन (रोहितः) कमल काम गर्भका भैं छ कान्ति जस्को (मार्गः) इच्छा गरेको सिद्धिका निमीत्त उपाशक हरुले खोज्नाका (गोचरहेतुः) इच्छा गरेका अर्थ का कारण (दामोदर) यसोदाका (दाम्ना) डोरी ले बन्धन हुनाका कारण जस्का पेट्माडोरी छ (सह) यशोदा इत्यादी ले बाधेको सहने गर्न्या (महीधरः) पृथ्वी का नाश गरी पृथ्वि लाई धारण गर्ने (महाभागः) रुक्मिणी आदि बहुत स्त्री गणले वृत अर्थात् रुक्मिणी आदि हरु लाई बरण गरी बडा भाग्यशालि बेग्वान् जस्का परम ऐश्वर्यका प्रसरण प्रख्यात दुर्वार छ अमिताशनः इन्द्रका निमित्त गोप परूले गरेका भोजन लाई विशेष स्वीकार गर्न्या ॥४०॥ (उद्भव) जस् देखि संसारउद्भुत छ [क्षोभणः] प्रकृति चेतन दुवै लाई क्षोभ गराउन्या (देव) बाधनेनेल भैं आफना मायाले जीवलाई बन्धन गरी

क्षणः ॥ रामो विरामो विरजो मार्गो
नेयो नयोऽनयः ॥४१॥ वीरः शक्ति-
मतां श्रेष्ठो धर्मो धर्मविदुत्तमः ॥

क्रिया गर्ने श्रीगर्भ जस्का क्रीडा भोगका प्रशंसाले (लक्ष्मी बर्धनीय वढने हुन्छीन (परमेश्वर) परम ऐश्वर्यले युक्त (करणम्) जीव हरुलाई आफ्ना प्राप्ति मा साधक (कारणम्) जीव लाई ज्ञानका कारण जो चत्तु आदीक तिन्लाई ज्ञान गराउनामा उपयोग गरा-उन्या (कर्ता) स्वतन्त्र (मन्मोजी) (विकर्ता) आफू हर्ष शोक इत्यादि देखी फरक हुन्या पदार्थ हर्ष शोकले बिकारमा प्राप्त हुन्ना (गहनः) देहधारि हरू लाई कृपा विना अति गहन (पसी नसकिने) (गुहः) रक्षा गर्ने ॥ ४१ ॥ (व्यमसाय) ज्योतिष चक्र जुन् ध्रुवमा बाँधि रहेको छ (व्यवस्थानः) कला मुहूर्त इत्यादि सब काल जस्मा स्थित छन [संस्थानः] सम्पूर्ण कला मुहूर्त इत्यादि वस्तु जस्मा समाप्त हुन्छ [स्थानदः] परम पद दिने (ध्रुवः) अर्वाचीन ध्रुव लाई उच्च स्थान दीई उन्लाई स्थिर गराउन्या [परर्द्धिः]

वैकुण्ठः पुरुषः प्राणः प्राणदः प्रणवः पृथुः ॥ ४२ ॥ हिरण्यगर्भः शत्रुघ्नो व्याप्तो वायुरधोक्षजः । ऋतुः सुदर्शनः

परम कल्याण गुणको वृद्धि गराउँन्या (परमस्पष्ट) साक्षात् देखिन् छ आफनु परत्व जस्मा (तुष्टः) दाश रथीत्व का लाभले र जगत्का पालनले संतुष्ट (पुष्टः) महांगुणले परिपूर्ण (तमेवगुणसपन्नम्) इत्युक्तेः । शुभेक्षणः] सुशील आदी ऐश्वर्यका सूचक शीतल इत्यादि गुणले युक्त लाल कमल का पत्र समान नेत्र भयाको छ जसको दर्शन भयेका मुखारविन्द जसका ॥ ४२ ॥ (रामः) रूप गुण, वशीकृत, चेतनका रमण स्थान (विरामः) वर दिन्या ब्रह्मादी देवता र तस्तै रावणादिक् जस्मा (विरजः) स्वभाव होले राज्यादि रूपमा आसक्ति रहित (फरक) भयेका (मार्ग) भर-द्वाज आदी ऋषिश्वर का पनी अन्वेषण गोचर (विर-जो मार्ग) सत्मार्ग का दर्शक [नेय] बढिया पुरुष का नियोग योग्य (आज्ञाकारी) (नयः) जस्मा तपो-धन प्राप्त छन् ॥

मेष्ठी परिग्रहः ॥४३॥ उग्रः संवत्सरो
दक्षो विश्रामो विश्वदक्षिणः॥ विस्तारः
स्थावरः स्थाणुः प्रमाणं बीजमव्ययम्

॥अथ पञ्चम शतक ॥

(अनयः) घटीया पुरुष का संग जस्को प्रेम छैन (वीरः) राक्षस हरू लाई अत्यन्त भयदी कम्प गरा उने (थकाउने) (शक्ति भर्ता श्रेष्ठः) शक्ति भयाका देवतामा अत्यन्त प्रसंसा गर्नामा योग्य (धर्मः) धर्म स्वरूप भयाका (धर्मविदुत्तमः) धर्मज्ञमा उत्तम ॥४३॥ (वैकुण्ठ) दूर भयाको छ सम्बन्ध विघात जस्का येस्ता पुरुषका सम्बन्धि (पुरुषः) सम्पूर्ण लाई पालना गर्ने (प्राणः) सम्पूर्ण का प्राण रूप (प्राणदः) तमाम् सब पुरुष हरु लाई प्राण दिन्या (प्रणव) आफना गण लेगर्दा चराचर जगत्लाई प्रणाम् गराउन्या (पृथुः) आफना यशका विस्तारले लोकमा प्रख्यात् (हिरण्य-गर्भः) ध्यानगर्ने हरू का स्वच्छ हृदयमा गर्भझै वास-गर्ने [शत्रुघ्न] इन्द्रियगणरूपिसत्रु लाई मान्र्या (व्याप्तः) शत्रु र मित्र द दुबैमा व्याप्त (वायुः) जहाँ तहा रहेका

अर्थोऽनर्थो महाकोशो महाभोगो महाधनः ॥ अनिर्विण्णः स्थविष्ठो भूर्धर्मयूपो महामखः ॥४५॥ नक्षत्रनेमिर्न-

भरद्वाज आदी ऋृषीश्वर लाई आफै प्राप्त हुन्या (अधोक्षजः) अमृत विषयेका तुल्य जो भोगका विषयभये ता पनी निरंतर सब पुरूषका भोग विषय भयेर पनी भोगगर्दा उस्का न्यूनताले रहित ॥ ४४ ॥ (ऋघुः) सम्पूर्णलाई दङ्पान्र्या गुणमा प्राप्त हुन्या (सुदर्शन) मन्दपुरूषलाई पनिजस्को दर्शन आनन्द दायकछ (काल) गुणले चराचर-जस्मा संकलित (परमेष्टि) उत्कृष्ट स्थानना रहेका (परिग्रहः) यस्लोकमा तथा परलोकमा सबलाई तुल्य ग्रहण गर्ने (उग्रः) कल्कि रूपले अवतार लिई धर्मनष्ट भयाका म्लेच्छआदि लाई मार्ने भयाका (सम्वतसर) सहारका सामग्रि सहीतभै कालको प्रतिज्ञा गरी [वाटोहेरी] पातालमा शेषजी का उपर शयन् गर्ने (दक्षः) चोरहरूको बध गर्नामा हत्पत्गर्ने (विश्रामः) पाप्रतत्फल् भोग्नामा श्रान्त जन्को विश्रामभूमि (विश्वदक्षिणः) उपकार गर्ने प्राणीहरूको हितगर्ने ॥ ४५ ॥ (विस्तारः]

क्षत्री क्षमःक्षामः समीहनः। यज्ञ ईज्यो महेज्यश्चक्रतुः सत्रं सतां गतिः ॥४६॥

प्रबल उग्रकलिलाई विद्ध्वंश पारीसत्ययुग् लाई प्रवृत्त गरी वेद मर्यादालाई स्थापनगरी स्थिरहून्या [स्थावरस्थाणुः] धर्मलाई स्थिरगरी शान्तिमा स्थित भया पछि जो कसैले पनि चलायमान् छैनन् [प्रमाणम्] सत्यआदी गरीयेकायुगमा हित र अहितका स्थापक [बीजमव्ययम्] कलियुगका अन्त्यमा भक्त रक्षाका निमित्तफेर प्रकाशहुने [अर्थ] लोकराज्यादी इच्छा दौलथका इच्छा पुत्रका इच्छाले रहित परम भक्तहरूका भगवत् प्राप्ति रूप प्रयोजनका निमित्त प्रार्थनाका गोचर (अनर्थः) अल्पभाग्य अतिथी पुरुषका ऐहिकप्रार्थना का गोचर (महाकोशः) सब् लाई धनदिनाले पनि जोक्षीणभयानन येहता शंखपद्म इत्यादि भन्डारछन् जस्का [महाभोगः] द्रव्यले साध्य जो काम जो इन्का कृपाले शीघ्रप्राप्त हुन्छन् [महाधनः] अक्षयधन्भया का ॥ ४४ ॥ [अनिर्विण्णः] जगतव्यापार संततिमा जागरूक [स्थविष्टः] शिशुमार चक्राकार भन्दा अति

सर्वदर्शी विमुक्तात्मा सर्वज्ञो ज्ञानमुत्त-
मम् ॥ सुव्रतः सुमुखः सूक्ष्मः सुघोषः
सुखदः सुहृत् ॥४७॥ मनोहरा जित-
क्रोधो वीरबाहुर्विदारणः ॥ स्वापनः

स्थूल् [भूः] ध्रुवः का अनुबन्धले सबका आधार [धर्मयूपः] उत्तमांगताले धर्म तत्वलाई मिलाउन्या अर्थात् धर्म दायक [मखः जस्को अवयव यज्ञमा पूज नीयछ [नक्षत्र नेमोः] ज्योतिष् चक्रलाई घुमाउन्या [नक्षात्री] शिशुमार चक्राकार रूप ज्योति गणका आधार [क्षम] अनायासैले भुवनका सबभार लाई सहन् गर्न्या [क्षामः) प्रलयमा तारागणले क्षीण भया का ध्रुवका समीपस्थ चार नक्षत्र युक्त स्थिती गराउन्या ॥ ४७ ॥ [यज्ञः] यज्ञले आराधनका योग्य [इज्यः] इन्द्रादि द्वारा सकाम पुरूषका योग्य [महेज्य] निस्काम भक्तका निष्कामना रहित पूजाका योग्य [क्रतुः] अग्निस्टोम इत्यादी सात क्रतु [यज्ञ] ले आराधना गरने (सत्रम्) धेरै कालमा हुन्या दैवका कृपाले

स्ववशो व्यापी नैकात्मा नैककर्मकृत्
॥४८॥ वत्सरो वत्सलो वत्सी रत्नगर्भो
धनेश्वरः । धर्मगुब्धर्मकृद्धर्मी सदस-

भयाका अनेक यजमान्ले युक्त भयाका यज्ञया पूजनीय (सतांगतिः) निवृत्ति धर्मलाई देषने विमुक्तात्मा विषय देखि निवृत मन् भयाका (नरनारायण) स्वरूप जान्ने (ज्ञानमुत्तमम्) सव उत्तम धम जस्मा जानिन्छन् ॥ ४८ ॥ (सुव्रतः) भक्तका निमित्त व्रतगर्न्या (सुमुख) जस्को मनोहर मुखध्यान गर्न्या पुरुष हरूका विषयष (सूक्ष्मः) असुरहरू मद्धे अप्रष्ट अभिप्राय भयाका (सुघोषः) जस्का स्वाध्यायको शोभन घोषछ सुखद समाधिगर्न्या पुरुष लाई सुख दिन्या (सुहृत) जस्का हृदय अपकारी हरूको उपर पनी श्नेहले पूर्ण भयाको छ (मनोहरः) स्वभाव सिद्ध मोहनी रूप धारण गरी असुर हरूका अन्तःकरण लाई हरण गर्ने (जितक्रोध) देवताका उपर असुरका क्रोधलाई जित्ने दुर गर्ने वीरबाहु पराक्रमले युक्त भयाकाछन भुजा हात् जस्का (विदारण) चक्र आदी दिव्य हथियारले

त्क्षरमक्षरम् ॥४९॥ अविज्ञाता सहस्रां शुर्विधाता कृतलक्षणः ॥ गभस्तिनेमिः सत्वस्थः सिंहो भूतमहेश्वरः ॥५०॥ आदिदेवो महादेवो देवेशो देव

गरी राहु प्रभृति असुर हरू लाई विदारण गर्ने ॥४९॥ स्थापनः कटाक्षर भ्रू विलाश इत्यादि गरी नाम गर्नामा बाकी रह्याका दानवादीलाई मोहगर्ने (स्ववशः) असुर हरूले वसभये पछि आफ्ना पुरूष हरु सँग यथेच्छ विहार गर्ने (व्यापी) देवता राक्षस मन्दराचल वासुकी इ सबमा आफ्ना शक्तिले व्याप्त हुन्या (नैकात्मा) ब्राह्म कौर्म मोपनी येस्ता नाना प्रकारका अवतार लिन्या (नैककर्मकृत्) अनेक कर्म गर्न्या (वत्सरः) पुरुषार्थ स्थापन गर्न भनि सबका भित्र वास गर्न्या (वत्सलः) जस्तै गाई आफ्ना वाच्छाको दोषपनि भोग्य रूपमान्द छिन तस्तै शरणागत जनकहरूका भैंनित्य पोषणगर्नु पर्न्या आत्मबर्ग भक्तहरू जस्का [रत्नगर्भः] धन इच्छा गर्न्या पुरुष लाइ यथेच्छ धनदि न्या [धनेश्वर] भक्तका प्रिय बस्तु दिनालाई हतपत

मृद्गुरुः ॥ उत्तरो गोपतिर्गोप्ता ज्ञानगम्यः पुरातनः ॥ ५१ ॥ शरीर भूतभृद्भोक्ता कपींद्रो भूरिदक्षिणः ॥

गर्नें ॥ ५० ॥ [धर्मगुप्] धर्मका रक्षक [धर्मकृत] सवजन हरु लाई धर्मात्मि बनाउने धर्म गराउन्या [धर्मी] सम्पूर्ण लाई उपयोगि छ धर्म जस्का सत् प्रशस्त धर्म भयाका [अक्षरसत] अपक्षय विनाश इत्यादि देखी रहित [असत्] असत् पुरुष हरुलाई संसार रुपिपाप दिन्या [अक्षरम्] असत् पुरुष हरूलाई निरवधिक [छैन अवधी] सन्सार दिन्या [अविज्ञाता] शरणागत पुरुष हरुको पापको विचार न गर्नें [सहस्रांशु] हजार प्रकारको बुद्धि भयाका [विधाता] गरेको छ अपराध जस्ले यस्ता पुरूषका अपराध लाई क्षमा गरी दुख दूर गर्न्या [कृतलक्षण] शरणागत पुरुषका स्वीकार गर्नाका तत्पर भयाकाछ अपेक्षा जस्का ॥५१॥ [गभस्तिनेमिः] ज्योतिर्युक्तनेमी लच्छित उत्तम चक्रलाई धारण गर्नें [सत्वस्थः] ॥ सत्वगुणले युक्त भयाका भक्तका हृदयमा स्थित भयाका [सिंहः] हरिभक्तलाई नजानि दण्ड दिनामा यत्न गर्नें यमराज

सोमपोऽमृतपः सोमः पुरुजित्पुरुस-
त्तमः ॥ ५२ ॥ विनयो जयः सत्य-
संधो दाशार्हः सात्वतां पतिः ॥

लाई शिक्षा दिनें [भूतमहेश्वरः] जगत्का नियम कर्ता ब्रह्मादि पनि कारण (आदिदेवः) ब्रह्मादि हरू का पनि आदि देव [महादेवः) ब्रह्मा आदिका संग क्रीडा गर्न्या [देवेशः] ब्रह्माआदि देवता संग जहाँ तहाँ नियुक्त गर्ने (देवभृत) ब्रह्मादि देवतालाई पालन पोषण गर्न्या [गुरुः] ब्रह्मा इन्द्र वरुण कुवेर आदि गरियेका देवता हरू लाई उपदेशगर्न्या ॥ ५२ ॥ [उत्तरः) ब्रह्मादि देवता हरूको विपत्ति दूर गरनाले ब्रह्मादिका उत्कृष्टः [गोपतिः] समस्तवाणीका पति [गोप्ता] सम्पूर्ण विद्याका रक्षक [ज्ञानगम्यः] परविद्या देखि जान्नामा योग्य (पुरातन] ॥ ५३ ॥ कल्पकल्प मा विद्या को प्रकाशगर्ना छे सब भन्दा पैले उत्पन्न हुन्या ॥

॥ षष्ठ शतक ॥

[शरीर भूतभृत्] प्रकृदि आदि देखि लियेर

जीवो विनयिता साक्षी मुकुंदोऽमि-
तविक्रमः ॥ ५३ ॥ अंभोनिधिरनं-
तात्मा महोदधिशयोऽतकः ॥ अजो-

पृथ्वी पर्यन्त आफ्ना शरीरभूत जगत्का पालन पोषण गर्न्या [भोक्ता] हव्य कव्य भोग गर्न्या [कपीन्द्रः] कपि [वानर] रूपमा प्राप्त भयाका देवताका ईश्वर [भूरिदक्षीणः] जगत्को आचार्यत्वका निम्ति अश्वमेधादि यज्ञ गर्दा प्रशस्थ दक्षिणा दिने ॥ ५२ ॥ [सोमपः] अश्वमेध यज्ञमा सोम लता पानगर्ने [अमृतपः] इंधिको परिणाम जो अमृत सो पान् गर्न्या [सोमः] आफ्ना अनुभव शालि पुरुषका निमित्त अमृत तुल्य [पुरुजित्) समस्त लाईजितन्या 'सत्येनलोकान जयति दीनान् दानेन राघव । गुरून् शुश्रूषया वीरो धनुषा युधि शात्रवान्' इति [पुरुसत्तमः] आफ्ना गुण रूपि अमृतलाई पान गर्ने हनुमदादिक भक्तमा विद्यमान् (विनयः] रावणादि हरूलाई आफ्ना पराक्रमले दमन गर्ने (जयः) आश्रित् पुरुष हरूका आश्रित् [आज्ञाकारि] [सत्यसन्धः] सत्यप्रतिज्ञा

महार्हः स्वाभाव्यो जितामित्रः प्रमो-
दनः ॥५४॥ आनंदो नंदनो नंदः
सत्यधर्मा त्रिविक्रमः ॥ महर्षिः कपि-
लाचार्यः कृतज्ञो मेदिनीपतिः ॥५५॥
त्रिपदस्त्रिदशाध्यक्षो महाशृंगः कृतां

भयाका (दाशार्हः) भक्त हरू लाई आफना आफना आत्माको निवेदन रूप दान गर्ने [सात्वताम्पतिः] सत्पुरुष हरूका पति ॥ ५४ ॥ [जीव] आफना सेवाले भक्तहरू को आत्म नाशदूरगरी उज्जीवन गराउन्या (विनइता) आफना भक्तलाई वहुत प्यारगर्ने [साक्षी] भक्तका रक्षाकानिम्ति उन्कावृत्ति साक्षात् आफै गर्ने [मुकुन्द] भक्तिगरि प्रार्थनागरीयेका छदा मुक्ति दिन्या [अमितविक्रमः) अमित पराक्रम भयाका (अम्भोनिधिः) पाततका जलमा सवजगत्का आधार भूतभइ कच्छप रूपले स्थिती गर्ने (अनन्तात्मा) कच्छपका पिठमा जगत्का आधार भूत शेषजीमा शयन गर्न्या (महोदधिशयः) प्रयल कालमा समुद्रका बिचमा शेषको शैय्यागरी सुत्ने (अन्तकः) जगत्को

तकृत ॥ महावराहो गोविंदः सुषेणः कनकांगदी ॥ ५६ ॥ गुह्यो गभीरो गहनो गुप्तश्चक्रगदाधरः ॥ वेधाः

अन्त गरन्या ॥ ५५ ॥ (अजः) अकारवाच्य (वासुदेव) ज (जात] भयेका (महाई) प्रणव इत्यादि विधिगरी आफुलाइ निभेदन गरीयेका पूजन का योग्य (स्वाभाव्यः) जान्नमायोग्य (जितामित्रः] भक्तहरुका जितेकोछ अहंकार ममता काम आदि जस्ले (प्रमोदनः) आफना भक्त हरु लाई आनन्दीत गराउन्या (आनन्दः] वाणी र मन्का अगोचर आनन्द भयाका (नन्दनः] आनन्दलाई मुक्तिमा प्राप्तगरीमुक्तजनहरुलाई हर्षित गर्न्या [नन्दः] भोग्य भोग भोग्यापकरण भोक्ता इनैकोछसमृद्धि जस्का (सत्यधर्मः] सत्यधर्मः भयाका [त्रीविक्रम] आफनु महिमा गरी जस्ले तिन् बेद कह्यो ॥ ५६ ॥ (महर्षिः] यथाक्त वेदका जानकार [कपिलाचार्यः] तत्व बताउन्या कपिलदेवजी [कृतज्ञः] अपराध गर्न्याजो दुष्टात्मा हरुलाई स्वामिभावले स्मरण गर्नामा जो सगरका पुत्र अंशुमान् उन्ले गरेका जो स्तुतिरुपी

स्वांगऽजितः कृष्णो दृढः संकर्षणोऽच्युतः ॥५७॥ वरुणो वारुणो वृक्षः पुष्कराक्षो महामनाः ॥ भगवान्

सुधृत सो जान्ने [मेदिनीपतिः) कपिल देव रूपले पृथ्वि लाई धारण गर्ने [त्रिपदः] भोक्ता भोग्य नियन्ता ई तीन जान्नाका योग्य छन पद जस्का [त्रिदशाध्यक्षः] देवता का प्रलय कालका आपदमा अध्यक्ष (मालिक) [महाश्रृङ्ग] जस्का सिङ्का टुप्पामा सारा पृथ्वी रह्याकीछन [कृतान्तकृत्) अन्तक (यम] समान्का जो हिरण्याक्ष उस्लाई मार्ने ॥ ५७ ॥ [महावराहः] रसातलमा पुगेकि पृथ्वि लाई महाभयानक बराहमूर्ति धारणगरी उठाई ल्याउन्या भयेका [गोविन्दः] नष्ट पृथ्वीलाई फेरि प्राप्त गराउन्या (सुषेणः) पाँचै उपनिषद विग्रह भयेका (कनकाङ्गदी] बहुत झल्कने नयासुवर्णका गहना धारण गर्न्या [गुह्यः) पाँचै उपनिषद्कवि ग्रहले आवृत् भयेका (गभीरः) बहुतै गांभीर्य भयेका (गहनः) समुद्रझैं अगाध (ध्रासः] भगत का हृदयमा

भगहा नंदी वनमाली हलायुधः ॥ ५८ ॥ आदित्यो ज्योतिरादित्य सहिष्णुर्गतिसत्तमः ॥ सुधन्वा खंड-परशुर्दारुणो द्रविणप्रदः ॥ ५९ ॥

गुप्तभै रहन्या [चक्रगदाधरः] पंचशक्ति मय नित्य दिव्य आयुध चक्र गदा इत्यादी धारण गर्न्या ॥ ५८ ॥ [वेधाः] नाना प्रकार का वैभव नित्य बिधान गर्ने [स्वांगः) असाधारण चिन्ह छत्र चमर त्रीशूल इत्यादी सम्पूर्ण अधीराजका राज हुनाका सूचक चिन्ह छन् जस्का [अजितः] प्राकृत मुख्याहा पुरुष हरुले जित नामा अशक्य जो बैकुण्ठ पुरी उसका स्वामी [कृष्णः] अप्राकृत अत्यन्त रुचिर छ श्यामपण जस्को [दृढः] उपाशक का अनुग्रह का निमित्त स्थूल स्वरूप ले रहने [संकर्षणः] संसार का चित् अचित् आदी विषय लाई आकर्षण गर्ने (खिचने] भयेका [अच्युतः] च्यवन् धर्म भयाका ब्रह्मादिकका भैं च्यूत नहुन्या [वरुणः) जस्ले सब आवृतछन् [वारुणः) स्वामो भावले वरणगर्न्याजुन् वरुण उपासक उन्मा रहन्या

दिवस्पृक् सर्वदृग्व्यासो वाचस्पतिरयो-
निजः ॥ त्रिसामा सामगः साम
निर्वाणं भेषजं भिषक् ॥९०॥ संन्या-

(वृक्षः) साधु हरू का निवास वृक्ष [पुष्कराक्ष] योगि जन हरूलाइ प्रसाद दृष्टिभै पोषण गर्न्या छन् नयन् जस्का (महामनाः) शरणागत पुरूषका उपर अगाध उदारछ मन् जस्का ॥ ५६ ॥ भगवान्) अशेष दोषका प्रति भेट स्वरूप ले पूज्य (भगहा] कल्याण गुण गरी सबठाम्मा प्राप्त हुन्या (नन्दी] सम्बन्धले नन्द गोप् छन् पिता भयेका जस्का [वनमाली] वैजन्ती माला नित्य धारणगरेका [हलायुधः] आश्रित पुरुषका रक्षाका निमित्त हल शब्दस आयुध लियेका (आदित्यः] अदिती का अवतार भयाकी यस्ती देवकी का पुत्र [ज्योतिरादित्यः] समस्ततेज हरण गर्न्या जो ज्योति [प्रकाश] उस्को पनि प्रकाश भयेका (सहिष्णु) ब्रह्मादिकका अपराध लाई सहन गर्ने ' प्रशादया मास भवो देवं नारायणं प्रभुम् । शरणंजगतां मेघवरेण्यं वरदं हरिम्' इतिउक्तेः (गतिसत्तमः) धर्ममा अत्यन्त जानकार ॥ ६० ॥ [सुधन्वा] अमृत् का निमित्त

सकृच्छ्रमः शांतो निष्ठा शांतिः परा-
यणः ॥ शुभांगः शांतिदः स्रष्टा कुमुदः
कुवले शयः ॥६१॥ गोहितो गोपति-
र्गोप्त वृषभाक्षो वृषप्रियः ॥ अनि-

देवासुर युद्धमा असुर हरूलाई संहार गर्ने धनुष धारण गर्ने (खण्डपरशुः) रौद्र संग्राम लाई समेत् खंडगर्ने [फाट्फुट गराउन्या छ परशु वज्ररोजस्का [दारुण] बाहिर र भित्र दुवै तरफका शत्रुलाई जितन्या [द्रविः णप्रदः] व्यास रूपभै शास्त्र र तेस्का अर्थ देखन्या [दिवसपृक] परमपदमा रहेका जो स्वतत्व उस्लाई पर विद्याले एकांतमा पर्श गर्न्या अर्थात् विदित पर-मार्थ [सर्वदृक] सम्पूर्ण वैभव देखन्या [व्यास] वेदत्रयी को विभाग् चार प्रकारले गर्ने [वाचस्पतीः] पंचमवेद [भारत] का स्वामी [अयोनिज] समस्त अवतारमा जस्का अवतार योनि देखि भयाकोछैन ॥६१॥ [त्रिसामा] स्वगायक मामुख्यजन् बृहत्, रथन्तर, वामदेव्यरूप साम जस्को [सामगः] आफना अनुभव प्रीतोले सामगान् गर्न्या (साम) आफना गायक

वर्ती निवृत्तात्मा संक्षेप्ता क्षेमकृ-
च्छिवः ॥६२॥ श्रीवत्सवक्षाः श्रीवासः
श्रीपतिः श्रीमतांवरः ॥ श्रीदः श्रीशः
श्रीनिवासः श्रीनिधिः श्रीविभावनः

हरुका पापको विनाशपार्ने [निर्वाणम्] निष्पाप पुरुष का [परमगतिका] कारण [भेषजम्] असाध्यसन्सार कारोगदूरगर्नालाई औषधि रूप भयाका [भिषक] संसार रोग का निदान जान्ने] सन्यासकृत्] सात्विक त्याग गरी रजोगुण तामसगुण लाई त्याग गर्ने [शम] इच्छा, अभय क्रोधका शान्ति को उपाय बताउन्या [शान्त] विकारनभया कोछ अन्तःकरण जस्का [निष्ठाः] अर्थिहरुका हृदय मा स्थिति गर्न्या [शान्ति] परम समाधि मा सह देखी सम्पूर्ण व्यवहार शांति मा प्राप्त हुन्छन् (परायणः] समाधि मा रह्या का पुरुष का परमस्थान जस्को चरम प्राप्ति पुरुष का कारण परम भक्ति हुन्छ ॥ ६२ । [सुभांग] शुभछन् यमादिक अष्टांगजस्का [शान्तिदः] निष्पन्न भक्ति भयाका पुरुषलाई सायुज्य मुक्ति दिन्या [स्रष्टा] कर्मका विचित्रताले सृष्टि रचन्या (कुमुदः] प्राकृत

॥६३॥ श्रीधरः श्रीकरः श्रेयः श्रीमा-ल्लोकत्रयाश्रयः ॥ स्वक्षः स्वंगः शता-नंदो नंदिर्ज्योतिर्गणेश्वरः ॥६४॥ विजितात्मा विधेयात्मा सत्कीर्तिश्छि-

मण्डलमा भोक्ता पुरुषलाई सुखानुभाव गराउँदै आफु अनि आनन्दित हुन्या [कुवलेशयः] देहेन्द्रिय इत्यादि मा अभिमान गर्न्या र संसारमा भ्रमण गर्न्या जो जीव हरु को समुदाय उनको नियम गर्न्या (गोहितः] संसार को जो बीज उस्को क्षेत्र जो प्रकृति तेस्का व्यवस्था स्थापन गर्न्या [गोपयिः] स्वर्ग भूमिका पतिः (गोप्ता) ६०० कर्म फल रूप जो छक्र उस्का रक्षक ॥

शप्तक शतक ।

(वृषभाक्ष] वृषभ नाग प्रकृति निवृति धर्म देखि नै छ संसार चक्राधार जस्मा (वृषप्रियः) प्रवर्तक रनिवर्तक धर्म छ प्रिय जस्का ॥ ६३ ॥ (अनिवर्ती) प्रवृत्ति कर्म मा निवृत्त पुरुषलाई संसार देखि निवृत नगराउन्या (निवृत्ति) धर्म का निष्ठा वान् पुरुष जस्का शरीर भूतछन् (संक्षेप्ता] प्रवृति

त्रसंशयः ॥ उदीर्णः सर्वतश्चक्षुरनीशः शाश्वतः स्थिरः ॥६५॥ भूशयो भूषणो भूतिर्विशोकः शोकनाशनः ॥

मार्ग निरत पुरुषलाई स्वाभाविक ज्ञान प्रकाश गरी संकोच गराउन्या [क्षेमकृत्] निवृत मा निष्टावान् पुरुषलाई स्वाभाविक असंकुचित् ज्ञानका प्रकाशन (शिवः] सब बुभुक्षु अरू मुमुक्षु जन्लाई तनि कल्याण गर्नें [श्रीवत्सवक्षः] महापुरुष लक्षण जनक स्वेतरांमावर्तको विशेष रूपको छ चिन्ह जस्को छाती मा (श्रीवासः) श्रीः लक्ष्मी का विहार स्थान [श्री पतिः] लक्ष्मी जिलाई स्वयं [आफै] पति भावले वरण गर्न्या (श्रीमतांवरः) श्रीमन्त [श्रीमान्] देवताका श्रेष्ट ॥ ६४ ॥ (श्रीदः) श्री का निति आफना स्नेह रसलाई दिन्या [श्रीशः) श्री का ईश [मालिक] श्रीछन् सम्पूर्ण अवस्थामा कार्य को अवस्था गर्न्या जस्की ' प्रधानेश्वरी ' इत्युक्ते [श्रीनिवासः] श्रीकानित्यै निकट [नलोक] मा निवास गर्नें (श्रीनिधिः) जस्मा नित्य सन्निहित श्रीरहन्छिन्

अर्चिष्मानर्चितः कुंभो विशुद्धात्मा विशोधनः । ६६॥ अनिरुद्धोऽप्रतिरथः प्रद्युम्नोऽमितविक्रमः ॥ काल-

(श्री विभावनः) जस्का प्रसिद्धि को मूल लक्ष्मी जो छन् 'अप्रमेयं हितत् तेजो वस्य सा जनकात्मजा' इत्युक्ते । [श्रीधरः] जस्तै रत्न ले कान्तिलाई, फूल जस्तै सुगन्धलाई; चन्द्रमा जस्तै चन्द्रिकालाइ अमृत् जस्तै स्वादुता (मिठोपना) लाई धारण गर्दछन् तस्तै लक्ष्मीजीलाई धारण गर्न्या (श्रीकरः) पर व्यूह अवतारमा श्रीलाई आफ्ना अनुरूप गर्न्या (श्रेयः श्रीमान्) कल्याण निमित्त सेवागर्ने जो श्री उन्ले नित्य युक्त (लोकत्रयाश्रयः) जगन्माता श्रीले सहित पिता का तुल्य सनकादिका आश्रय ॥६५॥ (स्वक्षः) लक्ष्मी जी का सौंदर्य रूप समुद्रपा पारगामी छ नेत्र जस्का (स्वांग) लक्ष्मी जीलाई प्यारो लाग्ने जस्को देह छ [शतानन्द :) परस्पर स्नेह का प्रभावले अपरिमित आनन्द भयाका (नन्दिः) सब कालदेशमा सब प्रकार बाट लक्ष्मी जी गरी समृद्धि भयाका (ज्योतिर्गणेश्वरः) नित्य सूर्य गण

नामिनिहा वीरः शूरः शौरिर्जनेश्वरः ॥ ६७ ॥ त्रिलोकात्मा त्रिलोकेशः

का ईश (विजितात्मा) जस्को मन् भक्त पुरुषहरूले जीती राखेको छ (विधेयात्मा) भक्तका सर्वथा आधीन (सत्कीर्ती) सुशील गुण हुनाले ठूलो किर्ती भयाका (छिन्नसंसयः] आफना सौशील्य गुणले द्रगरायाको छ सुलभ दूर्लभत्व जस्ले ॥ ६६ ॥ (उदीर्णः) चरम दृष्टि पुरुषको आफना प्रत्यक्षका योग्य (सर्वततश्चक्षुः) जहमा प्राणी का चक्षु विद्यमान् छन् [अनीशः) भक्तका आधीन छन् अखिल व्यापार जस्का (शाश्वतस्थिरः) बिम्ब जस्तै स्वरूपले बिम्बमा स्थित (भूशयः] व्यक्तादि रूपले पृथ्विमा शयन गर्न्या [भूषण] आफना आत्मालाई सौसील्य गुणले भूषित् गराउन्या (भूतिः) अकिंचन् भक्तका परिपूर्ण संपति स्वरूप भयाका (विशोकः) भक्तको पोषण गरी शोक रहित रहन्या (शोकनाशनः) भक्त हरूका चित्तमा भयाका भगवान् का ननोक रहन पाई न भन्या जो शोक उस शोक लाई नान्र्या ॥ ६७ ॥ (अर्चि)

केशवः केशिहा हरिः॥ कामदेवः कामपालः कामि कांतः कृतागमः ॥ ६८ ॥ अनिर्देश्यवपुर्विष्णु र्वी र

श्मान भक्तका बाह्यार अभ्यन्तरका चक्षुलाई भ्रमण गराउनामा सामर्थ तेज जस्को (अर्चितः) क्षेत्र हरूमा जस्को (अर्चा) पूजा विद्यमान् छ कुम्भ सौन्दर्य आदि गुणले भक्तका कामना गोचर (विशुद्धत्मा) आफना आश्रित पुरुषमा सर्वस्वको त्याग गर्न्या (विशोधनः] क्षेत्रमा भजनलाई शुद्धगराउन्या [अनिरुद्धः जस्लाई कसैलेरोक्न सकेन [अप्रतिरथः) प्रतिपक्ष रहित अनिष्ठ जनलाई मार्ने [प्रद्युम्नः] आत्म स्वरूप को प्रकाश गर्न्या अमित विक्रमः जस्का पराक्रम को अवधी छैन ॥ ६८ ॥ (कालनेमिनिहा) कालनेमि नामक दैत्यलाई मार्ने [शौरिः] वसुदेवजी- का अपत्य [शूरः] सम्पूर्ण राक्षस हरूका क्षय गर्न्या [शूरजनेश्वरः] सुग्रीव हनुमान् इत्यादि महापुरुष हरूका स्वामी [त्रिलोकात्मा] भक्तका रक्षाका निम्ता तिनै लोकमा गमन गर्न्या [त्रिलोकेशः] तिनै लोक का अधिपति [केशवः) ब्रह्मा रुद्र जस्का

नता धनंजयः ॥ ब्रह्मण्यो ब्रह्मकृद् ब्रह्मा ब्रह्म ब्रह्मविवर्धनः ॥६९॥ ब्रह्म-

अंगबाट उत्पन्न भयाका छन् [केशिहा] केशि नामक दैत्य लाई मार्ने [हरीः) भक्त राङेन्द्रको दुखःहरण गर्ने १ उत्तम छ श्यामवर्ण जस्को ॥ ६९ ॥ [कामदेवः] अभिलाषा गरीयेका प्रयोजन दिन्या [कामपालः] वाञ्छित वस्तुलाई दियेर उस्को पालन् गर्ने कामी अर्थी जन् हरूलाइ दिने वस्तु जस्का बहूत छन् [कान्तः ' जस्का स्वरूप लाई देखि अप्सरा गणपनि मोहित हुन्छन् [कृतागमः] मन्त्र बिद्या लाइ प्रकट गर्न्या [अनिर्देश्यवपुः] सत्य आदि युग का अनुसार नाना प्रकारका रुप, नाम देह धारण गर्ना ले निर्देश गर्ना लाई असक्य छ शरीर जस्को [विष्णुः] नियम आदी गरियका शक्ति द्वारा सब जगत्मा व्याप्त [वीरः] साधु हरु को दुख दूर गर्न्या [अनन्तः] देश, काल, गुण, वस्तु ईन्ले जस्को अवधी हुन् सकतैन [धनंजयः] सुवर्ण आदि धन लाई जितन्या अर्थात् निस्पृह ॥ ७० ॥ [ब्रह्मण्यः] जीवात्मा र तस्तै प्रकृति ईनै ले जोसम्पूर्ण

विद् ब्राह्मणो ब्रह्मी ब्रह्मज्ञो ब्राह्मण-
प्रियः ॥ महाक्रमो महाकर्मा महा-
तेजा महोरगः ॥ ७० ॥ महाक्रतु-

अवस्ता हरु मा स्थित भोग का कारण अर्थात् भोग दायक (ब्रह्मकृद्ब्रह्मा) ठूला ठूला कार्य का जो ब्रह्मा उस्का सर्व प्रकार ले नियम गर्न्या (ब्रह्म) विश्व (संसार) को वृद्धि गर्न्या (ब्रह्म विवर्धनः) तपस्या को वृद्धि गर्न्या (ब्रह्मवित्) अनन्त वेद लाई अवधि ले जान्ने [ब्राह्मणः] वेद का व्यवस्था का निमित्त अवतार लिन्या १ वेद पाठ गर्न्या २ (ब्रह्मी) सम्पूर्ण प्रमाण प्रमेय स्वरूप [ब्रह्मज्ञः] समस्त वेद लाई जान्ने [ब्राह्मण प्रियः] वेदाधिकारी ब्राह्मण जस्लाई सदा प्रिय छन् (महाक्रमः) संसार रूपी पाताल देखि बहुत उच्चस्थान् मा आरोहणगर्नें (चढ़ने) लाई ज्ञान भक्ति सिढिछन् जस्का [महा कर्मा] सबजित्र जन्तु का आफना ऐश्वर्य का अनुभव ले युक्तगर्ना मा ठूलोछ आश्चर्य कर्म जस्को [महातेजाः] जस्का क्रतुः] जस्को पूजा भक्त जन लाई सुलभ छ (महा-

महायज्वा महायज्ञो महाहविः ॥ स्तव्यः स्तवप्रियः स्तोत्रं स्तुतिः स्तोता रणप्रियः ॥ ७१ ॥ पूर्णः पूर-

यज्वा) देवतान्तर का पूजा गर्न्या २ पुरुष हरू भन्दा आफु लाइ आराधना गर्न्या पुरुष को उत्कर्ष गर्न्या (महायज्ञः] देवान्तर (अन्य देवता) का यज्ञ भन्दा आफ्नु याग लाई उत्कृष्ट गर्न्या (महाहविः) हिंसा रहित सात्विक उपनिषद् प्रतिपाद्य आत्मस्वरूप छ हवि जस्को ॥ ७१ ॥ (स्तव्यः] बन्ध देखि छुट्याउने, स्तुति का योग्य, "आदरेण यथा स्तौति धनवन्त धनेच्छया । तथा चेद्विश्वं कर्तारं को न मुच्येत बन्धनात्" इत्युक्त (स्तवप्रियः] आफ्ना गुण कितन का अभिमान गरी प्रिय स्तुति जस्को [स्तोत्रम्) आफ्नु स्तुति आफैं बाट निष्पन्न छ [स्तुतिः] हामि हरू र ब्रह्मादी देवता हरु का पनि वांछित सिद्धिका निम्ति स्तुतिका गोचर (स्तोता) आफ्नु स्तुति गर्ने को स्तुति गर्ने छ शील जस्को (रणप्रियः) सुहृद तेज अनादी अज्ञान रूप अन्धकार लाई नाश गर्न्या (महोरगः) चित्तद्वारा भक्त मा प्रवेश गर्न्या ॥७०॥ [महा-

यिता पुण्यः पुण्यकीर्तिरनामयः मनोजवस्तीर्थकरो वसुरेता वसुप्रदः ।।७२।। वसुप्रदो वासुदेवो वसुर्वसु-

पुरुष लाई प्रिय छ युद्ध कर्म जस्को ।।७१।। (पूर्णः) अवाप्त समस्त काम अर्थात् पूर्ण मनोरथ (पूरयिता) स्तुति गर्न्या पुरुष को मनोरथ पूर्ण गर्न्या [पुण्यः] महा॰ पातकी जन लाई पनि पवित्र गर्न्या (पुण्य कीर्ति) पवित्र कीर्ति भयाका [अनामयः] आफ्नु स्पर्श रूप जो दिव्य महौषधि उसले संसार लाई दूर गर्न्या (मनोजवः) भक्त को कार्य शीघ्र गर्ने (तीर्थकरः) सम्पूर्ण लाई पवित्र गर्न्या जो पुष्करादिक तीर्थ उस्का हेतुः [वसुरेताः] दिव्य जोती का कारण (वसुप्रदः) जगत्का पिता भयेर पनि देवकी वासुदेव लाई माता पितृ भावरुपी तेज दिन्या (वासुदेवः) वसुदेव का छोरा ।। ७२ ।।

अथ अष्टम शतक ।

(वसुः) लोकका हितका निमित्त क्षीरसागरमा निवास गर्ने (वसुमना) लक्ष्मी जी काम जन्म

मना हविः ॥ सद्गतिः सत्कृतिः सत्ता सद्भूतिः सत्परायणः ॥७३॥ शूरसेनो यदुश्रेष्ठः सन्निवासः सुयामुनः ॥ भूतावासो वासुदेवः सर्वासुनिलयोऽ

स्थल्मा निवाश गर्दा वसुदेवमा जस्को मन उत्कंठित् छ (हविः) कंसका उपद्रव शांतिका निमित्त नन्दगोप यशोदाले स्वीकार गरियेका ॥ ७३ ॥ (सद्गतिः) सत् पुरुषका परम प्राप्य [सत्कृतिः] रासक्रीडादिक मा सत्यछ कृतिजस्को [सत्ता] सत् पुरुषको जस्मा सत्ताछ (सद्भूतिः) सत् पुरुष हरूका पुत्र, बंधु, सारथी हुन्या [सत्परायणः) सत् पुरुष हरूका परम स्थान १ सत् पुरुषै हरू छन् परम स्थान जस्का २ (शूरसेन] पृथ्विको भार हरण गर्न लाई यादव पांडव जन् सहाय जस्का (यदुश्रेष्ठः) यादव हरूमा श्रेष्ठ सन्निबास मनुष्य शरीर धारण गरे पनि सनकादिक हरूका विश्राम भमि (सुयामुनः] गोपिनी हरूका संग यमुनाके विषे गरियेको अत्यन्त मनोहर भयेको जलक्रीडा को फल् दियाई र रासक्रीडा गराई जस्का ॥ ७४ ॥ (भता

नलः ॥७४॥ दर्पहा दर्पदो दृप्तोदुर्धरोऽ थापराजितः ॥ विश्वमूर्तिर्महामूर्ति- र्दीप्तमूर्तिरमूर्तिमान् ॥७५॥ अनेक-

वासः) र पूर्ण भूत प्राणि जस्मा निवासगर्दछन् वासुदेवः वसुदेवका पुत्र भयेर पनि द्वादश अध्यात्मछ जस्मा नियमन गर्ने (सर्वासुनिलयः) समस्त प्राण का स्थान [अनलः] अहो, गोप गोपिनी मैलेक्यै कामगरिन यस्तो भनी आफ्ना आत्मा लाइ असंतुष्ट मान्ने भयाका (दर्पहा) गोवर्धन् लाइ उगाउनामा र कल्पवृक्षको हरणमा देवता हरूको गर्व नाश गर्ने (दर्पदः) यादव लाई मधुपानादि गराई दर्पदिन्या (अदृप्तः) अगर्वित अर्थात् शेखि न भयाका (दुर्धरः) बाललीलादि गर्ना मा मत्ता हातिभ्है नन्द यशोदादेखी वस हुनामा अशक्य (अपराजितः) कुनै विषय अर्थात् धनादि ले जस्लाई जित्न सकेनन ॥ ७५ ॥ [विश्वमूर्ति] संसारै छ मूर्त्ति जस्को [महामूर्तिः] विश्व रूपका दर्शनमा ठूलोछ मूर्ति जस्को [दिप्तमूर्तिः] कैएकगुणले जो वस्तु प्रकाशित हुन्छ उहिछ मूर्ति जो वस्तु [अमर्ति- मान्) अव्यक्त प्रकृति र पुरूष आदि जस्का शरीरदेखि

मूर्तिरऽव्यक्त शतमूर्तिः ॥ शताननः एकोऽनैकः सवः क किं यत्तत्पदमनुत्तमम् ॥ ७६ ॥ लोकबन्धुर्लोकनाथो

भयाकाछन् [अनेक मूर्तिः] सोऽहजार येकसौ आठ् जो स्त्रीको समुदायछ उत्ति कैदेह धारण गर्ने "षोडश-स्त्री सहस्राणिशतमेकं ततोधिकम् । तावन्तिचक्रे रूपाणि भगवान्देवकीसुतः" इति [अव्यक्तः] मनुष्य भावले आपना पराक्रम स्वरूप लाई छिपाउनेशत मूर्ति विश्वरूप दर्शन गर्नाको इच्छा भयाका अर्जुन लाईहजारों आपना अरू रूप देखाउन्या (शताननः] धेरैमुख भयाका ॥ ७६ ॥ [एकः] जस्का सजाति आकों कोईछैन [नैकः] अनेक ऐश्वर्य भयाका [सः] जस्को ज्ञान विषय इच्छा लाई दुर गर्न्याछ [वः] संपूर्ण प्राणि मात्रका निवास स्थान् [कः) मलिन् पुरूषमा निवाश गरेरपनि प्रकाश गर्न्या [किम्] फल इच्छा गर्न्या पुरूषका प्रश्नका बिषय [यत्] प्रश्न गर्न्याजन हरूको रक्षाकानिमित्त यत्नगर्न्या [तत्] भक्तजन लाई आपना ज्ञान् भक्ति मा विस्तार गराउन्या (पद मनुत्तमम्] प्रपन्न का परम प्राप्य (लोकबन्धुः]

माधवो भक्तवत्सलः ॥ सुवर्णवर्णो
हेमांगो वरांगश्चन्दनांगदी ॥ ७७ ॥
वीरहा विषमः शून्यो घृताशीरचलः

लोकका बन्धु [स्वजन] [लोकनाथ] सम्पूर्ण लोक का मालिक (माधवः] मधुकुल मा उत्पन्न हुन्या (भक्तवत्सल] भक्त हरू लाई विशेष उपदेश दिन्या ॥ ७७ ॥ (सुवर्णवर्णः] सुवर्णतुल्य स्वच्छ कान्ति जस्को [हेमांगः] दिव्य सत्व गुणयुक्त अंग जस्को [चन्दनांगदी) आल्हाद गराउन्या छन् अंग का भूषण जस्का [वीरहा) रावणादिको समूल विनाशगराउन्या [विषमः] कोमल अन्तस्करण भयेका पुरुष हरु लाई कल्याण र कपटि क्रोधी मन भययाका पुरुष लाई भय, दिने [शून्यः] मनुष्य अवतार लियेर पनि सम्पूर्ण दोष न भया का [घृताशीः] गोपिनी हरुका घरको नउनी खाना मा तत्पर हुन्या [अचलः] दुर्योधनादी देखि अभेद्य [जो चलाउनै नसकिन्या) चलः] शरणागत पुरुष का प्रयोजन निम्ती आफना

श्चलः ॥ अमानीमानदोमान्योलोक-
स्वामी त्रिलोकधृक् ॥७८॥ सुमेधा
मेधजो धन्यः सत्यमेधा धराधरः ॥
तेजोवृषो द्युतिधर सर्वशस्त्रभृता
वरः ॥ ७९ ॥ प्रग्रहो निग्रहो

सत्य प्रतिज्ञाले चल्ने ॥ ७८ ॥ (अमानी) भक्त का उपर जस्को अहङ्कारको नामै छैन [मानदः] अर्जुनादिक् भै मान् राज्य दिन्या [मान्यः] लोक का अत्यन्त माननीय [लोकस्वामी] लोक का स्वामी [भर्ता] [त्रिलोक धृक्] तिनै लोक लाई धारण गर्ने [सुमेधाः] शोभन बुद्धि भयेका [मेधजः] देवकी लेगरे का जो पुत्री व्रत यज्ञ उसै देखिछ जस्को उत्पत्ति [धन्यः] देवकी को जन्म रूप जो धन उस्का लाभ [पाउनु) ले आफ लाई धन्य मान्ने [सत्यमेधाः] सँचोछ गोपवसु देवादिक मा सजाति हुना को बुद्धिजस्को [धराधरः) गोबर्धन पर्वत् लाई आफना धैर्यले धारण गर्ने ॥ ८९ ॥ [तेजोवृषः) आफना प्रिय जनलाई पालन गर्नाका निमित्त तेजको

व्यग्रो नैकशृंगो गदाग्रजः॥ चतुर्मूर्ति श्चतुर्बाहुश्चतुर्व्यूहश्चतुर्गतिः ॥८०॥

पालन् गर्न्या (द्युतिधरः) इन्दुलाई समेत् तिरस्कार गर्ने कान्तिलाई धारण गर्न्या (सर्वशस्त्रभृताम्वरः) सम्पूर्ण शस्त्र धारिहरू मा श्रेष्ठ (प्रग्रहः) अर्जुन का सारथी भये र डोरी भैं अर्जुन लाई ग्रहण गर्न्या (निग्रहः) सारथ्य कर्म का वैचित्र्यले शत्रु हरूको निग्रह गर्न्या (व्यग्रः) अजुन का द्वेषि हरू लाई निग्रह गर्ना मा व्यग्रचित अर्थात् युद्ध का क्रम लाई सहन न गर्न्या (नैकशृंगः) बहुत छन् वैरिका निग्रह गर्ने सामग्रि जस्का (गदाग्रजः) वसु देवकी पत्नि जो सुनामा उन्का पुत्र जो 'गद' उन्का दाजु ॥ ८१ ॥ (चतुर्मूर्तिः) यदुकुलमा पनि वलभद्र; श्रीकृष्ण; प्रद्युम्न, अनिरूद्ध इनै चार छन् मूर्ति जस्का (चतुर्वाहुः उपाधिले रहित् भै देवकी मा चार्वाहू ले सहित् भै अवतार लिन्या (चतुर्व्यूहः) समस्त भो व्यस्त भो षाड्गुण्य युक्त जो चतुर्व्यूह उस्को व्यवस्था गर्ने (चतुर्गतीः) जस्मा तारतम्यले भक्त का चार गति

चतुरात्मा चतुर्भावश्चतुर्वेदविदेक-
पात् ॥ समावर्तो निवृत्तात्मा दुर्जयो
दुरतिक्रमः ॥ ८१ ॥ दुर्लभो दुर्गमो

छन (चतुरात्मा) स्थुल सूक्ष्म जो चार जाग्रत; स्वप्न; सुषुप्ति; र तुर्य अवस्था इन्का प्रकाश गर्न्या (चतुर भावः) शास्त्र दान् आदि की पुज तेस्का प्रकाशक (चतुर्वेद वित्) चार वेद जानने पुरुष का प्रतिभाका गोचर (एकपात्) चतुष्पाद जो सब विभूति तेस्को तुरियांश यो लिला विभूति सप्त लोक आदि छन् ॥८१॥ (समावर्तः) सर्वदा व्यूहतस्तै विभव कोछ (आवर्तन) घुम्नु कस्को (निवृत्तात्मा) पूर्ण कामः हुनाले जगत देखि निवृत छ मन जस्को (दुर्जयः) देवता मनुष्य इन् का शक्तिले वश गर्ना मा अशक्य (दुरतिक्रमः) भगवान् का चरण वाहेक पुरुष हरू लाई आर्को गति छैन (दुर्लभः) भगवान् देखि वाहेक अन्य देवतादि मामन् भया का पुरुष लाई दुर्लभ (दुर्गमः) जस्तै दुर्बल मानिश हरू मध्याह्न को सूर्यहेर्न सक्तैनन् तस्तै भगवान् को तेज पनि कसैले सहि न सक्नु (दुर्गः) अविद्या आदी आवरण (ढाकने वस्तु) भै पावी पुरुष दुखले पनि

दुर्गो दुरावासो दुरारिहा ॥ शुभांगो लोकसारंगः सुतंतुस्तंतुवर्धनः ॥८२॥ इंद्रकर्मा महाकर्मा कृतकर्मा कृता-

जस्का स्वरूपको भाम्रो म। प्रवेश गर्न शक्तैन (दूरावासः) दुष्कर छ आभाष् भूपो जस्को (दुरारिहा) वेद मार्ग देखि अन्य कुत्सित् मार्ग मा हिडन्या नास्तिक जन् लाइ मार्ने ॥ ८२ ॥ (शुभांग) दैत्य हरु लाई मोह गर्ने छ अंग जस्को (लोक शारंगः) लोक मा शार भयाको जो भोग मोक्षको मार्ग सो जान्ने भयाका (सुतन्तुः) असुर लाइ ग्रहण गर्ना का निम्ति सुंदर छ कृत्रिम शान्ति आदि ज्वालारूप गुणजस्का (तन्तुवर्धनः) संसाररूपि तन्तु (धागो) का बिस्तार गर्न्या (इन्द्रकर्मा) इन्द्रादि देवताका निम्ति दैत्य को संहार रूप छ कर्म जस्को (महाकर्मा) शरणागत पुरुष को परिपालना गर्नाले र तस्तै दुष्टजन् लाइ यथार्थ दण्ड दिनाले ठूलो छ न्याय कर्म जस्को (कृतकर्मा) नास्तिक जन लाइ ठग्नका निमित्त आफु पनि उनैका जस्तो आचरण गर्ने भयाका (कृतागमः)

गमः ॥ उद्भवः सुंदरः सुंदो रत्न-
नाभः सुलोचनः ॥८३॥ अर्को वाज-
सनः शृंगी जयंतः सर्वविज्जयी ॥

नास्तीकका निम्ति नास्तिक ग्रन्थ रचन्या ॥ ८३ ॥ (उद्भवः) मोक्ष उपदेश रूपि नटन् द्वारा सन्सार देखि भयभीत पुरुष भैं रहन्या (सुन्दर) आफना सौन्दर्यले नास्तिक हरूको मन् दृष्टि हरण गर्न्या (सुंदः) सौन्दर्यत्वले असुरका चित्तलाई गराउने (रत्ननाभः) पेटमा रत्न भै छ स्वच्छनाभी जस्का (सुलोचनः) १०० दृष्टि रुपिमाया गरिमोहित् पुरूषलाइ हेर्ने भयाका ॥

॥ अथ नवम शतक ॥

(अर्कः) अहो क्या बडा भारी महात्मा रहेछन् येस्ता प्रकारका स्तुतिका गोचर (वाजसनः) बढीया अन्नादिक मात्र भोगन्या अर्थात् बढीया पदार्थलाइ मात्र पुरुषार्थ मानने (शृङ्गी) अहिंसाको अनुकरणमा हस्तमा छ पुच्छिका (शोधनी मयुरपुच्छ समान् रेखा) जस्का (जयन्तः) प्रपंचका नाना प्रकार का मिथ्या वादलै आस्तीक जनहरू लाइ जितन्या (सर्व विज्जयी) सम्पूर्ण जान्ने पुरुष हरू लाई जीतन्या ॥ ८४ ॥

सुवर्णबिंदुरक्षोभ्यःसर्ववागीश्वरेश्वरः ॥८४॥ महाह्रदो महागर्तो महाभूतो महानिधिः ॥ कुमुदः कुंदरः कुंदः पर्जन्यः पावनोनिलः ॥८५॥ अमृ-

सर्वशक्तिले उत्तम पदकोबिन्यासगरी आस्तीकतालाई दूरगन्या (अक्षोभ्यः) समुद्र का तुल्य आफना गाम्भीर्यले विकार रहित (सर्ववागीश्वरेश्वरः) सम्पूर्ण वाणी का अधीपति ब्रह्मादि देवता हरूका पनी नियम कर्ता (महाह्रदः) ठूलो पोखरी [ठूलोरह] का तुल्य जस्मा पुण्य शाली पुरुष उन्मज्जन निमज्जन डुबकी लगाई आनन्दमा प्राप्त हुन्छन् [महागर्तः] पापि पुरुषलाई कुम्भीपाक इत्यादी नरकमा गीराउन्या (महाभूतः) दैवीसंपदमा हुन्या तस्तै शास्त्रै का अनुकूलले चल्ने पुरुष माथी अनुग्रह गर्न्या [महानिधिः] सुवर्ण आदिको खानी को तुल्य महात्माजन् जस्लाइ-अतिप्रीय छन् ॥ ८४ ॥ [कुमुदः] प्राकृत भूमण्डलमा पनि भक्त जन्का संग आनन्दित हुन्या [कुन्दरः] भक्तका खातिर कुन्द पुष्प समान विमल मति भयाका [कुन्दः] भक्त का निमित्त उत्कृष्ट भक्ति दिया

तांशोऽमृतवपुः सर्वज्ञः सर्वतोमुखः॥
सुलभः सुव्रतः सिद्धः शत्रुजिच्छत्रु-
तापनः ॥ ८६ ॥ न्यग्रोधोदुंबरोऽ

[पर्जन्यः] आफ्नु तत्व ज्ञान दिनाले तिनैवटा ताप् लाई दूरगर्न्या [पावनः] भक्त लाई पवित्र गर्न्या [अनिलः] प्रपन्न भक्त माथी अनुग्रह गर्नामा सिवाय इन्देखि आर्को कोई नाई (अमृतांशः) आश्रित पुरुष लाई अमृत दिन्या [अमृतवपु०] अमृतमय शरिरभया का [सर्वज्ञः] सब कुराथाहा पाउने असाध्य पनि जानन्या (सर्वतोमुखः) चारौं तरफ्बाट जस्का प्रवे- शमा अनेक साधन् छन् अर्थात येहिमात्र साधन छ यस्ता नियम जहाँ छैन ॥ ८७ ॥ [सुलभः] भक्तिपूर्वक पत्र पुष्प मात्र अर्पण गर्नाले पाइन्या [सुव्रतः] दृढ- छव्रत जस्का "सकृदेवप्रपन्नाय तवास्मीति च याचते । अभयम् सर्वभूतेभ्यो ददाम्येतत् व्रतम् मम" इति, [सिद्धः] भगवान् का तत्वपूर्वक स्थितिलाइ जान्ने पुरुषकाइ भन्यायत्न न भये ता पनि आफै साध्य [शत्रु- जिच्छत्रुतापन] शत्रु हरू लाइ जितन्या ककुत्स्थ पुरुष इत्यादि राजाहरू इन्को शत्रु जो दैत्य राक्षस

श्वत्थश्चाणूरांध्रनिषुदनः सहस्रार्चिः सप्तजिह्वःसप्तैधाः सप्तवाहनः८७

हरू तिन्लाई तापदिन्या [न्यग्रोधो दुस्वरः] संपूर्ण-गुणले उत्कृष्टछ परमधाम जस्को येस्ता भयाका पुरुष देखिनरूकन्या [अश्वत्थ] अनित्यछ इन्द्रादिस्थान जस्का यस्ता पुरुषमा नियामकता ले स्थित हुन्या [चाणूरान्ध्रनिषूदनः] चाणूर र अन्ध्र नामक मल्ल-लाईमारन्या । । ८७ ।। (सहस्रार्चिः] शोषण इत्यादि-गर्नाकोकाम मा हजारौं सूर्यमा प्रविष्टछन् अर्चि [ज्वाला] जस्का "दिविसूर्यसहस्रस्य भवेद्युगपदुत्थिता यदिभाः सदृशी सा स्याद्भासस्तस्यमहात्मनः" इति [सप्तजिव्हः] देवता हरूका अन्नग्रहण गर्न्या भयाका काली, कराली; आदी इनै छन् सात जिव्हा (सप्तैधाः] अग्निष्टोमादि यज्ञमा सातछन इन्धनस्थानापन्न औ इष्टापूर्तादिक रूप-रूपकर्मजस्का (सप्तवाहनः) गायत्री आदिनैछन् जस्का येस्ता वैदिक मंत्रका अभिमानी सूर्यका रथमा बहने भया का सात छन् बाहन् जस्का (अमूर्ति) स्थल भो भौतिक् भो ई पदार्थ देखिन् विलक्षण [अनघ] कर्म बिन जीव देखि विलक्षण (अचिन्त्यः) भक्तहरूका

अमूर्तिरनघोऽचिंत्यो भयकृद्भयना-
नाशनः अणुर्बृहत्कृशः स्थूलो गुण
भृन्निर्गुणो महान् ॥ ८८ ॥ अधृतः
स्वधृतः स्वास्यः प्राग्वंशो वंश

उपमा गरेर पनि चिंतना गर्नामा अशक्य (भयकृत्) आफ्नु आज्ञा उल्लङ्घन गर्न्या पुरुषहरूलाई भय दिन्या [भयनाशनः] आफ्ना आज्ञानुवर्ति पुरुषको भयनाश गर्न्या ॥ ८८ ॥ [अणुः] अत्यंत सूक्ष्म जो हृदयाकाश उस्मा प्रवेश गर्नामा सामर्थवान् (बृहत) जस्को महीमा अपरम्पार ठुलो [कृशः] आफ्ना लाघवलेछ जस्को अव्याहत गति अर्थात् कोई देशमा पनि रोकिदैनन् [स्थूलः] कोई येक जगामा स्थित भयेर सम्पूर्ण वस्तुलाई स्पर्शगर्नें [छुनु] र तस्थै चंद्रमालाई परिमर्जन [मुसार्नु] गर्न सक्नेजो अति प्रकृष्ट शक्ति तेस् उस्लेविशिष्ट (मुक्त) (गुणभृत्) चिताउना ले नै जगत्को पोषण गर्न्या [निर्गुणः] जगत् को स्पर्श गर्नें भयेर पनी जगत्का गुणले रहित् (महान) समुद्रमा भूमि सहित् उन्मज्जन् निमज्जन युक्त (अधृत) कसैदेवि

वर्धनः ॥ भारभृत् कथितो योगी योगीशः सर्वकामदः ॥८९॥ आश्रमः श्रमणः क्षामः सुपर्णो वायुवाहनः ॥ धनुर्धरो धनुर्वेदो दंडो दमयिता दमः

पनि नियम्य नाहि अर्थात कसैको पनि आज्ञाकारी नाहि (स्वधृतः) स्वभावैले धृतछ ऐश्वर्य जस्को (स्वास्यः) शोभायमानछ आशन स्थिती जस्को [प्राग्वंशः] अनादि युक्त [प्राचीन] पुरुष को वंश [वंशवर्धनः] नित्य सिद्ध पुरुष को वंशको वृद्धि गर्न्या ॥८६॥ [भारभृत्] मुक्त पुरुष का बन्ध मोक्ष आदि भार लाई धारण गर्न्या [कथितः] सम्पूर्ण वेद आदि शास्त्र मा सम्पूर्ण गुण ले युक्त भै प्रसिद्धः [योगी] घटनागरि नसकीन्या अर्थ का घटना गर्न्या प्रभावछ जस्को [योगिशः] सनकादि योगीका ईश [सर्वकामदः] च्यूत भयाकोछ योग जस्को यस्ता पुरुष लाई मुक्तिमा विघ्न रूपि अणिमादिक सिद्धि दिन्या [आश्रमः] भ्रष्टभयाकोछ ऐश्वर्य जस्का यस्ता योगिलाई पुण्यवान् यशस्वी लक्ष्मीवान कुलमा जन्म दिन्या (श्रवणः) भोग जन्म गरी क्षीण भयाको छैन भक्ती का संस्कार

॥९०॥ अपराजितः सर्वसहो नियंता नियमो यमः ॥ सत्ववान् सात्विकः

जस्का यस्ता पुरुषका समाधी का स्थान (क्षामः) भक्ति योगको आसिष मुखमात्रले भोग भ्रष्ट पुरुषलाइ सन्सार पार गर्दीन्या (सुपर्णः) समाधिका परिपाकले सिद्ध भै गयाको छ समाधी जस्को तिनी हरूलाई सन्सार पार गरि दिन्या (वायुवाहनः) प्रबल सन्सार का कर्म मा पर्न्या चित्तलाई गरूड द्वारा सन्सार देखि पारगर्न्या ॥ ९० ॥ (धनुर्धर) उपासक पुरुषका भक्ति का विघ्नदूर गर्नालाई धनुष धारण गर्न्या (धनुर्वेदः) इन्द्रादि देवता जसबाट धनुर्वेद पाउँछन (दण्डः) बेदोक्त नीतिमा चल्ने राजा हरू द्वारा दुष्ट जन लाई दण्ड दिलाउन्या (दमयिता) कुम्भकर्णादि हरूलाई दमन् गराउन्या (अदम) जस्लाइ दमन् गर्न्या कोहि छैन (अपराजितः) जस्को पराजयकुनै कालमाकसै देखि पनि छैन (सर्वसहः) अन्य देवता हरूको धारण पोषण गर्न्या (नियन्ता) मन्दजन हरूलाई अन्य देवतामा इच्छा गराई उन्को नियमन् गर्न्या (नियमः) भोगादिकको नियम् गर्न्या (यम) यम नियम दिश

सत्यः सत्यधर्मपरायणः ॥ ९१ ॥ अभिप्रायःप्रियार्होऽर्हःप्रियकृत्प्रीति-वर्धनः ॥ विहायसगतिर्ज्योतिःसुरुचि

लाई नियम गर्न्या अर्थात् यम नियम आदि देखि जो फल हुन्छ उस्का नियामक ॥ ९१ ॥ (सत्यबान) मोक्ष साधन जो सत्वगुण उस्का साक्षात् अधिष्ठाता (सा-(त्विकः) ज्ञान ऐश्वर्य वैराग्य रूप जो फल उस्को नियम गरि सत्वगुण भयाका (सत्यः) धर्म शास्त्रा मा यथार्थ वैभव भयाका (सत्यधर्मपरायणः) उपाधि रहित सत्य धर्म मा छ प्रीति जस्को (अभिप्रायः) सत्य धर्म मा रह्याका पुरुषका अभिप्राय गोचर (प्रि-यार्हः) आफना प्राप्तिका निमित्त ज्ञानि जन जस्लाई प्रीय छन (अर्हः) भगवान् देखि व्यतिरिक्त देवता मा इच्छा रहित भक्त हरूले भक्ति गर्ना मा योग्य (प्रिय कृत्) अन्य देवता मा भक्ति गर्न्या पुरुष लाई आफना अनुवर्तन ले प्रीति गर्न्या (प्रीति बर्धन) उत्तरोत्तर गुणका प्रकृष्टता ले प्रीति वर्धक ॥ ९२ ॥ (विहायस गति) निष्काम भक्ता गर्न्या पुरुषलाई परम स्थान

हुतंभूग्विभुः ॥ ९२ ॥ रविर्विरोचनः सूर्यः सविता रविलोचनः ॥ अनंतो हुतभुग्भोक्ता सुखदो नैकदोऽग्रजः ॥९३॥ अनिर्विण्णः सदा मर्षीलोका-

मा प्राप्ति गर्न्या [ज्योतिः] अर्चि आदि मार्ग का साधक [सुरुचिः) सुन्दर कान्ति भया का (हुतभुक् विभुः) अमृतका परिणाम हुत जो चंद्रमा तो जस्का शुक्ल पक्ष द्वारा पूर्ण हुन्छन् [रविः] उत्तरायण द्वारा जो प्रकाशीत [विरोचनः] उत्तरायण दक्षिणायन इनै रथ द्वारा सूर्य का प्रकाशक (सूर्य) जसदेखि निरन्तर वायुचल्द छ (सविता) सूर्य द्वारा वृष्टि साध्य धान्य आदि वस्तु लाई उत्पन्न गर्न्या [रविलोचनः] सूर्यका किरण द्वारा चन्द्रमा बिजुली वरुण हरूलाई नित्य प्रकाशित गर्न्या ॥ ९३ ॥ (अनन्त हुतभुक् भोक्ता) अनन्त छ इन्द्र ब्रह्मादि देवगण जस्का (सुखदः) आफ्ना दिव्य मंगल विग्रहका हातको स्पर्श गरी वासना रहित सन्सार लाई दूर गरी प्राप्तिरूप सुख दिन्या (नैकदः) असङ्ख्य माला अन्जन कौशेय वस्त्र इत्यादि बहालंकार दिन्या तस्तै मुक्त पुरुष का अभ्युत्थानलाई

धिष्ठ नमद्भुतः ॥ सनात्सनातनतमः कपिलः कपिरव्ययः ॥९४॥ स्वस्तिदः स्वस्तिकृत्स्वस्ति स्वस्ति भुक स्वस्ति

जान्ने अप्सरा गण विद्यमान् छन् जस्का [अग्रजः] मुक्त पुरुष का अग्र भागमा सर्वैश्वर्य्ययुक्त लक्ष्मीजी सहित् परम भोग्यरूपले प्रादुर्भाव हुन्या [अनिर्विण्णः] बडा यत्नले आश्रितजन लाई सन्सार रूपी सागरबाट निकालिज्ञान आनन्द स्वरूपमा अवस्थित देखि कृतकृत्य हुन्या सदामर्षिः सर्व कालमा चेतनका प्रत्युपकारलाई सहन्या (लोकाधिष्ठानम्) मुक्त पुरुषका भोग्य लोक का अधिष्ठान (अद्भुतः) सर्व काल मा सब प्रकार ले सब पुरुष लाई अनुभव विषय भया पनि उत्तरोत्तर बिस्मय युक्त गर्न्या ॥ ९४ ॥ [सनात्] सत पुरुषका भक्तिका गोचर (सनातनतमः) निरन्तर नवीन भोग्य रूपले अनुभव गर्न्या (कपिलः) मंडलका मध्यमा स्थित जो सजल मेघ उन्मा प्रकाशित जो विद्युत् उस्का समान उज्वल वर्ण भयाका कपिरव्ययः ९०० मुक्त पुरुष का अबिनाशिका रक्षक ॥

दक्षिणः ॥ अरौद्रः कुंडली चक्री विक्र-म्यूर्जितशासनः ॥९५॥ शब्दातिगः शब्दसहः शिशिरः शर्वरीकरः ॥

॥ अथ दशम शतक ॥

(स्वस्तिदः) भक्तहरू लाई ठूलो मंगल् दीन्या (स्वस्तिकृत्) आफना गुणले आफना भोगको आसिर्वाद दिन्या [स्वस्ति] महामंगल स्वरूप [स्वस्ति-भुक्] मंगलको पालन गर्न्या [स्वस्तिदक्षिणः] आत्म समर्पण महा यज्ञमा आफना पूजाका योग्य दिव्य शरीर र शक्ति आदि रूप दक्षिणासमर्पण गर्न्या ॥ ९५ ॥ [अरौद्रः] सबऐश्वर्य युक्त भयेर पनि गुण रूपि शितल स्वभाव भयाका अर्थात् शांत स्वभाव भयाका [कुंडली] जस्ता ठाममा जस्तो राम्रोहुन्छ उस्तै दिव्यभूषण धारण गर्न्या [चक्री] अपाकृत [बढीया] चक्ररूपि दिव्य हतियार धारण गर्न्या [विक्रमी] आफना गाम्भिर्या-नुकुलपराक्रम भयाका [ऊर्जितशासनः] जस्का आज्ञा लाई ब्रह्मादि देवता पनि नाघन सक्तैनन् [शब्दातिगः] अनेक धिव्हा भयाका शेष अनेक शाखा भयाका वेद औ साक्षात् सरस्वती आदि पनि जस्का महिमा लाई

अक्रूरः पेशलो दक्षो दाक्षिणः क्षमिणांवरः ॥ ९६ ॥ विद्वत्तमो वीतभयः पुन्यश्रवअकीर्तनः ॥ उत्तारणो दुष्कृ-

दुःखले पनि निरूपण गर्न सक्तैनन् [शब्दसहः] गज आदिको दुःख पुकारा को शब्द पनी अत्यन्त भारका समान मानन्या [शिशिरः] दुःख पुकारा सुनी गज आदि का समीप चाडो प्राप्त हुन्या [शर्वरीकरः] हिंभा गर्न्या जन लाई विदारण गर्नाका निम्ति पांच हतियार हस्तमा धारण गर्न्या ॥ ९६ ॥ [अक्रूरः] गजका पिडादूर गर्नाका निम्ति हात्मा लियेका हतियारले ग्राहलाई चाँडो छेदेन गर्न्या अर्थात् यस्ता कृपालु [पेशलः] गजेन्द्रका रक्षाका निम्ति हतपत्ले यत्र तत्र भयाकाछन माला भूषण इत्यादि जस्का यस्ता भैकन पनि सुन्दर कान्ति भयाका [दक्षः] गजका रक्षाका निम्ति चाडै दौडि आउन्या [दक्षिणः] प्रपन्न गजेंद्रका प्रीतिका गोचर [क्षमिणांवरः] गजेंद्रका दर्शनले सावधान भयाको छ चित्त जस्को विद्त्तमः आपना हातको पर्श गरी गजेन्द्र

तिहा पुण्यो दुःस्वप्ननाशनः ॥६७॥ वीरहा रक्षणः संतो जीवनः पर्यवस्थितः ॥ अनंत रूपोऽनंतश्रीजितमन्युभयापहः ॥ ६८ ॥ चतुरस्रो

का पीडालाई दूर गर्न्या [वीतभय] जससँग भेट् हुनाले गजेंद्रको भय दूर भयाकोछ [पुण्य श्रवण कितनः) पवित्रछ श्रवण कीर्तन जस्को ॥ ६७ ॥ [उत्तारणः] तलाउ देखि गजेन्द्र लाई बाहिर निकाल्ने [दुष्कृतिहा] जलमा रह्याको ग्राह लाई मार्ने [पुण्यः] गजेन्द्र को रक्षारूपि कीर्ति गरी हामि हरूलाई पनि पवित्रगर्न्या [दुःस्वप्ननाशनः] भगवान् गजेन्द्र सरोवर ई स्मरण गर्न्या पुरुष लाई हुन्या अनिष्ट का सूचक दुःस्वप्न लाई नाश गर्न्या [वीरहा] शरणागत गजेन्द्र लाई लाई दुख पाश देखि छुटाई गजेन्द्र का मृत्यु लाई नाशगर्न्या (रक्षणः) कर स्पर्श आलिङ्गन् शान्ति बचन् इत्यादि ले गजको रक्षा गर्न्या [सन्तः] आफना आश्रित् पुरुष हरूको बिस्तार गर्न्या [जीवनः] आपना हात् देखि मरेको ग्राहलाई गन्धर्व रूप जीवनदान गर्न्या अर्थात् गन्धर्व योनि दिन्या (पर्यवस्थितः) आफना वात्स-

गभीरात्मा विदिशो व्यादिशो दिशः॥ अनादिर्भूर्भुवोलक्ष्मीः सुवीरो रुचिरांगदः॥९९॥ जननोजन जन्मादिर्भीमो भीमपराक्रमः॥ आधार-

लय स्वभाव ले गजेन्द्र का चारों तरफ स्थिति गर्न्या ॥ ६८ ॥ [अनन्तरूपः] भक्त का रक्षा का निम्ती अनन्त छन् दिव्य स्वरूप जस्का [अनन्त श्रीः] शरणागत पुरुष का निम्ति आफ्नु प्राप्ति पर्यन्त अनन्त श्री लाई दिन्या [जितमन्युः] गजेन्द्र का द्वेषि जो जलवासी किटादिक् उन्का उपर क्रोध लाइ जित न्या [भयापहः] आफ्ना वात्सल्य ले हामि हरूको भयनिवारण गर्न्या [चतुरस्रः] आश्रित हरूका निमित्त उपकारी हुन्या [गभीरात्मा] ब्रह्मादेखि लीयेर देवता का पनी अप्रधृष्य निग्रह गर्नामा अशक्य गाम्भीर्य छ जस्को [विदिशः) विनय पूर्वक गद्गद बाणीले स्तुति गर्न्या देवता लाई दूर छ देश स्थान जस्को [व्यादिशः] ब्रह्मादिका अभिमत् तत्तत् पदलाई रचन्या (दिशः) ब्रह्मादी देवतालाई आफ्नु अंतरङ्ग नगरी गजेन्द्र का समान

निलयो धाता पुष्पहासः प्रजागरः ॥१००॥ऊर्ध्वगः सत्पथाचारः प्राणदः

सम्पूर्ण इतरकार्य मा लगाउन्या ॥९९॥ (अनादिः] तिर्यक सानु योनिमा प्राप्त भयाका भक्तका आधीन भै पनी ब्रह्मादिलाई तुच्छ फल दिन्या (भूर्भुवः] आत्मलाभ हुन्यापुरुषका स्थान् आपहि छन् [लक्ष्मीः] आत्म लाभ हुन्या पुरुषका समरूप [सुवीरः] आत्मलाभको प्राप्ति भयाका पुरुषलाई नरक पतन् दूर गर्न्या [रुचि-राङ्गदः] प्रपन्न पुरुष का निमित्त आफ्नु अनुभ यो ग्यअति मनोहर अङ्ग दिन्या [जननः] आफ्ना अनु-भव मा समर्थ इंद्रिय युक्त अन्य पुरुषलाई पनि उत्पन्न गर्या [जनजन्मादिः] पूर्वोक्त जनका कारण (भीमः) आफ्ना अनुग्रग विभूति चैतन लाई संसार दिन्या [भीमपराक्रमः) हिरण्याक्ष आदि दैत्य लाई सम्हार गर्दामा भयानक पराक्रम भयाका ॥ १०० ॥ [आधार निलयः] जगत्का आधार धार्मिक ध्रुव इत्यादि महापुरूष हरूका स्थान भूत [धाता) धर्मका आचार्य (पुष्पहासः] सायं काल मा पुष्प का समान् ब उल्लास जस्को (प्रजागरः) जस्तै खेतिको रक्षा गर्न

प्रणवः पणः ॥ प्रमाणं प्राणनिलयः प्राणभृत् प्राणजीवनः ॥१॥ तत्त्वं तत्त्वविदेकात्मा जन्ममृत्युजरातिगः॥

मा किसान हरु रात्दीन तन मनदि उसै मा ध्यान दिन्छन् उस्तै प्रजा को रक्षा गर्नामा तत्पर रहन्या [उर्ध्वगः] स्वभाव ले बडा [सत्पथाचारः] स्वाभाविक आफना दास्य कर्ममा भक्त का मन् गराउन्या [प्राणदः] स्त्री इत्यादि मा आशक्त भै नष्ट स्वरुप पुरुष लाई आफना कृपाले स्वरुपका उज्जीवन गराउन्या [प्रणवः] आफना चरणारबिन्द मा भक्त हरु वाट नमस्कार गराउन्या भक्त का संग स्वामी र दाश्यभाव को विनय पूर्वक अदला बदला गरोउन्या ॥१०१॥ [प्रमाणम्] संशय भ्रमरहित वेद रहस्य जान्ने [प्राणनिलयः] जस्तै पक्षीगण गृहमा लिन् हुन्छन् तस्तै जीवगण जस्मा लिन् हुन्छन् [प्राणभृत] आमाका झैं भक्त हरूलाई पालन् गर्न्या [प्राण जीवन] अन्न पानिझैं प्राणी हरूलाई आफना भक्तो ले जीयाउन्या- [तत्वम्] जगत्मा परमार्थ भयाका [तत्ववित्] आपना तत्वलाई जान्ने [येकात्मा] संपूर्ण जगत् का

भूर्भुवः स्वस्तरुस्तारः सपिता प्रपि-
तामहः ॥२॥ यज्ञो यज्ञपतिर्यज्वा
यज्ञांगो यज्ञवाहनः ॥ यज्ञभृद्यज्ञकृद्यज्ञी
यज्ञभुग्यज्ञसाधनः ॥ ३ ॥ यज्ञ तक्रृ-
द्यज्ञगुह्यमन्न मन्नाद एव च ॥ आत्म-

येक आफै स्वामी [जन्म मृत्यु जरातिगः] चित्
अचित् वर्ग को जन्म मरण जरा इन्लाई उल्लंघन
गर्न्या ॥१०२॥ [भूर्भुवःस्वस्तरुः] जस्तै बाटो हिड्न्या
प्राणी को वृक्ष आश्रय हुन्छ तस्तै तीनै लोक् का
आश्रय भूत् [तारः] आश्रित पुरुषलाई सन्सार देखि-
पार गर्न्या [सविता) सम्पूर्ण जगत्का साक्षात् उत्पन्न
गर्न्या [प्रपिमामहः] तयाम् ब्रह्माण्ड भरका वाजे
[यज्ञ] जपयज्ञ स्स्रूप [यज्ञपतिः) यज्ञको फल
दिन्या [यज्वा] वर्णाश्रमउचित् धर्मानुष्ठान् मा आशक्त
भया का जनलाई कर्म स्वयम् दिन्या [यज्ञाङ्ग]
समर्थ पुरूष हरूको अनुष्ठित् यज्ञ जस्को शेषयज्ञ छ
[यज्ञवाहनः] श्रद्धाभक्ति आदि लियेर यज्ञ गराउन्या
॥ १०३ ॥ [यज्ञभृत] सांगोपांगो रहित यज्ञलाई पनी

योनिः स्वयंजातो वैखानः सामगा-
यनः॥४॥ देवकीनंदनः स्रष्टा क्षितीशः
पापनाशनः ॥ शंखभृन्नंदकीचक्री

आफ्नु स्मरण गरी पूर्णाहुती गर्दा यज्ञलाई पूर्ण गराउन्या [यज्ञकृत्] जगत्का हितका निमित्त प्रथम यज्ञलाई रचन्या [यज्ञी] सम्पूर्ण यज्ञका स्वामी [यज्ञभुक] यज्ञलाई स्वयं भोगन्या और भक्त लाई भोगाउन्या [यज्ञ साधनः] ज्ञानद्वारा सिद्धिका उपाय [यज्ञान्तकृत्] यज्ञलाई निर्विघ्न समाप्ति गराउन्या [यज्ञगुह्यम्) यज्ञमा गुह्य [अन्नम्] भोगको अनुभव गर्ना मा शक्ति छ जस्को उन्का अनुभवका गोचर [अन्नादः) भक्तको भोगानुभव गर्ना ॥१०४॥ [आत्मयोनिः] भक्तका आत्माका साथ सुख भोग दिन्या [स्वयंजात] स्वयउत्पन्न हुन्या [वैखानः] सन्सार दुखका समूहनाश गर्न्या [सामगायनः] आत्म प्राप्ति अमृत् पानगरी सामगान गर्न्याछन् मुक्त जनहरू जस्का [देवकीनन्दनः] आफ्ना परम स्वरूपमा स्थित भयाकीदेवकी का उदरमा पुत्रभावले उतपन्नहुन्या (स्रष्टा] परम स्वरूपमा स्थित भयेर पनी विश्वलाई रचन्या [क्षितीशः]

शार्ङ्गधन्वा गदाधरः ॥८॥ रथांग-पाणिरक्षोभ्यः सर्वप्रहरणायुधः ॥ सर्वप्रहरणायुध ओंनम इति ॥१०६॥

भूभार क्लेशदूर गर्नामा पृथ्वि का ईश [पापनाशनः] दधि रनउनी को जो चोरि गरनु भो रास क्रिडा गरनु भो यसै को कथा रूपि अमृत् सोहि अमृतपान गरि शरण पर्न्या पुरुष लाई पाप नाश गरी बैकुण्ठ दीला उन्या ॥ १०५॥ (शंखभृत्] परम् ऐश्वर्यंका चिह्न भयाको यस्तो पाञ्चजन्य शंखलाई धारण गर्न्या [चक्री] राक्षस आदि दुष्ट लाई नाश गर्न्या यस्ता सुदर्शनचक्र लाई धारण गर्न्या (शार्ङ्ग धन्वा] शार्ङ्ग-नामक धनुष्य धारण गर्न्या [गदाधरः) कौमोदकी नामक् गदालाई धारण गर्न्या [रथाङ्गपाणिः] यथो-चित निरन्तर उद्यत् चक्रलाई हातमा धारण गर्न्या [अक्षोभ्यः] शरणागत् पुरूष को अभय दान् का दृढ़-ताले आफ्नु महिमा गरी क्षोभ रहित [सर्वप्रहरणायुधः] १००० शरणागत पुरूष को सम्पूर्ण अनिष्ट लाई समुल-नाशगर्न्या असंख्य आयुध [हतियार] धारण गर्न्या ॥ १०६ ॥ इति नामावली ॥ एति शब्द भगवान् का

इतीदं कीर्तनीयस्य केशवस्य महा-
त्मनः ।। नाम्नां सहस्रं दिव्यानाम-
शेषेण प्रकीर्तितम् ॥१॥ य इदं
शृणुयान्नित्यं यश्चापि परिकीर्तयेत् ॥
नाशुभंप्राप्नुयात्किंचित्सोऽमुत्रेह च-
मानवः ॥२॥ वेदांतगोब्राह्मणः स्या-
त्क्षत्रियो विजयीभवेत् वैश्योधनस-
मृद्धःस्याच्छूद्रःसुखमवाप्नुयात् ।३-
धर्मार्थी प्राप्नुयाद्धर्ममर्थार्थी चार्थमा।

